जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

Agriculture Journal

मासिक

कृषि जर्नल २०७९ जेठ (krishijournal–2022, (May-June)

## मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्बन्धी वस्तुस्थितिको अध्ययन प्रतिवेदन २०७९

## बढी विश्वास गर्दा हडपे जमीन

## Our planet is losing its biodiversity



दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अस्तित्वको आधार

# कृषि जर्नल
Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-१८, अङ्क ९६ जेठ २०७९

१. मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्बन्धी वस्तुस्थितिको अध्ययन प्रतिवेदन २०७९ ३-१३
२. आफ्नो उत्पादन बेच्न लजाउँछौं हामी १४
बढी विश्वास गर्दा हडपे अवाले परिवारको जमीन २०
३. राष्ट्रिय दूध विकास बोर्डले ३१ औं स्थापना दिवस २३
४. वास्तविक भूमिहीनले भूमि पाउने निश्चित गरेको : मन्त्री श्रेष्ठ २५
***5. Armenia: Solar power from WFP fires up trade for women baker 26***
***6. Five ways climate change is intensifying the threats to plant health 27***
***7. Seed biodiversity is life of our insurance 29***
***8. In El Salvador, sustainable school feeding programmes improve eating habits 30***
***9. Local food for healthy locals A culinary competition 32***
***10. IFAD Regional Director of Asia and the Pacific visits Bangladesh 33***
***11. Our planet is losing its biodiversity 34***
***12. WFP renews call to open Black Sea ports 35***





व्यक्तिगत मूल्य रु. ५०/-
संस्थागत मूल्य रु. १००/-

**प्रकाशक** : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार** : कृष्ण कोपिला, डा.गिरीराजमणी त्रिपाठी, छविन्द्रराज कँडेल, **प्रधान सम्पादक** : धनबहादुर मगर
**मुख्य कार्यालय** : बागबजार २८, कलंकी १४, **फिल्ड कार्यालय** : टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
**फोन** : ०१४२८८७४३, **मोवाईल नं.** ९८४१४४५७५३, **मुद्रण** : प्रिन्ट स्काई, भुरुखेंल, काठमाडौं
**Online** : www.krishijournal.com.np, **इमेल** : krishijournal@yahoo.com

# नेपालमा भूमिको गलत नीतिले सामाजिक द्वन्द्व निम्तियो

सम्पादकीय



भूमि उपयोग साधान मात्र हो । साध्य होइन । नेपालमा भूमि व्यवस्था धेरै लामा समय भएको छैन । राणाकाल अधि स्वभावैले भूमिको त्यस्तो ठूलो समस्या थिएन । २००७ साल पछि भूमिको समस्या टाउको दुखाईको विषय बन्दै आएको छ । भूमि प्राकृतिक साधान हो । प्राकृतिक न्यायको सिद्धान्त अनुसार भूमिको कसैको होइन । सम्पूण चराचर प्राणीको हो । तर पनि परापूर्वकालको भूमि उपयोगको विधि प्रक्रिया फरक थियो । तर पनि भूमिको कारण हजारौं लडाईहरु हुँदै आए । भूमि वितरण प्रणाली सबभन्दा दोषी मानिन्छ । अब भूमिलाई राज्यको नियन्त्रण भित्र राख्नु पर्ने अवस्था आएको हुन सक्छ भन्ने विज्ञहरुको विचार आउन थालेको छ । र यसका लागि यही बेला उपयुक्त माध्यमबाट राष्ट्रियकरण गरि उपभोगको माध्यम बनाउनु जरुरी छ ।

भूमिको कारण नेपाली जनतामा अनावश्यक रुपमा लडाई झैं(झगडा माध्यम बनेको छ । राज्यले आफ्नो मातहतमा राखेर भूउपयोग गर्ने नीति बनाउनु पर्छ । भू-उपयोग गरेवापत जनताबाट कर उठाउनु आफ्नो ठाउँमा रहेपनि यसको लाभ जनताले लिन सकेको छैन् । भूमिलाई माध्यम बनाएर हुनेखाने र शक्ति सम्पन्न व्यक्तिहरुबाट जताततै अन्याय भइरहेको छ ।

नेपाली समाजमा सामाजिक विखण्डन ल्याउने किसिमले भूमि उपयोग हुँदा सामाजिक द्वन्द्व निम्तिएको छ । व्यक्तिको अधिकारको भित्र राखेर व्यक्तिगत रुपमा कसैलाई फाइदा भएको होला तर समग्रमा आम जनताको राज्यको लागि फाइदा छैन । भूमि व्यवस्थापनको कुरा जटिल भएपनि राज्य नियन्त्रित नै हुनुपर्छ । भन्दा अर्को अर्थमा भन्नु पर्दा भूमि उपयोग गर्ने मात्रै हो । त्यसको एउटा पात्र काठमाडौं वासिन्दा गणेश अवाले हुन् । उनी सोझा, मिलनसार, कसैलाई हानी नपुऱ्याउने सकारात्मक सोँच राख्ने व्यक्ति हुन् । सोझा मानिसहरु कसरी परिवन्दमा पारिन्छन् र परिन्छ भन्ने कुरा यो कुनै गाउँघरको कथा होइन्, कमजोर आर्थिक अवस्था, सोझोपनको फाइदा कसरी अरुले लिन सफल हुन्छन् भन्ने कुरा शहरको काठमाडौं शहरकै हो, कुनै दूरदराजका जनताको होइन यो त मीन भवन बानेश्वर राजधानीवासी राजधानीको मुटुमै बसोवास गर्ने अवाले परिवारका हुन् ।

उनीहरु बस्ने ठाउँ मीन भवन क्याम्पसको पूर्वपट्टी नजिकै पर्दछन् । गणेश अवाले मीन भवन क्याम्पस, तत्कालीन कृषि क्याम्पस, हाल कमर्श क्याम्पसका कार्यालय सहाहक कर्मचारी हुन् ।

गणेश अवालेले आफ्नै नामको जमीन अरुको विश्वास गरेर जग्गा राजीनामा दिँदा आफ्नो जमीन अरुको हातमा पुग्दछ र अहिले फर्काउनु पर्छ भनेर संघर्ष गरिरहेको अवस्था छ । यो विषय हेदा एउटा भूमिलाई उपयोगी साधान बनाई पर्ने देखिन्छ । यो त प्रतिनिधि पात्र मात्र हुन् यस्तो घटनामा कैयौंले जानीनजानी पर्नु परेको छ । हिजो जनसंख्याको चाप कम थियो आज ह्वाट्टै बढेको अवस्था छ । भूमिको व्यवस्थापन मिलाउन नसक्दा जनसंख्याको अनुपातमा कृषि उत्पादन घटेको छ । उत्पादनको साधान अनुत्पादनको साधान बन्न पुगेको छ ।

हरेक दृष्टिकोणले हेर्दा सोझा मानिसहरु कहिले काँही नराम्ररी अरुको खेलमा फस्न पुग्छ । त्यस घटनाले अवालेलाई आफूबाट आफ्नो जग्गा गएको पत्तै पाउँदैन । अझै पनि आफ्नो जग्गा आफैसाग रहेको आभास हुनेगरि कागज माथि कागज गर्न पुग्छन् । उक्त जमीनको कागजजात कम्पनीबाट कम्पनीमार्फत विभिन्न बैंकहरुमा सार्दै पैसा निकालेर खान्छन् । यसरी वास्तविक जमीनवालाहरु भन्दा फाइदा अरुले नै बढी लिने गरेको पाइन्छ । बैकिङ्ग क्षेत्रमा तिनै व्यक्तिहरुको पहुँच, प्रशासनमा तिनै व्यक्ति व्यक्तिहरुको बोलवाला, हैसियत राख्दछन् भने सोझा व्यक्तिहरु नै यस्तो फन्दामा फस्छन् ।

जमीनको कारण मानिसहरु लोभीपापी भएका छन् । धेरै विवादहरु मध्ये भूमि एउटा प्रखुक विवादको केन्द्र भइदिएका छन् । भूमिको विवादको कारण राज्य राज्य विचको विवाद हुनु फरक विषय हो । तर एकै देशका जनताको विचमा हुने विवाद राज्यको कमीकमजोरीसँग जोडिन्छ ।

नेपालमा कृषि क्षेत्रको विकास र विस्तारलाई व्यक्तिगत रुपमा हुने विवादले पनि नराम्ररी असर पारेको छ । अनुपस्थित कृषि एक प्रकारको समस्या बनेको छ । भूमिलाई वैज्ञानिकमूखी वितरण प्रणालीमा लैजान सके मुलुकलाई भोकमरीबाट बचाउने साधानको रुपमा प्रयोग गर्न सकिन्छ । अन्य देशहरुमा भूमिलाई राज्यको मातहत राख्दा र त्यसलाई उपयोग गर्न दिँदा कृषिको माध्यमबाट धेरै फाइदा लिन सकेको देखिन्छ । भूमिलाई किनबेचको साधान बनाइदा निम्तिने द्वन्द्वको अन्त्य भएको देखिन्छ । अब विषय राज्यले खोज्नु पर्छ । पहिलो प्राथमिकतामा कृषि गर्ने किसानको लागि गरिनु पर्छ । राज्यले भूमि किनबेच गरेर उठ्न राजश्व भन्दा कृषि उत्पादन गरेर जनताको जीउ जनधनको रक्षा गर्नु पहिलो प्राथमिकतामा हुन आउँछ । भूमिको उचित व्यवस्थापन गर्न सकियो भने कृषिलाई अगाडि बढाउन सकिन्छ । देशमै उद्योग धन्दाको विकास हुन्छ । अरु देशबाट अन्न खरीद गर्नु पऱ्यो भने पैसा जति विदेशमा जान्छ । अहिलेको खाद्य सुरक्षाको विश्व बनेको छ । खाद्यान्नबाट सम्पन्न भयो भने व्यापार व्यवसाय पनि बढाउन सकिन्छ । अरु भनेको तपसिलको कुरा हुन आउँछ ।

अहिले भू(माफिया भन्ने चलन बढी चलेको छ । भूमिमाथि चलखेल गरेर भूमिको स्रोतहरु आफ्नै कब्जामा लिने र व्यक्तिगत फाइदाको लागि मूल्यमान्यताको विपरित सीमाहरु नाघेर गर्ने गरेको छ । न कि त्यसबाट जनतालाई फाइदा छ न राज्यलाई यसको न भूमाफियालाई । यसको मुख्य दोष भूमि व्यवस्थापन गर्न नसक्ने सम्बन्धित निकायलाई पर्न जान्छ । नेपाली जनतालाई निरीह बनाउने कि सवल बनाउन भन्ने अर्थमा भूमिसँग धेरै विषयहरु जोडिन्छ । विना भेदभाव भूमि उपयोग गर्न सकियो भने भूमिको समस्या र आम जनताको समस्याहरु लगभग समाप्त हुन सक्दछ ।

# मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्बन्धी वस्तुस्थितिको अध्ययन प्रतिवेदन

*कमैया मुक्तिको घोषणाबाट सबै कमैयाहरू आफ्नो त्यस्तो पुर्ख्यौली ऋणको वन्धनबाट मुक्त भएका छन् जसको व्याजवापत उनीहरू कमैया हुन विवश भएका थिए । सानो टुक्रो जमीन वा बुकुरोवापत कमैया रहेका कमैयाहरू त्यसको लागि जमिन्दारप्रतिको निर्भरताबाट बाहिर आएका छन् । जमीन, बासयोग्य घर र जीविकायोग्य सीप, तालिम प्राप्त गर्ने कमैयाहरूमा उल्लेख्य परिवर्तन आएको देखिएको छ ।*



**कार्यकारी सारांश :**

नेपालमा प्रचलित कमैया, हलिया र हरवाचरवा प्रथा सामन्तवादी बँधुवा श्रमिक वा भूदास प्रथाकै एउटा रुप हो । स्थाान अनुसार यसको नाम र स्वरुप केही हदसम्म भिन्नाभिन्नै रहेको छ तापनि तिनको आधारभूत चरित्र र विशेषताहरू भने देशभरि एउटै खालका रहेका छन् । मुलतः आफ्नो अस्तित्व र जीविकाको लागि जमिन्दारको ऋण, जमीन तथा खाद्यान्नसित बाँधिएको अस्वतन्त्र बँधुवा कृषि श्रमिकलाई नै कमैया, हलिया, र हरवा भन्ने गरिन्छ । मध्य र पूर्वी तराईमा यसको नाम हरवा रह्यो भने मध्य र सुदूर तराईमा कमैया, अनि मध्य र सुदूर पश्चिम पहाडी क्षेत्रमा हलिया ।

वि.सं.२०४६ सालपछि उपलब्ध राजनीतिक स्वतन्त्रतालाई उपयोग गर्दै सरोकारवाला समुदायले सशक्त आन्दोलन छेडेपछि त्यसैको दबावमा २०५७ श्रावण २ गते गरेको कमैया मुक्तिको घोषणा भएको थियो । ठिक त्यस्तै, २०६२/६३ पछिको उथलपुथलकारी राजनीतिक परिवर्तन पछिको अन्तरीम संविधानले प्रदान गरेको व्यापक हक र स्वतन्त्रतालाई प्रयोग गर्दै हलिया प्रथाका विरुद्ध सम्बन्धित समुदायको थेगि नसक्नुको आन्दोलन चलाएपश्चात् सरकारले २०६५ भाद्र २१ गतेको हलिया मुक्तिको घोषणा र वि.सं.२०७० श्रावण ३ गते कम्लहरीको मुक्तिको घोषणा गरेको जगजाहेर छ । यी नेपालमा बँधुवा श्रमिकको मुक्तिको लागि ऐतिहासिक कदम थिए । परन्तु उस्तै प्रकृतिको मध्य र पूर्वी तराईको हरवाचरवाको मुक्ति घोषणा गर्ने मामिलामा भने कुनै कदम नचालिनु ठूलो भूल थियो ।



मुक्तिको घोषणापछि पुनर्स्थापना प्रक्रियामा जुन(जुन समुदायले अपेक्षित किसिमको जमीन, घर, वैकल्पिक रोजगारीका लागि सीप, तालिम प्राप्त गरे उनीहरूको जीवनमा उल्लेख्य परिवर्तन देखापऱ्यो । उनीहरू बँधुवा श्रमिकबाट आफ्नो श्रम मन लागेको ठाउँमा बेच्नसक्ने स्वतन्त्र सीपयुक्त श्रमिकमा रुपान्तरित भए । परन्तु दोषपूर्ण, हचुवा र अत्यन्त लामो पुनर्स्थापना प्रक्रियाका कारण छुट कमैया, हलिया, र कम्लहरी निकै ठूलो संख्यामा रहेको र वर्गीकरण समेत त्रुटिपूर्ण रहेको, कतिपयलाई दिइएको सीप, तालिम, बीउ पूँजी र आवश्यक औजारको अभावमा उत्तिकै खेर गएको, कतिपयलाई खोला बगर जस्तो अनुपयुक्त स्थानमा जग्गा दिइएको, कतिपयलाई रित्तो लालपुर्जा मात्र दिइएको तर जमीन कुन हो यकीन नभएको र कतिपय हलिया वस्ती आवश्यक पूर्वाधार विना दोषपूर्ण ढंगले निर्मित हुँदा त्यहाँ बस्ने हलिया नै नरहेको गुनासो सरोकारवाला पीडित पक्षबाट भूमिव्यवस्था मन्त्रालयलाई बारम्वार आइरह्यो ।

यही परिप्रेक्ष्यमा भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयमा नयाँ मन्त्रीका रुपमा माननीय शशी श्रेष्ठ आएपछि विगतमा हासिल हुन सकेका प्रगति र उपलब्धीहरूमाथि टेकेर, पुनर्स्थापनाका क्रममा हुन गएका गल्ती कमजोरी सच्याउँदै मुक्त कमैया, कम्लहरी र हलियाको पुनर्स्थापनाको कार्यलाई पूर्णतातर्फ लैजानुपर्छ, विगतमा हुनै नसकेको हरवाचरवाको अर्थपूर्ण मुक्तिको समेत घोषणा गरिनुपर्छ र यसको लागि सबैभन्दा पहिले अहिलेको ती समुदायको यथार्थ वस्तुस्थिति तथा जीवनस्थितिको अध्ययन गरिनु पर्छ । उहाँको व्यक्तिगत मनसाय तथा सरोकारवाला संस्थाहरू समेतको रायअनुसार मिति २०७८/०८/१७ को मन्त्रीस्तरीय निर्णय अनुसार ती विषयका ज्ञाता, नागरिक आन्दोलनका अगुवा एवम् पूर्व सविधानसभा सदस्य श्याम श्रेष्ठको अगुवाईमा पाँच सदस्यीय अध्ययन समितिको गठन भएको हो ।

अध्ययन समितिले आफ्नो कार्य पुस ६, २०७८ मा प्रारम्भ गरेको हो । समितिले आफ्नो कार्य प्रारम्भ गरेयताको १७ दिन मुक्त कमैया, कम्लहरी र हलिया र हरवाचरवाकोसँग सम्बन्धित सन्दर्भ सामग्री, तथ्याङ्क र दस्तावेज जम्मा गर्ने र तिनीहरू बारे गहन अध्ययन र छलफल गर्ने कार्य सम्पन्न गरेर व्यतीत गरेको थियो । यही अवधिमा समितिले मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको बारे राम्रो ज्ञान भएका, यस बारे अध्ययन अनुसन्धान गरेका र यस क्षेत्रमा अहिले पनि काम गरिरहेका स्रोत व्यक्तिहरू तथा

सरोकारवाला संस्थाका प्रतिनिधिलाई भेट्ने, छलफल गर्ने र उहाँहरूबाट आवश्यक सूचना, अनुभव र ज्ञान प्राप्त गर्ने कार्य पनि साथसाथै सम्पन्न गरेको थियो र फिल्ड भ्रमणको विस्तृत कार्ययोजना पनि तैयार पारेको थियो ।

त्यसयता अध्ययन समितिले पुस २४ गतेदेखि फिल्ड भ्रमणको कार्य प्रारम्भ गर्दै २५ दिन फिल्ड भ्रमणमा खर्च गरेको थियो । यस अवधिमा फिल्डमा जम्मा ७० वटा अत्यन्त महत्वपूर्ण कार्यक्रम सम्पन्न गरिएका थिए । समितिले फिल्ड भ्रमणका क्रममा कमैया, कम्लहरी, हलिया र हरवाचरवा समुदायसित ३२ वटा प्रत्यक्ष सामुदायिक तथा व्यक्तिगत छलफल गरेको थियो भने १२ वटामा सरोकारवाला व्यक्ति र संस्थाहरूसित छलफल गरिएका थिए । फिल्ड भ्रमणको क्रममा गोष्ठी र सेमिनार जस्ता कुनै पनि कार्यक्रमको सट्टामा पीडित समुदायको वस्तीमै पुग्ने, उनीहरूसित प्रत्यक्ष सामुदायिक तथा व्यक्तिगत सम्वाद गर्ने र घरघर भित्र गएर उनीहरूका समस्या उनीहरूकै मुखबाट सुन्ने र उनीहरू जीवनस्थितिलाई आफ्नै आँखाले हेर्ने कार्यलाई मुख्य प्राथमिकता दिइएको थियो ।

कुल ७० कार्यक्रममध्ये २ वटा कार्यक्रम यस्ता थिए जसमा संघ तहका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका मन्त्री माननीय शशी श्रेष्ठ स्वयम् अध्ययन समितिसित फिल्ड भ्रमणमा प्रत्यक्ष रुपमा आफै सरिक हुनु भएको थियो । त्यो परिघटना मधेश प्रदेशको सिराहा जिल्लाको बरियारपट्टी र सुदूर पश्चिम प्रदेश, कञ्चनपुर जिल्लाको पुनर्वासमा भएको थियो । त्यस्तै, ३ वटा कार्यक्रम यस्ता थिए जसमा अध्ययन समितिले ३ वटा प्रदेश( क्रमशः लुम्बिनी, सुदूर पश्चिम र कर्णाली प्रदेशका मुख्य मन्त्री क्रमशः कुलबहादुर केसी, त्रिलोचन ढकाल र जीवनबहादुर शाहीसित अध्ययन समिति फिल्ड भ्रमणमा आउनुको मूल उद्देश्य र फिल्डमा गर्न खोजिएको कार्यक्रम बारे छलफल गरेको थियो । साथै, अध्ययन समितिको प्रतिवेदन आएपछि प्रदेशले यसको कार्यान्वयन गर्ने बारे मुख्यमन्त्रीबाट प्रतिवद्धता हासिल गरेको थियो । एउटा कार्यक्रम यस्तो थियो जहाँ सुदूर पश्चिम प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय बिनिता चौधरी आफै सरोकारवालासितको छलफलमा सहभागी हुनु भएको थियो । यो बर्दिया जिल्ला, भजनीको सिर्जना शिविरमा भएको थियो । अध्ययन समितिसित प्रदेश सरकारको आधिकारिक प्रतिनिधि लुम्बिनी प्रदेश, मधेश प्रदेश र सुदूर पश्चिम प्रदेशको फिल्ड भ्रमणमा भौतिक रुपमा उपस्थित रहेको थियो । अध्ययन समितिले ११ स्थानमा त्यहाँका स्थानीय तहका प्रमुख तथा वडाध्यक्षलाई प्रत्यक्ष रुपमा भेटेर यी समुदायको जीवनस्थिति, समस्या र त्यसको समाधान बारे छलफल गरेको थियो । यी जम्मै कुराले अध्ययन समितिको अध्ययन प्रक्रियालाई अरु ज्यादा भरपर्दो, यथार्थपरक र गरिमामय बनाएको थियो ।

समितिको २५ दिनको फिल्ड भ्रमणको समय कोरोना भाइरसको तेस्रो संक्रमण लक्षित क्षेत्रमा तीव्र रुपले फैलिनुको कारणले रोकिएको थियो भने झण्डै डेढ हप्ता मन्त्रालयको स्रोत साधनको सीमितताका कारण फिल्ड भ्रमण पर सार्नु परेको थियो । अन्ततः मन्त्रालयकै कुशल समन्वय र पहलमा लुम्बिनी प्रदेश सरकार, सुदूर पश्चिम प्रदेश सरकार तथा कर्णाली प्रदेश सरकारको व्यवस्थापकीय सहयोगमा ती क्षेत्रको फिल्ड भ्रमण सम्पन्न गरिएको थियो भने मधेश प्रदेशमा ह्याविटाय्ट फर ह्युम्यानिटी नाम गैर(सरकारी संस्थाको व्यवस्थापकीय सहयोगमा फिल्ड भ्रमण सम्पन्न गरिएको थियो ।

व्यक्तिको चौतर्फी चरम(गरिबी, बेरोजगारी, भूमि एवम् बासविहीनता, र अशिक्षा हरवाचरवा प्रथा, हलिया प्रथा र कमैया/कम्हलरी प्रथा पैदा हुने र टिक्ने मूल आधारभूमिका रुपमा देखिएको छ । यी प्रथालाई सदाको लागि समाप्त पार्ने हो भने सरकारले यही आधार भूमिलाई समाप्त पार्नु जरुरी देखिन्छ ।

बँधुवा श्रमिकलाई स्वतन्त्र श्रमिकमा रुपान्तरित गर्ने हो भने उनीहरूलाई चौतर्फी गरिबी र वेरोजगारीबाट मुक्त गरेर मन लागेको ठाउँमा जीविका धान्ने श्रम गर्न स्वतन्त्र र सक्षम बनाउनु सबैभन्दा निर्णायक कदम हुन सक्दछ । भूमिहीन किसानका रुपमा रहेका कमैया, हलिया वा हरवाचरवालाई बासयोग्य घर, खेतीयोग्य जमीन वा जीविकायोग्य सीप, तालिम, दिएर उनीहरूलाई व्यावसायिक/प्राविधिक शिक्षा र आधारभूत स्वास्थ्यसम्म अनि नीति निर्णय गर्ने ठाउँसम्म पहुँचको अवसर दिएर बँधुवा श्रमिक पैदा हुने र रहिरहने आधार भूमि भत्काउन अहिले र यहीँ सम्भव छ ।

**मुक्त कमैया सम्बन्धमा :**

मुख्य पत्तालगाइहरू

उपलब्धि र कार्य प्रगति : वि.सं.२०५७ साउन २ गते नेपाल सरकारले अनुचित ऋण (सौकी) मिनाहासहित कमैया मुक्तिको घोषणा गरेको थियो । त्यसको एक वर्षपछि कमैया श्रम निषेध ऐन २०५८ जारी गरिएको थियो । सो ऐन जारी भएपछि नेपालभर कुनै पनि भू(भागमा कमैयाको नामबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असहाय तथा अशिक्षित श्रमिकहरूलाई वाध्यकारी अथवा बाँधा श्रममा लगाउन पूर्ण रुपमा निषेध गरियो । कसैले काममा लगाएमा दण्डनीय हुने र स्वतः छूटकारा पाउने बनाइयो । कमैयामाथि लागि रहेको सबै ऋण तिर्नु बुझाउनु नपर्ने गरी मिनाहा गरियो र त्यस सम्बन्धी सबै कागजात, लिखत र सम्झौता पनि अमान्य र दण्डनीय घोषित गरियो ।

कमैया मुक्तिको घोषणाबाट सबै कमैयाहरू आफ्नो त्यस्तो पुर्ख्यौली ऋणको वन्धनबाट मुक्त भएका छन् जसको व्याजवापत उनीहरू कमैया हुन विवश भएका थिए । सानो टुक्रो जमीन वा बुकुरोवापत कमैया रहेका कमैयाहरू त्यसको लागि जमिन्दारप्रतिको निर्भरताबाट बाहिर आएका छन् । जमीन, बासयोग्य घर र जीविकायोग्य सीप, तालिम प्राप्त गर्ने कमैयाहरूमा उल्लेख्य परिवर्तन आएको देखिएको छ । उनीहरू कुनै न कुनै सीप गरेर खानसक्ने भएका छन् । अर्थात उनीहरू हिजोको बँधुवा श्रमिकबाट आज स्वतन्त्र सीपयुक्त श्रमिकमा रुपान्तरित भएको पाइएको छ । यसलाई नेपालमा बँधुवा श्रमिकको अन्त्यको दिशामा एउटा ऐतिहासिक फड्कोको रुपमा लिन सकिन्छ । मुक्तिको घोषणा पछि पुनर्स्थापनाको प्रयास स्वरुप कमैया परिवारलाई जुन पैमानामा जमीन र घर एवम् सीप, तालिम सरकारले प्रदान गऱ्यो त्यति यसअघि कहिल्यै प्रदान गरिएको थिएन ।

कमैयालाई क देखि घ सम्म चार वर्गमा वर्गीकरण गरिएको पाइएको छ । कमैयाको पछिल्लो लगतबाट पुनर्स्थापना गर्नु पर्ने भनेर क र ख वर्गको कमैया परिवार दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा गरी २७,५७० गणना गरिएका थिए । त्यसमध्ये क वर्गको १५,५७० र ख वर्गको १२,००० कमैया प्रमाणित भएको सरकारी लगतले देखाएको छ । यी दुबै मिलाउँदा २७,५७० हुने भए पनि २७,०२१ लाई मात्र जमीन र घर प्रदान गरिएको थियो ।

क' वर्गका मुक्त कमैयालाई सरकारले शहरी क्षेत्रमा १ का, राजमार्गसँग जोडिएको क्षेत्रमा २ का र ग्रामीण क्षेत्रमा भए बढीमा ५ का

जमीन उपलब्ध गराउने वा जग्गा उपलब्ध नभएको स्थितिमा बढीमा रु २ लाखसम्म नगद उपलब्ध गराउने निर्णय गरेको थियो । त्यस्तै, घर निर्माण खर्च वापत शुरुमा १० हजार र पछि गएर ५५ हजारका साथै काठका लागि शुरुमा ३५ क्युविक फिट काठ र पछि गएर त्यसको बदलामा रु १ लाख रुपैयाँ उपलब्ध गराउने व्यवस्था गरिएको थियो । 'ख' वर्गका मुक्त कमैयालाई पनि बसोबास तथा खेतीको लागि क वर्गकै सरह १ कादेखि बढीमा ५ का जमीन उपलब्ध गराउने व्यवस्था गरिएको थियो ।

पछिल्लो सरकारी आँकडा अनुसार २०७५/७६ सम्ममा कुल १९,५३१ जनालाई बिभिन्न सीपको तालिम प्रदान गरिएको थियो । सरकारले दिएको सीप, तालिममा अल्पकालीन सीप तालिमलाई मुख्य प्राथमिकता दिएको पाइएको छ । थोरै सीप, तालिम दीर्घकालीन पनि रहेका थिए । कमैयाहरूमा आफ्नो हक हितप्रतिको जागरण र राजनीतिक नेतृत्व क्षमता उल्लेख्य मात्रामा बढेको देखिएको छ । केही कमैया अगुवा अहिले प्रदेश उप(सभामुख भएका छन्, कोही संघीय तथा प्रदेश मन्त्री, कोही स्थानीय तहका जनप्रतिनिधि भने कोही आफ्नै थारु समुदायका बडघर वा भलमन्सा हुन सफल भएका छन् । कोही गैर(सरकारी संगठनका अगुवा भएका छन् ।

सीमा र दोषहरू : सरकारी तथ्याङ्कलाई आधार मान्दा २०७५/७६ सम्ममा ३२,५०९ कमैया परिवारले परिचयपत्र पाएकोमा क र ख वर्गका केवल ८४ प्रतिशत (२७,५७०) मात्र पुनर्स्थापनायोग्य ठहऱ्याइएका छन् । परिचय पत्र पाएकामध्ये ८३ प्रतिशत (अर्थात २७,०२१) कमैया परिवारले मात्र पुनर्स्थापना प्याकेज पाउन समर्थ भएका छन् । ग र घ वर्गका कमैया परिवारलाई त्यस समयमा पुनर्स्थापना गर्नुपर्ने सूचीमा सरकारले राखेको थिएन । यदि त्यही नै गर्नु थियो भने ग र घ मा कमैया वर्गीकरण गरिरहनुको औचित्य के ? यो प्रश्न कमैयाहरूले अध्ययन भ्रमणको दौरानमा यत्रतत्र उठाएका थिए ।

२०५७ साल साउनमा कमैया मुक्तिको घोषणा भएको पौने २ वर्षपछि बल्ल २०५८ साल फाल्गुनमा मात्र यससम्बन्धी ऐन जारी भएको थियो । यो यति समय लाग्ने विषय नै होइन । अझ त्यो भन्दा ज्यादा, ऐन जारी भएपछि तुरुन्त जारी हुनुपर्ने नियमावली बन्न नै पुरा दस वर्ष लागेको थियो जबकि यो १ वर्ष पनि लाग्ने कुरा होइन । यो बल्ल २०६८ सालमा मात्र जारी भएको थियो । त्यस्तै, मुक्त कमैयाको पुनर्स्थापन समस्या समाधान आयोगको गठन आदेश आउन पनि मुक्तिको घोषणापछि पुरै ८ वर्ष कुर्नु परेको थियो । यो २०६५ सालमा मात्र जारी भएको थियो । यी सबै चरम ढिलाई र मुक्तिको घोषणाको व्यावहारिक कार्यान्वयनप्रति सरकारी अनिच्छाका ज्वलन्त उदाहरण हुन् । यी सबै नियाल्दा यस्तो भान हुन्छ, नेपाली राजनीतिक नेतृत्व ठूला(ठूला कुराको घोषणामा मात्र ज्यादा अभिरुचि राख्दछ, तर त्यसको व्यावहारिक कार्यान्वयनमा त्यति सरोकार राख्दैन ।

पुनर्स्थापना प्याकेजको वितरणमा पनि त्यस्तै गडवडी भएको देखिन्छ । परिचय पत्र पाएर पनि ग र घ वर्गका १७ प्रतिशत कमैया परिवार (अर्थात ५,४८८ कमैया परिवार) पुनर्स्थापना प्याकेज पाउनबाट पुरै वञ्चित भएका देखिन्छन् । यो कमैया वञ्चितिकरणको निकै ठूलो अनुपात हो । किनकि यसबाट हरेक ६ मा १ कमैया पुनर्स्थापनाको अवसरबाट बाहिरिन्छ । उनीहरूलाई सीप, तालिम र घर मर्मत वा पुनर्निर्माण खर्च तथा शिक्षा, स्वास्थ्य तथा सामाजिक/राजनीतिक समावेशितामा पहुँचको सुविधा दिनु पर्दथ्यो । किनभने, ग वर्ग भनेको त्यस्तो वर्ग हो जसको बढीमा २ कासम्म मात्रै जग्गा हुने गर्दछ; अनि घ वर्ग भनेको २ का भन्दा ज्यादा जमीन भएको किसान हो । स्मरणीय छ, मुख्य शहरी क्षेत्रमा बाहेक यति जग्गा ग्रामीण तराईमा हुनु भनेको केवल गरिब किसान हुनु मात्रै हो । यतिले मध्यम किसान समेत भइँदैन । यही हुनाले ग र घ वर्गको गरिब कमैया किसानलाई कुनै पनि पुनर्स्थापनाको प्याकेज नदिनु नितान्त अनुचित नीति हो । गरिब किसानलाई बीउ पुँजी र औजारसहितको सीप, तालिम, घर पुनर्निर्माण खर्च तथा शिक्षाको अवसर दिएमा मात्र चरम गरिबीमा धकेलिनबाट बचाउन सकिन्छ ।

यति मात्र होइन, जमीन पाउनयोग्य ठहऱ्याइएका २७,५७० कमैया परिवारमध्ये केवल २५,१९५ (९१ प्रतिशत) ले मात्र जमीन हासिल गरेको पाइएको छ । यसको तात्पर्य सबै प्रमाण साथमा भएर पनि ९ प्रतिशत कमैया जमीन प्राप्त गर्नबाट वञ्चित हुन पुगेका छन् । अझ, परिचय पत्र पाउनयोग्य सबै निस्सा साथमा रहेका कमैया परिवारमध्ये ४,४६३ कमैया परिवारले पुनर्स्थापना कार्य थालिएको करिब डेढ दशक हुन लाग्दा पनि परिचय पत्र पाउनै बाँकी देखिएको छ ।

हामीले अध्ययन भ्रमण गरेका लुम्बिनी प्रदेश र सुदूरपश्चिमाञ्चल प्रदेशका सबै क्षेत्रमा वास्तविक रुपमै कमैया रहेका तर कमैयाको कुनै परिचय पत्र नपाएका र कमैया पुनर्स्थापनाको कुनै पनि सुविधाबाट वञ्चित छुट कमैयाहरू ठूलो संख्यामा रहेको पाइएको छ । कतै त वस्तीका वस्ती नै यस्तो समस्याबाट पीडित रहेको पाइएको छ । उदाहरणको लागि कैलालीको वसन्त टोल र गेटा, दाङको मुक्ति नगर ।

दाङ जिल्लाभरिमा छुट कमैयाको संख्या ३,३८५ छन् भन्ने मुक्त कमैया समाज दाङका जिल्ला अध्यक्ष हरिचन्द्र चौधरीले किटानीका साथ बताउँछन् । बाँकेमा जमीन पाउनबाट १० प्रतिशत वास्ततिक कमैया छुटमा परेका छन् भने विषय विज्ञ एकराज चौधरीको भनाई रहेको छ । बर्दियामा छुट  कमैया ५,५३० रहेको त्यहाँका कमैया समाजका जिल्ला अध्यक्ष दुःखराम थारुले बताएका छन् । कैलालीमा छुट  कमैयाको संख्या सरकारी तथ्याङ्क मुताविक ९५३ र शिविरमा सरकारले दिएको चुट्का र गाविसले दिएको सिफारिस सहित बसेका २५९४ रहेको मुक्त कमैया समस्या समाधान आयोगका पूर्व सदस्य दीपु चौधरीले समितिलाई बताएका छन् । यसप्रकार किटानी तथ्याङ्क नभएको बाँकेलाई छोड्दा पनि छुट कमैयाको संख्या १२ हजारभन्दा ज्यादा रहेको देखिएको छ । यो भनेको क देखि घ वर्गसम्मका सम्पुर्ण परिचय पत्र पाएका कमैयाको ३७ प्रतिशत हो जुन छुट कमैयाको ज्यादै ठूलो अनुपात हो । यो आँकडालाई हचुवा र निराधार पनि भन्न मिल्ने देखिएन किनकि यसको आधिकारिकताको प्रमाणका लागि छुट कमैयाले तात्कालीन भूमिसुधार कार्यालयले जारी गरेको चुट्का वा गाविसले गरेको प्रमाणिकरण पत्र साथमा लिएर बसेको उनीहरूको दाबी रहेको छ । उनीहरूलाई दिइएको चुट्का र गाविसले दिएको प्रमाण पत्रको केही नमूना अध्ययन समितिले हेर्ने अवसर पाएको छ ।

छुट कमैया यति धेरै हुनुको मुख्य दुईवटा कारण रहेको पाइएको छ । एक, कमैया मुक्तिको घोषणा र पुनर्स्थापनाको थालनीको समयमा सशस्त्र द्वन्द्व चुलीमा रहनुको कारण परिचय पत्र प्रदान गर्न खटाइएका कर्मचारीहरू कैयन् स्थानमा गाउँ वस्तीमा नै नआउनु, दुई, परिचय पत्र पाउनका लागि कमैया पहिचान गर्न सम्बन्धित जमिन्दारको सिफारिस अनिवार्य गराइनु तर कैयन् जमिन्दारले मोही

लाग्ला भन्ने भयले यस्तो सिफारिस गर्न नमान्नु। यस प्रकार कमैया छुट हुनुमा सम्बन्धित कमैया दोषी र जिम्मेवार देखिँदैन। अरुले गरेको भूलको दण्ड सजायँ मुक्त कमैयालाई दिन मिल्ने पनि देखिँदैन। यही हुनाले ढिलै भए पनि छुट कमैयालाई राज्यले न्याय दिनु आवश्यक देखिन्छ। वास्तविक कमैया ठहऱ्याउने आवश्यक तथ्य प्रमाण मिहिनसित केलाएर स्थानीय सरकारको प्रमाणिकरणमा सबै छुट कमैयालाई एक पटकको लागि परिचय पत्र र पुनर्स्थापनाको प्याकेज दिन आवश्यक देखिन्छ।

मुक्त कमैयालाई घरबासको लागि जमीन दिइँदा थोरै ठाउँमा मात्र कानुन, नियमावली र कार्यविधि बमोजिम ५ का, २ का र १ का जमीन दिइएको भेटिएको छ। जमीनको अभाव देखाउँदै दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चपुरका अधिकांश स्थानमा प्रचलित नियम कानुन विपरीत १६ धुर, १२ धुर र १० धुर मात्र पनि जमीन प्रदान गरिएको भेटिएको छ। जस्तो कोहलपुर नगरपालिकाको वडा नं ११, हरियाली टोलमा।

सर्वविद्धितै छ, यी स्थान मुक्त कमैयालाई दिनका लागि सार्वजनिक भूमिको अभाव भएका ठाउँहरू होइनन्। अहिलेसम्म कजाई आएको कमैयालाई पनि राम्रो र पर्याप्त भूमि किन दिने भन्ने संकीर्ण सोच र मानसिकताले मात्र जमीनको कृत्रिम अभाव सिर्जना हुन गए झैं देखिन्छ।

हामीले भ्रमण गरेका क्षेत्रमा कमैयालाई प्रदान गरिएको भूमि वितरणमा ठूलो बेथिति र लापरवाही रहेको अध्ययन समितिले भेटेको छ। क र ख वर्गको परिचय पत्र पाएका तर जमीन नै नपाएका, लालपूर्जा पाएका तर जमीन नपाएका, लालपुर्जा पाएका तर फिल्डबुकमा नचढाइएको कारणले त्यो कहाँ हो यकीन नभएका, बगर वा नदीको किनारमा जमीन पाएका, र आफ्नो जमीन अरुले ओगटेका, यही कारणले मुक्त कमैया र सुकुम्वासीबीच द्वन्द्व बढेका केसहरू फिल्डमा भेटिएको छ। हामीले त्यस्ता केसहरू दाङ, बाँके, बर्दिया र कैलालीमा पायौं।

बसोबासको प्रबन्ध राज्यबाट हुन नसकेकाले कैयन् स्थानमा छुट मुक्त कमैयाहरूले जंगल छेउको भूमि वा सार्वजनिक वा ऐलानी भूमिमा वस्ती वा शिविर बनाएर बसेको र 'आफै अमिन, आफ्नै जमिन' कार्यक्रम अन्तर्गत जमीन ओगटेको दावी गर्ने कमैयाहरू पनि भेट्टायौं। दाङको भवानी शिविर, बर्दियाको सिर्जना शिविर यसका उदाहरण हुन्। कोहलपुर नगरपालिकाको हरियाली टोल बजार क्षेत्रमा दिइएको जमीनमा वास्तविक कमैयालाई ललाई फकाई केही टाठावाठा मानिसले, प्रचलित कानुन अनुसार त्यसो गर्न कदापि नमिल्ने भए पनि, जमीनको केही मूल्य दिएर कमैयाले पाएको कोहलपुर बजार छेउको वहुमूल्य जग्गा आफूले लिएर कमैयालाई चाहीँ राप्तीपारि अरु नै स्थानमा पठाई सकिएको पाइएको छ।

मुक्त कम्लहरी सम्बन्धमा :

**मुख्य पत्ता लगाईहरू :**

२०७० सालमा मुक्त घोषणा यता लिएको सरकारी लगतअनुसार कुल मुक्त कम्लहरीहरू ९,४९० रहेका छन्। त्यसमध्ये ७,१३८ मुक्त कम्लहरीहरूले परिचय पत्र पाउन बाँकी छ। यसको तात्पर्य कुल कम्लहरीमध्ये ७५ प्रतिशत कम्लहरीले परिचय पत्र पाउन बाँकी रहेको छ। कम्लहरी मुक्त घोषणा गरेको आठ वर्ष भईसक्दा पनि यति धेरै कम्लहरीले परिचय पत्रसम्म प्राप्त गर्न नसक्नुलाई निकै ठूलो सरकारी उपेक्षाको द्योतक मान्न सकिन्छ। यो कमजोरीलाई अविलम्व हटाउन जरुरी छ। संघीय सरकारले स्थानीय तहलाई परिचालित र अधिकारसम्पन्न गरेर कम्लहरीलाई यथासम्भव छिटो परिचय पत्र दिन ढिला भईसकेको छ।

मुक्त कम्लहरी विकास मञ्च नामक गैरसरकारी संस्थाले संकलन गरेको ताजा आँकडाले भने यस बारे केही भिन्न चित्र प्रस्तुत गरेको छ। उसका अनुसार कुल मुक्त कम्लहरीको संख्या १२,७६९ रहेको छ। परिचय पत्र पाउन बाँकी कम्लहरीको संख्या ७,८३५ रहेको छ। यसको मतलब कुल कम्लहरीमध्ये ६१ प्रतिशतले परिचय पत्र पाउन बाँकी रहेको छ।

यसरी नियाल्दा सरकारी आँकडा अनुसार हरेक चारमा तिन कम्लहरीले परिचय पत्र हासिल गर्न सकेका छैनन् भने गैरसरकारी आँकडा अनुसार हरेक पाँचमा तीन कम्लहरीले।

सरकारी दर्ता प्रक्रियामै छुट मुक्त कम्लहरीहरू ३,२९६ जना रहेको उपरोक्त गैरसरकारी संस्थाको भनाई रहेको छ। यस प्रकार छुट कम्लहरीहरूको संख्या कुल कम्लहरी संख्याको ३५ प्रतिशत रहेको छ। हरेक तीनमा एक कम्लहरीको नाम सरकारी दर्ता सूचीबाट छुटेको छ।

यस्तो आँकडा सरकारी तथ्याङ्कमा भने भेटिएन तथापि हामीले अध्ययन भ्रमण गरेका लुम्बिनी प्रदेश र सुदूर पश्चिम प्रदेशका सबै जिल्लामा सबै कम्लहरी अगुवाहरूले एकै स्वरले छुट कम्लहरीको संख्या ३ हजारभन्दा ज्यादा रहेको बताएका थिए।

अध्ययन समितिले दाङस्थित लावाजुनी कम्लहरी छात्रावासको निरीक्षण गर्दा त्यहाँ डिप्लोमामा पढ्ने तीनजना कम्लहरीहरूको बिल्लीबाठको स्थिति भेट्टाएको छ। न त उनीहरूको कोही अभिभावक छन्, न उनीहरूसित पढ्न र क्याम्पसमा भर्ना हुन खर्च र न खाने बस्ने खर्च। उनीहरूको तत्काल उद्धार गर्नुपर्ने देखिएको छ। स्नातक तहलाई पनि छात्रवृत्तिको व्यवस्था सरकारी कार्यविधिमा देखिन्छ। तर फिल्डमा यो कसले दिने, प्रदेश कि स्थानीय सरकारले ? भन्ने नीतिगत अन्योलका कारण यी अभिभावकविहीन छात्राहरू शिक्षाको अवसरबाट वञ्चित भएका देखिन्छन्। प्रदेश सरकार यसमा तत्काल अग्रसर हुन आवश्यक छ।

मुक्त घोषणा भएको ८ वर्ष बितिसके पनि परिचय प्राप्त गरेका कम्लहरीले संघीय सरकारबाट अहिलेसम्म पुनर्स्थापनाको कुनै पनि प्याकेज भेट्टाएको पाइएन। स्थानीय सरकारबाट छात्रवृत्ति भने दिइएको पाइयो। कम्लहरी मुक्तिको काम गैरसरकारी संस्थाको हो भन्ने दोषपूर्ण दृष्टिकोण सरकारी निकायमा पाइयो.। अभिभावक कोही नभएको हरेक नागरिकको अन्तिम अभिभावक राज्य हुनुपर्नेमा कम्लहरीको हकमा त्यस्तो भएको पाइएन। छात्रावासमा रहेका सबै छात्राहरूलाई दिई आएको छात्रवृत्ति बारे अध्ययन गर्दा यो नितान्त अपुग पाइएको छ। उदाहरणका लागि, त्यहाँ उनीहरू १२ महिना रहन्छन् तर केवल १० महीनाको मात्र छात्रवृत्ति दिइन्छ। कक्षा १ देखि ८ सम्म अध्ययन गर्नेलाई वार्षिक केवल १५०० रुपैयाँ दिइन्छ जुन मासिकमा बदल्दा १२५ रु मात्र हुन्छ, कक्षा ९ र १० अध्ययन गर्नेलाई वार्षिक केवल १८०० रुपैयाँ (मासिक रु १५० मात्र दिइन्छ) र कक्षा ११ र १२ मा अध्ययन गर्नेलाई वार्षिक केवल रु ५००० रुपैयाँ छात्रवृत्ति दिइन्छ जुन मासिक रुपमा ४१७ रुपैयाँ हुन्छ। स्नातक तह अध्ययन गर्नेलाई वार्षिक रु १० हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरिन्छ जुन अहिले बन्द गरिएको छ। स्नातकोत्तर तहका छात्राको लागि त छात्रवृत्तिको कुनै रकम नै छुट्टयाइएको रहेनछ। छात्रवृत्तिको यो रकम अपुग मात्र होइन, मानवोचित नै छैन।

यौन हिँसाको शिकार भएर अहिलेसम्म २७ जना मुक्त कम्लहरी वेपत्ता भएका छन्। ११

जनाको बाबुको पहिचान नभएको बच्चा जन्मेको स्थिति रहेछ । ५ जना कम्लहरीको हत्या भएको छ । यिनका अभिभावकहरू राज्यबाट दोषीलाई सजायँ र पीडितलाई न्याय र क्षतिपूर्तिको प्रतीक्षामा रहेका छन् ।

मुक्त हलियाका सम्बन्धमा

**मुख्य पत्तालगाइहरू :**

उपलब्धी र कार्य प्रगति : सुदूरपश्चिम प्रदेश र कर्णालीका धेरै हलियाहरू बँधुवा मजदुरको सामन्ती अवस्थाबाट मुक्त भएको पाइएको छ । उनीहरूमध्ये कतिपय मुक्त हलियाहरू ज्यालादारी श्रमिकमा रुपान्तरित भएका छन् । मुक्तिको घोषणासहित पुनर्स्थापनाको प्याकेज प्राप्त गर्न सकेका हलियाहरूमा एक हदसम्म खुशी छाएको देखिएको छ । मुक्त हलियामध्ये कतिपयले घर बनाएको र कतिपय वैकल्पिक रोजगारीमा लागेको भेटिएको छ ।

हलियाहरूमा आफ्नो स्थिति, समस्या र मागप्रति सचेतनता बढ्दो स्थितिमा रहेको पाइएको छ । उनीहरूको संगठन पनि जिल्ला जिल्लासम्म विस्तारित रहेको पाइएको छ । यसबीच २०७४ सालको स्थानीय तहको निर्वाचनमा कोही पालिकाको हलिया वडा सदस्य चुनिन पुगेका छन् भने कोही वडाध्यक्ष पनि । त्योभन्दा माथिल्लो पदमा चुनिएका मुक्त हलिया भने हामीले अध्ययन भ्रमणको दौरानमा कोही पाएनौं ।

नेपाल सरकारसित उपलब्ध पछिल्लो आँकडाअनुसार शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट शुरुमा तथ्याङ्क संकलन गरिँदा १९,०५९ हलिया परिवारको तथ्याङ्क संकलन गरिएको थियो । तर दोहोरिएको नाम काट्दा १६,९५३ हलिया परिवारलाई हलिया भनेर सरकारले प्रमाणिकरण गरेको थियो । प्रमाणिकरणमा संशोधन गरेपछि हलिया परिवारको अन्तिम संख्या १६,३२२ रहन पुगेको थियो ।

यस क्रममा मुक्त हलियालाई प्रमाणीकरण गरी ४ वर्गमा वर्गीकरण गरी परिचयपत्र उपलब्ध गराइएको छ ।

क वर्गको, रातो स्टिकर भएको परिचय पत्र : आफ्नो स्वामित्वमा घर जग्गा दुबै नभएको (

ख वर्गको, खैरो स्टिकर भएको परिचय पत्र : आफ्नो घर भएको जग्गा नभएको(

ग वर्गको हरियो, स्टिकर भएको परिचय पत्र : आफ्नो जग्गा भएको घर नभएको(

घ वर्गको, सेतो स्टिकर भएको परिचय पत्र : आफ्नो स्वामित्वमा घर जग्गा दुबै भएको

कुल हलिया परिवारमध्ये १२ प्रतिशतले क वर्गको परिचय पत्र पाएका छन् भने २७ प्रतिशतले ख वर्गको । त्यस्तै ५ प्रतिशतले ग वर्गको परिचय पत्र भेट्टाएका थिए जबकि ५६ प्रतिशतले घ वर्गको । कमैयाको जस्तो ग वर्गको हलियालाई पुनर्स्थापनाको कुनै पनि प्याकेज नदिने कुरा हलियाको हकमा भएन । हलिया पुनःस्थापनको क्रममा सबै हलियालाई जग्गा उपलव्ध गराउन नसकिने अवस्था देखिएको हुँदा हलियाको वर्ग अनुसार मुक्त हलियालाई जग्गा खरिद तथा घर निर्माण गर्नका लागि नगद अनुदान दिने, आफै जग्गा मात्र खरिद गर्न अनुदानको रुपमा नगद रकम दिने वा घर मर्मत गर्नका लागि नगद अनुदान उपलब्ध गराउने जस्ता नीतिहरू पुनर्स्थापन कार्यविधि २०७२ मा अबलम्वन गरिएको देखिएको छ । हलियाको जग्गा खरिद तथा घर निर्माण वा मर्मतका लागि यस्तो व्यवस्था गरिएको पाइएको छ :

(क वर्गका हलिया परिवारलाई हिमाल र पहाडमा भए ३ रोपनी र तराईमा भए २ का जग्गा खरिद गर्न रु २ लाख नगद अनुदान उपलब्ध गराउने ।

(क र ग वर्गका हलिया परिवारलाई घर निर्माणको लागि हिमाल र पहाडमा भए रु ३ लाख २५ हजार र तराइमा भए रु २ लाख २५ हजार उपलब्ध गराउने ।

(ख र घ वर्गका हलिया परिवारलाई घर मर्मतका लागि रु १ लाख २५ हजार उपलब्ध गराउने ।

नेपाल सरकारको २०७६ बैशाखसम्मको आँकडा अनुसार पुनर्स्थापना कार्यक्रम लागु भएयता २२०३ हलिया परिवारको लागि घर निर्माण भएका छन् भने १६०१ हलिया परिवारका लागि जमीन खरीद गर्ने काम भएको छ र ८४२७ परिवारको लागि घर मर्मत गर्ने काम भएको छ । हलिया समुदायले यति धेरै घर र जमीन हात पारेको यो इतिहासमा पहिलो पटक हो ।

हलिया पुनर्स्थापनलाई अगाडि बढाउने संयन्त्रका रुपमा केन्द्रमा विषयगत मन्त्रीको अध्यक्षतामा सरोकारवाला सचिवहरू सम्मिलित १७ सदस्य रहेको 'मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति' गठन गरिएको देखिन्छ । साथसाथै, भूमि व्यवस्थापन महाशाखाका प्रमुखको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका प्रतिनिधि उपसचिवहरू सम्मिलित ९ सदस्यीय 'समन्वय समिति' को गठन भएको देखिएको छ । पुनर्स्थापन कार्यान्वयनका लागि जिल्लामा भने प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा १५ सदस्यीय 'मुक्त हलिया पुनःस्थापन जिल्ला समिति' को पनि गठन हुने व्यवस्था भएको पाइएको छ ।

सीमा र दोषहरू : २०६५ साल भाद्र २१ मा ऋणको खारेजीसहित हलिया मुक्तिको घोषणा गरेपछि 'मुक्त हलिया पुनर्स्थापन तथा अनुगमन सम्बन्धी कार्यविधि' तुरुन्तै आउनु पर्नेमा त्यस्तो हुन सकेको पाइएन । मुक्ति घोषणा भएको तीन वर्षपछि २०६८ सालमा मात्र यो आयो । यही कार्यविधि मुताविक संविधान सभा सदस्य तथा हलिया आन्दोलनका ज्ञाता हरि श्रीपाइलीको संयोजकत्वमा ७ सदस्यीय 'मुक्त हलिया पुनर्स्थापना तथा अनुगमन कार्यदल' गठन भएको थियो । हलियाको तथ्याङ्क संकलन, वर्गीकरण, प्रमाणिकरण र परिचय पत्र वितरण यही कार्यदलले गरेको थियो ।

त्यस्तै, मुक्तिको घोषणा भएको आधा दशकपछि, २०७०/१२/६ को नेपाल सरकारको निर्णयबाट 'मुक्त हलिया पुनःस्थापनको ढाँचा र कार्ययोजना २०७०' स्वीकृत गरी पुनःस्थापन कार्यक्रम सञ्चालनमा आएको पाइएको छ । यो सरकारको महत्वपूर्ण घोषणा छिटो छिटो गर्ने, कार्यान्वयन भने ज्यादै ढिलो गरी गर्ने प्रवृत्तिको उदाङ्गो उदाहरण हो ।

समितिको अध्ययन भ्रमणबाट थाहा भएको छ कि कैयन वस्तीमा गणकहरू पाइला टेक्न जाँदै नगईकन गाउँको चौतारामा बसेर हचुवामा हलियाको फाराम उत्तिकै भर्ने काम भएको बुझिएको छ । नतिजा यो भएको छ कि केही ठाउँमा जिल्लाका जिल्ला नै हलिया गणनाबाट वञ्चित भएको पाइएको छ । जस्तो, कर्णाली प्रदेशमा दैलेख, मुगु, सल्यानमा । कहिँ वस्तीका वस्ती र कहिँ गाविसका गाविस नै हलिया गणनामा छुटेको पाइएको छ । अध्ययन समितिलाई प्राप्त सूचना अनुसार जाजरकोटको कट्टी गाउँ, बैतडीको न्वाली गाउँ, डडेलधुराको असीग्राम भेटा वस्ती र टाटर, दार्चुलाको उकु वस्ती, बाजुराका २७ गाविसमध्ये १६ वटा गाविस, ७५ गाविस भएको अछाम जिल्लाको ९ बाहेक बाँकी सबै गाविस हलिया गणनाबाट छुटेका छन् । बैतडीका ढुंगाढ, थलगाढ, सिगास, चौखाम, शिवालिङ्ग, रिंगटा, आमचौरा, शिवनाथ, विसालपुर, महाकाली, रौलेश्वर विजमपुर लगायतका १५ वटा गाविसमा हलिया भएको भए पनि हलिया छैन भनेर सचिवले हचुवाको प्रतिवेदन बुझाएकोले ती सबै हलिया गणनाबाट पुरापुर छुटेका छन् ।

भन्ने हलियासँग सम्वद्ध संस्थाहरूको भनाई रहेको छ ।

छुट हलियाको ज्यादै ठूलो संख्या र अनुपात हलिया पुनर्स्थापनाको ठूलो दोषका रुपमा देखिएको छ । छुट हलिया निकै धेरै हुनुमा निम्न कारण मुख्य रुपमा जिम्मेवार देखिन्छन् :

(क) केन्द्रमा कार्यदलद्वारा र जिल्लामा प्रजिअद्वारा सुस्पष्ट कार्यविधि, राम्रो अभिमुखीकरण तालिम र कडिकडाउ अनुगमनको व्यवस्थाका साथ गणकहरूलाई हलियाको लगत लिन वस्तीमा नपठाउनु, आएको लगतको राम्ररी छानविन नगर्नु,

(ख) कैयन् गणकहरूले वस्तीमै नगईकन हचुवामा हलियाको लगत लिने फाराम भर्नु ; गाविस सचिवले विना सोधखोज र निरीक्षण जस्तो लगत ल्याए पनि त्यसलाई आँखा चिम्लेर मान्यता दिनु

(ग) तात्कालीन राजनीतिक दल वा त्यसको संयन्त्रले निहित स्वार्थवश आफ्नो गाउँ वस्तीमा हलिया भएर पनि हलिया नै नभएको सिफारिस गर्नु,

(घ) मोहियानी हक लाग्ने भयले हलिया मालिकले लगत संकलनमा हलियाको नाम नलेखाउन हलियाहरूलाई दबाव दिनु र कैयन् हलियाहरू यही दबावको प्रभावमा पर्नु,

(ङ) माथिका सबै प्रतिकूलताहरूको प्रतिवाद गरेर हलिया गणनामा वास्तविक हलियाहरूको नाम लेखाइ छोड्न हलिया सम्वद्ध संगठनहरू आवश्यक मात्रामा सक्रिय र प्रभावकारी हुन नसक्नु,

यी सबै प्रतिकूलताका बाबजुद प्रमाणिकरण भएका र लगत कायम भएका सबै हलिया परिवारले समेत परिचय पत्र हासिल गर्न सकेको पाइएन । प्रमाणिकरण भएको हलिया परिवार संख्याको ८५ प्रतिशतले अर्थात १३,९५५ परिवारले मात्र परिचय पत्र हात पारेको र परिचय पत्र हासिल गरेकामध्ये पनि ९२ प्रतिशत अर्थात १२,८२० हलिया परिवारले मात्र पुनर्स्थापना प्याकेज हासिल गरेको देखिएको छ ।

यसरी सरकार स्वयम्बाट संशोधित र अन्तिम प्रमाणिकरण संख्याभन्दा १४ प्रतिशत कम हलिया परिवारले मात्र परिचयपत्र पाएका छन् भने परिचयपत्र पाएका भन्दा ८ प्रतिशत कम हलिया परिवारले मात्र पुनर्स्थापना प्याकेज प्राप्त गरेको देखिएको छ । यसको तात्पर्य, हरेक पाँचमा एक हलिया परिवार प्रमाणिकृत अन्तिम लगतबाट पुनर्स्थापना प्याकेज बाँड्दासम्म आइपुग्दा परिदृश्यबाटै गायब भएको पाइएको छ । ती कहाँ गए ? तिनको नियति के भयो ? यसको सोधखोज कार्यदल र तीनै तहका सरकारले राखेको भेटिएन । यो हलिया पुनर्स्थापनाको ज्यादै ठूलो दोष हो ।

हलिया वर्गीकरणमा पनि थुप्रै त्रुटि भएको देखिएको छ । क वा ख वर्गमा वर्गीकरण पर्नुपर्ने परिवारलाई घ वर्गमा पारिएका उदाहरण समेत प्रशस्तै भेटिएका छन् । कस्तो घर र कसको जमीनमा घर भन्ने कुराको हेक्का नै नराखीकन आफ्नो जमीनमा घर नभएको, साहुको जमीनमा पनि टहरो मात्र भएको व्यक्तिलाई पनि घर भएको भनेर वर्गीकरण गरेको भेटिएको छ । कसको स्वामित्वको जमीन र कति महिना खान पुग्ने जमीन भन्ने कुराको ख्याल नै नराखीकन एक महिना मात्र खान पुग्ने जमीन भएको, ३ महिना मात्र खान पुग्ने जमीन भएको र वर्षदिन खान पुग्ने जमीन भएको हलिया परिवारलाई एउटै जमीन भएको कोटिमा राखिएको पाइएको छ । वर्गीकरणमा भएको यो त्रुटिले पुनर्स्थापनाको प्याकेज वितरणमा व्यापक नकारात्मक असर पारेको भेटिएको छ । थुप्रै हलियाहरू यो वर्गीकरणबाट पीडित हुन पुगेका छन् ।

सरकारले वजेट भाषणमार्फत कमैया र हलिया पुनर्स्थापनाका लागि लगभग पर्याप्त हुने पौने तीन अर्ब वजेट छुट्याएर हलिया पुनर्स्थापनाको काम अघि बढिरहेको बेला हलिया पुनर्स्थापनाको काम नै नसकिँदै 'काम सकियो' र अब बाँकी काम स्थानीय तहलाई सुम्पने भनेर तात्कालीन भूमिसुधार मन्त्रीले धनगढीको गोष्ठीमा एकाएक घोषणा गर्नाले र त्यसैका आधारमा पुनर्स्थापना गर्न बाँकी ११३५ हलिया परिवारलाई २०७६ साल जेष्ठ ६ को मन्त्री परिषदको निर्णयबाट आर्थिक वर्षको अन्ततिर स्थानीय तहमा सुम्पने कार्यले कार्यस्थलमा व्यापक नकारात्मक असर पारेको देखिएको छ । हलिया पुनर्स्थापनाको कार्य त्यसपछि बिलखवन्दमा परेको पाइएको छ ।

त्यसयता स्थानीय तहमा सुम्पिएका ती हलिया परिवार पुनर्स्थापित भए कि भएनन् ? संघीय सरकार र सम्बन्धित मन्त्रालयले थोरै सोधखोज गरे पनि त्यसको जानकारी हरहालतमा प्राप्त गरेर त्यसको अद्यावधिक जानकारी राखेको पाइएन । यहाँसम्म कि सरकारसित २०७५/७६ यताका हलियाका आँकडा नै रहेको देखिएन । माथि प्रस्तुत जे जति तथ्याङ्क हुन् ती सबै २०७५/७६ सम्मका तथ्याङ्क मात्र हुन् ।

सडक पुगे पनि घर, जमीन नपाएका, असाक्षर रहेका र रोजगारीको कुनै विकल्प नरहेका हलियाहरूमा हलिया प्रथा अहिले पनि उस्तै स्वरुपमा ज्युकात्युँ बाँकी रहेको समेत भेटिएको छ जस्तो वैतडीको न्वालीमा ।

हलिया प्रमाणित भएको खण्डमा जमीन र घर मिल्ने भन्ने प्रलोभनमा कतिपय हलिया नै नभएका मानिसले पनि आफू हलिया भएको दाबी गर्ने गरेको र कतै पुनर्स्थापन प्याकेज नै हात पारिरहेको समेत भेटिएको छ । यस्तो परिघटना हामी गएका सबैजसो स्थानमा भेटिएको छ ।

कतिपय स्थानमा हलियाको वस्ती बसाल्दा सरकारी कर्मचारी, हलिया संगठनका प्रतिनिधिहरू, राजनीतिक दल सबै मिली न्युनतम् जरुरी पूर्वाधारको समेत व्यवस्था नगरी वस्ती बसालिएको र त्यो स्थानमा कोही पनि वा ज्यादै थोरै हलिया बस्न नआउँदा सर्वसाधारणको पेट काटेर प्रदान गरिएको करबाट लाखौं रुपैयाँ व्यर्थमा खेर गएको भेटियो । जस्तो कि, डोटीको बगलेकमा, कञ्चनपुरको पुनर्वास र बागफाँटामा, अछामको साँफे बगरमा ।

हरवाचरवा सम्बन्धमा

**मुख्य पत्ता लगाइहरू :**

अध्ययन भ्रमणबाट थाहा लागेको छ कि पूर्वी तथा मध्य तराईमा अर्थात मधेस प्रदेशमा हरवाचरवा प्रथा अझै बाँकी छ । यो निकै प्रताडनापूर्ण र शोषणयुक्त स्वरुपमा विद्यमान छ । यसको स्वरुप परिवर्तन अवश्य भएको छ तर यसमाथि शोषण र उत्पीडन परिवर्तन भएको छैन । देशको राजनीतिक प्रणालीमा आएको परिवर्तन, पूँजीवादको विस्तार र सडक तथा शहर बजारको विकाससँग(सँगै हरवाचरवाको पूरानो स्वरुप परिवर्तित भएर उनीहरू ज्यालादारी श्रमिकमा रुपान्तरित हुँदै गएको भेटिएको छ ।

कतिपय गृहत्कै घरमा हरवाको पनि काम गर्दै बीचको समयमा इट्टाभट्टाको काम गर्ने श्रमिक वा भारतको पञ्जावमा ज्यालादारी श्रमिकको काम गर्ने कृषि मजदुर हुन थालेको पनि भेटिएको छ । केही पूर्वहरवा अब गृहत्कै घरमा ट्रयाक्टर चालक हुन पुगेको पनि देखियो भने केही अधियाँमा खेतीको काम गर्ने मोही हुन पुगेको पनि ।

यी सबै परिवर्तनका बाबजुद हरवाचरवा प्रथाको विकराल र पूरानै स्वरुप ज्यादाजसो धनुषा, सिराहा र सप्तरीमा रहेको पाइएको छ । परन्तु बढी वा कम मात्रामा यसको

फैलावट मधेश प्रदेशका सबै जिल्लामा रहेको पाइएको छ। हरवा प्रथाबाट मुक्त मधेश प्रदेशको एउटा जिल्ला पनि पाइएन।

परन्तु स्वरुप बदलिए पनि र संविधानले प्रतिवन्ध लगाए पनि हरवाचरवाहरू अझै गैरकानुनी रुपमा तमसुकमै तेब्बर बनाइने ऋणको थैली तथा औसत रुपमा लगाइने ६० प्रतिशतसम्म व्याज, त्यस्तो ऋणको नाजायज शर्तको कारण पैदा हुने बँधुवा श्रमिकपनबाट अझै मुक्त हुन सकेको पाइएन। हरवाचरवाको रुपमा बँधुवा श्रमिक राख्ने प्रथा नेपालको लोकतन्त्रको र मानव सभ्यताको सामु घोर लज्जाको विषय भएर रहेको छ। कमैया र हलिया मुक्ति गर्दा त्यस्तै प्रकृतिको बँधुवा श्रमिकको काम गर्ने हरवाचरवाका मुक्तिको घोषणा नगर्नु ठूलो भूल भएको छ जसलाई अब सच्याइनु पर्दछ। अब राज्यले अविलम्व सबै ऋण खारेजी र पुनर्स्थापनाको मूर्त योजनासहित हरवाचरवा मुक्तिको घोषणा गर्नु पर्दछ।

हाम्रो अध्ययनले देखाएको छ कि हरवाहरू मूलतः ऋण, जमीन र खाद्यान्नकै कारण हरवा हुन्छन्। हरवाहरूले ऋण लिनुको मुख्य कारण वर्षभरि खानपुग्दो खानेकुरा नभएर र विरामी भएको बेलामा ओखतीमुलो गर्ने पैसा नभएर रहेछ। अन्य तीन कारणले पनि ऋण लिने चलन मधेश प्रदेशमा व्यापक रहेछ : एक, छोराछोरीको विवाह र मर्दा पर्दाको सामाजिक रीतिथिति निभाउन, दुई, विदेशमा आफ्ना छोराछोरी काम गर्नका लागि पठाउन, र, तीन, घर वा टहरो बनाउन। आश्चर्यको विषय, हामीले बालबालिकाको शिक्षाको लागि ऋण लिने हरवाचरवा भने कोही भेटेनौं। यो हामीले भ्रमण गरेको पालिका सीमित भएर पनि हुन सम्भव छ।

लोकतान्त्रिक गणतन्त्र आएको १३ वर्ष भइसके पनि, गाउँमा वामपन्थी पार्टी नपुगेको वडा नै नभए पनि र प्रदेश वा स्थानीय तहमा तिनैको बलवान सरकार बनेको चार वर्ष नाघिसके पनि त्यसको सकारात्मक असर गाउँमा हुने ज्यादै खतरनाक प्रकृतिको सुदखोरीमा परेको हामीले पाएनौं। मधेश प्रदेशका आठै जिल्लामा घटीमा ३६ प्रतिशतदेखि बढीमा १२० प्रतिशतसम्म व्याज लिएर हरवालाई ऋण दिने चलन व्यापक रहेछ। ६० प्रतिशत व्याजदर त औसत रुपमै प्रचलित रहेको हामीले पायौं। अझ अर्को चरम उत्पीडनकारी प्रथा पनि मधेश प्रदेशमा प्रचलित छ : जुन साँवा छ त्यसलाई सामान्यतया तीन दोब्बर बनाएर अनि त्यसपछि व्याजलाई देखावटी रुपमा कानुन बमोजिम बनाएर कागज बनाइँदो रहेछ। यही प्रचलनका कारण एउटा हरवा परिवार हरेक वर्ष श्रीपञ्चमीको दिन गृहत् (मालिक) फेर्ने स्वतन्त्रता भए पनि, एकचोटि कुनै गृहत्को ऋण लिएपछि लामो समयसम्म त्यही गृहत्को ऋणी भएर बस्न र उसले भनेका सबै शर्त मानेर बँधुवा श्रमिक हुन विवश हुन जाँदो रहेछ। शर्त नमान्दा उसलाई घरबाट निकाला गर्ने, गाउँबाट निकाला गर्ने, पिट्ने लगायतका अनेकौं किसिमको मानसिक/शारीरिक यातना दिइँदो रहेछ।

हामीले भ्रमण गरेको आठै जिल्लामा कानुनले तोके अनुसारको ज्याला हरवाचरवाले पाइरहेको भेटिएन। धेरैजसो स्थानमा दिनको ५ किलो धान हरवाले पाइरहेको ज्यालाका रुपमा देखिएको छ जुन नगदमा बदल्दा झण्डै रु २०० जति हुन्छ। सीपयुक्त श्रमिकले पनि सरकारले तोके अनुसारको ज्याला पाइरहेको देखिएन। निकै थोरै अपवादपूर्ण स्थानमा मात्र रु ५०० ज्याला दिइएको भेटियो। महिला र पुरुषको ज्यालामा अझै ठूलो विभेद भेटियो। पुरुषले रु ४०० ज्याला पाउँदा महिलाको रु ३०० वा २५० मात्र ज्याला रहेको पाइयो। कैयन् हरवासित नागरिकताको प्रमाणपत्र नरहेको उनीहरूले हामीलाई बताएका छन्। यो प्रमाणपत्रको अभावमा न त उनीहरू राज्यले दिने कुनै सुविधा लिन समर्थ भएका छन्, न जमीन आफ्नो नाममा पास गर्न। सर्वप्रथम डोर नै गाउँमा खटाएर हरवाचरवालाई नागरिकता दिलाउनु पर्ने खण्ड विद्यमान रहेको हामीले पाएका छौं। हरवामध्ये पनि सबैभन्दा ज्यादा मुसहर हरवाकै नागरिकता नभएको भेटिएको छ। एकातिर घर जमीन नभई नागरिकता नपाइने, अर्कोतिर नागरिकता नभई घर जमीन पास गर्न नमिल्ने जस्तो जटिल समस्यामा हरवाहरू जेलिएका देखिएका छन्। यसको गाँठो राज्यले फुकाई दिन जरुरी छ। अधिकांश हरवाचरवा पहिलेदेखि ऐलानी जमीन, सार्वजनिक वा गृहत्को जमीनमा बसिरहेका देखिन्छन्। तर भर्खरै सडक पुगेका कतिपय स्थानमा जग्गाको मूल्य ह्वात्तै बढेकाले स्थानीय गृहत्ले जनप्रतिनिधि र जग्गा दलालसित मिलेर हरवाचरवालाई बसिरहेको जमीनबाट विस्थापित गर्ने र त्यो जमीन हडप्ने प्रक्रिया पनि शुरु भएको पाइयो। यसले हरवाचरवाको जीवनलाई अरु जोखिमपूर्ण बनाएको देखिन्छ। हरवाचरवाको वस्तीलाई त्यहीं विधिवत दर्ता गरिदिनु जरुरी देखिन्छ जहाँ उनीहरू बर्षौंदेखि बसिआएका छन्।

यी सबै कुराको जानकारी प्रदेश सरकारलाई पनि रहेछ, स्थानीय तहलाई पनि। परन्तु ऋणको पासोमा परेको निरीह हरवाले उजुरी नै हालेको छैन भन्ने कारण देखाएर उनीहरू यो कानुन विपरितको अमानवीय उत्पीडनको निष्क्रिय साक्षी बनेर बसिरहेको पाइएको छ। हामीले भ्रमण गरेको कुनै पनि पालिकामा कसैले पनि यसका विरुद्ध प्रभावकारी कानुनी कदम चालेको भेटेनौं।

बास तथा भूमिविहीनता, रोजगारविहीनता, चौतर्फी चरम गरिबी र अशिक्षा नै त्यस्ता मूल कारण हुन् जसले व्यक्तिलाई हरवा बन्न जानका लागि घचेट्दछ। ऋणका नाजायज र गैरकानुनी शर्त नै त्यो साधन हो जसले हरवालाई बाँधा श्रमिक बन्न वाध्य पार्दछ। बाँधा श्रमिक हुनुका यी मूल कारण र साधनलाई समाप्त पार्ने नीति र कार्यक्रम नल्याईकन रित्तो मुक्तिको मात्र घोषणा गरेर व्यक्ति पुनः हरवा हुन जाने प्रक्रिया रोकिने देखिँदैन। त्यस्तै, गाउँ वस्तीमा रहेको गैरकानुनी सुदखोरीको अभ्यास जरोमै समाप्त नपारीकन ऋणको धराप थाप्ने र बँधुवा श्रमिक बनाउने क्रम रोकिने देखिँदैन।

मानवोचित घरबासकै अभाव, जोतिखाने जमीन र जीविकायोग्य रोजगारीको अभाव, शिक्षामा पहुँच तथा आधारभूत स्वास्थ्यमा पहुँचको अभाव र नीति बनाउने र निर्णय गर्ने स्थानमा पहुँचको अभाव हरवाचरवाका सबैभन्दा मुख्य पाँच अभावका रुपमा रहेको पाइएको छ। यिनै अभावका कारण हरवाचरवा चौतर्फी रुपमा गरिब, बाँधा र उत्पीडित भएको हो। यि पाँच अभाव वस्तुगत रुपमा समाप्ति गर्ने मूर्त उपाय, नीति र कार्यक्रमका साथ हरवाचरवा मुक्तिको घोषणा गरिएमा नै हरवाचरवाको वास्तविक मुक्ति अन्ततः साकार हुने अध्ययनबाट देखिएको छ।

एउटा एकीकृत प्याकेजका रुपमा हरेक हरवाचरवाको लागि बस्नयोग्य घरको बन्दोवस्त गरिदिएर, हरेक हरवाचरवालाई जोतिखाने जमीन वा जीविकायोग्य सीपको तालिम प्रदान गरेर, प्रत्येक हरवाचरवा परिवारको उच्च शिक्षा र आधारभूत स्वास्थ्य सेवासम्म निःशुल्क पहुँच सम्भव बनाई दिएर तथा नीति निर्णय गर्ने हरेक संयन्त्रमा उनीहरूको सहभागीता सुनिश्चित बनाई दिएर राज्यले यहीँ र अहिल्यै निरीह बँधुवा श्रमिकका रहेका हरवाचरवालाई स्वतन्त्र, सीपयुक्त र

सशक्त श्रमिकमा रुपान्तरित गर्न सम्भव छ भन्ने हाम्रो अध्ययनबाट देखिएको छ ।

कतिपय स्थानीय तहले हरवाचरवा सम्बन्धी कार्यक्रम आफ्नो वजेट तथा नीतिमा समाहित गरेको भेटिएको छ । कतिपयले हरवाचरवाका लागि सीप, तालिम पनि सञ्चालन गरेको पाइएको छ । तर ती जम्मै दलित शीर्षकमा गरिएका सहायता हुन् । हरवालाई नै सहायता गर्ने भनेर कुनै स्थानीय तहले कुनै विकास कार्यक्रम ल्याएको भेटिएन ।

मधेश प्रदेश सरकारको भूमि व्यवस्था मन्त्रालयमा हरवाचरवा समस्या समाधान गर्ने तत्परता रहेको पाइएको छ । परन्तु संघ सरकारको भूमि व्यवस्था मन्त्रालयले यस मामिलामा समन्वयात्मक ढंगले प्रदेश सरकारको सम्बन्धित मन्त्रालयसित काम नगरिरहेकोले अगाडि बढ्न अप्ठेरो परेको भन्ने उसको बुझाई र गुनासो रहेको छ ।

राष्ट्रिय जनगणनाको समयमा हरवाचरवाको वर्गीकृत तथ्याङ्क संकलन गरिएको भए निकै सहजतापूर्वक यो कार्य हुनसक्ने तर त्यो अमूल्य मौका खेर गएको भन्ने प्रदेश सरकारको बुझाई रहेको छ । अब चाँडै हुने कृषि जनगणनाको समयमा यो मौका कदापि नगुमाइयोस् भन्ने प्रदेश सरकारको भूमि व्यवस्था मन्त्रालयको आग्रह रहेको छ ।

हरवाचरवा सम्बन्धी संघीय सरकारले गरेका अध्ययन अनुसन्धानहरू अहिलेसम्म छैनन् । तर धनुषा जिल्लाका शहीदनगर नपा, गणेशमान चारनाथ नपा र धनौजी गापा आफै सामेल भएर सि.एस.आर सी र फ्रिडम फोरम मार्फत सन् २००६ र २०१९ मा गरेका गराएका अध्ययन अनुसन्धान उपलब्ध रहेका छन् ।

तिनका अनुसार हरेक पाँचमा दुई हरवाचरवाको आफ्नो उत्पादन भन्ने नै केही छैन । उनीहरू आफ्नो आयस्रोतको निम्ति पूर्णतया हरवानामक बँधुवा श्रममाथि निर्भर रहेका छन् । हरवाचरवा मध्ये २७ प्रतिशतको निजी उत्पादन केवल ३ महिना मात्र धान्ने रहेको छ । अर्को २६ प्रतिशतको उत्पादनले ६ महिना जीवन निर्वाह हुन्छ । वर्षदिन खान पुग्ने हरवाचरवात फगत १ प्रतिशत मात्र रहेका छन् ।

हरवाचरवा मध्ये हरेक चारमध्ये तीन तराईका दलित हुन् । हरेक दसमा एक तराईका जनजाति रहेका छन् ।

अध्ययनका अनुसार झण्डै दुई तिहाई हरवाचरवाको ऋण लिनुको मुख्य कारण औषधि उपचार हो । हरेक चारमा एक हरवाले खानेकुरा नै नभएर त्यो जुटाउन वाध्यतावश ऋण लिन्छन् । विदेश जानका लागि ऋण लिने हरवाचरवा पनि हरेक पाँचमा एक रहेको छ । हरवाचरवामा गरिबी यति व्याप्त कि मूलतः हलीको काम गर्ने हरवामध्ये ९० प्रतिशतसित आफ्नै स्वामित्वको हलो पनि छैन । ७१ प्रतिशतसित आफ्नो निजी साइकल समेत छैन । ८८ प्रतिशत हरवाचरवाको घर कच्ची टहरो मात्र रहेको छ । पक्की घर हुने हरवाचरवा त ३ प्रतिशत मात्र रहेको छ । हरेक पाँचमा दुई हरवाचरवाको टहरामा आफ्नो निजी ट्यूववेल समेत रहेको छैन ।

जमीनको स्वामित्व बारे पनि त्यस अध्ययन अनुसन्धानले केही महत्वपूर्ण तथ्य उजागर गरेको छ । २९ प्रतिशत हरवाचरवाको मात्र आफ्नो घर भएको जमीनमा आफ्नो स्वामित्व रहेको छ । हरेक एक चौथाई हरवाचरवाहरू ऐलानी जमीनमा घर बनाएर बसेका छन् । २७ प्रतिशत हरवाचरवाको घर चाहिँ गाउँ ब्लकमा रहेको छ । यसरी, हरवा जो जो बसेका हुन् ती ज्यादाजसो भूमिहीन हुन् । चौतर्फी गरिबी र भूमिहीनताले नै उनीहरूलाई बँधुवा श्रमिकको स्थितिमा धकेलेको हो ।

अध्ययन अनुसार अहिले ४४ प्रतिशत हरवाहरू जमिन्दारको लगुवाई भूमिमा छन् जुन जमीनमा उनीहरू तबसम्म जोत्न पाउँछन् जबसम्म उनीहरू जमिन्दारको हरवा छन् । संविधानले बाँधा श्रमलाई पूर्णतया निषेध गरे पनि नेपालमा अहिले पनि ७२ प्रतिशत हरवाचरवाको बाँधा श्रमिकपन रहेको छ कि उनीहरूले बढी ज्याला र अवसर पाए पनि अर्को जमिन्दारको काम गर्न पाइँदैन । हरेक पाँचमा तीन हरवाचरवाको काम थाल्नुअघि कामको शर्त बारे जमिन्दारसित लिखित वा मौखिक कुनै पनि खालको सहमति वा सम्झौता भएको छैन ।

हरवाचरवाको श्रम सम्बन्ध र प्रकृतिमा महत्वपूर्ण रुपान्तरण आएको समेत अध्ययनबाट देखिएको छ । अहिले ३५ प्रतिशत हरवाहरू अँधियामा त्यही जमिन्दारको जमीन जोत्छन् जसको उनीहरू हरवा रहेका थिए । २ प्रतिशतले त मोहीको सम्झौता अन्तर्गत पनि जमीन जोतेको भेटिएको छ । त्यस्तै, १८ प्रतिशतले गुठीको जमीन समेत जोतेको पाइएको छ ।

अध्ययन समितिले गरेका सिफारिसहरू

**क.एकीकृत प्याकेजका रुपमा समस्या समाधान :**

कमैया, कम्लहरी, हलिया तथा हरवाचरवाको मुक्ति र पुनर्स्थापनाको मुख्य उद्देश्य सामन्तवादी कृषिमा आधारित गरिबीले युक्त भूमिहीन बँधुवा कृषि श्रमिकलाई गरिबीमुक्त, उन्नत सीप र जमीनले युक्त स्वतन्त्र श्रमिकमा रुपान्तरित गर्ने कार्यलाई बनाइनु पर्दछ ।

यसको प्रभावकारी उपायका रुपमा अब उप्रान्त मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवाको कुनै काम बाँकी नरहने गरी उनीहरुलाई मानवोचित आवास, कृषियोग्य जमिन/जीविकायोग्य रोजगारी, उच्च शिक्षा र आधारभूत स्वास्थ्यमा पहुँच र सामाजिक समावेशिताको एकीकृत प्याकेज प्रदान गर्ने नीति राज्यले अंगीकार गरिनु पर्दछ ।

ख. अधिकारसम्पन्न आयोगको गठन :

कमैया कम्लहरी, हलिया तथा हरवाचरवाको पुनर्स्थापना सम्बन्धी बाँकी सबै कामको रेखदेख, संयोजन, परिचालन र अनुगमन गर्न विषय विज्ञ, मन्त्रालयका अनुभवी कर्मचारीहरु र कमैया, कम्लहरी, हलिया र हरवाचरवाको अर्थपूर्ण प्रतिनिधित्व रहेको 'अधिकार सम्पन्न पुनर्स्थापना आयोग' गठन गरिनु पर्दछ ।

कमैया(हलिया( हरवा यी तिनवटै समुदायको चरित्र एउटै खालको रहेकाले यस्तो आयोग हरेक समुदायको अलग(अलग नगरी सबै समुदायको संयुक्त समेत हुन सक्नेछ ।

**ग.एउटै एकीकृत गठन आदेशको व्यवस्था :**

मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको काम एउटै आयोग मार्फत अघि बढाउन मन्त्री परिषद्बाट पारित गठनादेशबाट छिटोछरितो ढंगले कार्य गर्न सम्भव हुनेछ ।

४. एकीकृत प्याकेजमा हुनुपर्ने मूल विषयहरू : मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवाको मुक्ति र पुनर्स्थापनाको लागि उपरोक्त एकीकृत प्याकेजभित्र निम्न विषय अनिवार्य रुपमा सामेल गर्ने:

४.१ ऋण खारेजीसहित मुक्तिको घोषणा : कमैया, कम्लहरी र हलियाको ऋण खारेजीसहित मुक्तिको घोषणा धेरै अघि भईसकेको सन्दर्भमा उस्तै प्रकृतिको बँधुवा श्रमिकका रुपमा रहेका हरवाचरवाको पनि सम्पूर्ण ऋण तथा त्यससित जोडिएको कागजात र लिखित मौखिक सम्झौताहरू खारेज गर्ने घोषणा नेपाल सरकारले गर्ने ।

**४.२ लगत संकलन, प्रमाणिकरण र परिचय पत्र :**

४.२.१ हरवाचरवाको लगत संकलन र परिचयपत्र : पहिलो पटक ऋण खारेजी र मुक्तिको घोषणा भएकाले हरवाचरवाको गणना

र लगत संकलन स्थानीय तह, त्यसमध्ये पनि वडा समितिमार्फत व्यापक पैमानामा गर्ने । हरवाचरवाको गणना गर्न, लगत लिन, प्रमाणिकरण गर्न र परिचय पत्र समेत प्रदान गर्न स्थानीय तहलाई अधिकार र बजेट विनियोजन गर्ने । यसमा बेथिति नहोस् भन्नाका लागि यसको दोहोरो अनुगमन गर्ने जिम्मेवारी र अधिकार पुनर्स्थापना आयोग तथा प्रदेश सरकारलाई दिने ।

परिचय पत्र दिँदा हरवाको तीनवटा वर्गीकरण गर्ने : (क) वर्ग, रातो स्टिकर( आफ्नो स्वामित्वको खेतीयोग्य जमीन/आफ्नो उत्पादन र बस्नयोग्य घर( कुनै पनि नभएको वा जमीन ३ महिनाभन्दा कम मात्र खान पुग्ने भएको, घर पनि केवल अस्थायी र अमानवीय टहरोको रुपमा गृहत्को स्वामित्वको जमिनमा मात्र भएको ।

(ख) वर्ग, हरियो स्टिकर : आफ्नो जमीन भएको तर त्यसले बढीमा ६ महिनासम्म पनि खानपुग्दो भएको । आफ्नो टहरो भएको तर त्यो पनि ऐलानी, सार्वजनिक, गाउँब्लक वा जंगल छेउको जमीनमा भएको । अथवा यी दुईमध्ये कुनै एक मात्र भएको ।

ग) वर्ग, नीलो स्टिकर : आफ्नो स्वामित्वमा जमीन भएको तर त्यसले बढीमा ९ महिनासम्म खानपुग्दो भएको । आफ्नो स्वामित्वको जमीनमा अर्धपक्की वा कच्ची घर वा टहरो भएको तर त्यो मानवोचित नभएको ।

४.२.२ स्थानीय तहलाई अधिकार प्रत्यायोजन : छुट कमैया, कम्लहरी र हलियाको लगत संकलन, प्रमाणिकरण र परिचय पत्र वितरणका लागि पनि कट् अफ् मिति तोकेर स्थानीय तहलाई नै वजेट र अधिकार प्रदान गर्ने ।

४.२.३ कम्लहरीको परिचय पत्र : यसअघि नै गणना र प्रमाणिकरण गरिसकिएका कम्लहरीको समेत अविलम्व परिचय पत्र जारी गर्न अधिकार प्रत्यायोजन गर्ने ।

४.२.४ अनुगमनको जिम्मेवारी : लगत संकलनमा कुनै पनि गडबडी नहोस् भन्नाका लागि यसको दोहोरो अनुगमन गर्ने जिम्मेवारी पुनर्स्थापना आयोग र प्रदेश सरकारलाई प्रदान गर्ने ।

**४.३ घर निर्माण खर्च र जमीन :**

४.३.१ घर निर्माण खर्च : घरवासविहीन हरेक हरवाचरवा, छुट कमैया, अभिभावकविहीन तथा भूमिहीन कम्लहरी तथा हलिया परिवारलाई घर निर्माण खर्चका लागि रु ६ लाख र प्रदेश सरकारले रु ३ लाख दिने नीतिगत निर्णय गर्ने ।

४.३.२ घर निर्माणका लागि जमीन : घर निर्माणका लागि जमीनको हकमा तराईको ग्रामीण क्षेत्रमा भए २ का र पहाडी ग्रामीण क्षेत्रमा भए २ रोपनी जमीन प्रदान गर्ने, यस्तै तराईको शहरी क्षेत्रमा भए १ का र पहाडी शहरी क्षेत्रमा भए स्थान हेरी न्युनतम् ८ आनादेखि अधिकतम् १ रोपनी जमीन प्रदान गर्ने ।

**४.३.३ घर निर्माण र अनुगमनको जिम्मेवारी** : घर निर्माणको सम्पूर्ण कार्य व्यक्ति स्वयम्ले गर्ने र अनुगमन भने पुनर्स्थापना आयोग र स्थानीय तहमार्फत हुने गरी जिम्मेवारी तोक्ने ।

**४.४ कृषियोग्य भूमि प्रदान गर्ने सम्बन्धमा :**

**४.४.१ रोजगारीका लागि कृषियोग्य जमीन** : मुक्त कमैया, अभिभावकविहीन भूमिहीन कम्लहरी, हलिया र हरवाचरवा मध्ये कुनै परिवार कृषिलाई आफ्नो मुख्य बनाउन चाहन्छन् भने पहाडी ग्रामीण क्षेत्रमा भए परिवारको साइज हेरेर थोरैमा ५ रोपनी र तराईको ग्रामीण क्षेत्रमा भए थोरैमा ५ का, राजमार्ग तथा यसको छेउछाउमा भए कम्तीमा २ का वा शहरी क्षेत्रमा भए घटीमा १ का वा १ रोपनी भूमि प्रदान गर्ने ।

**४.४.२ भूमि प्रदान गर्न प्रदेशलाई अधिकार** प्रत्यायोजन : संविधानमुताविक भूमि दिने अधिकार संघसित मात्र रहेकाले र भूमि व्यवस्थापनको अधिकार प्रदेशसित मात्र रहेकाले यसअघि नै परिचय पत्र पाइसकेका कमैया र छुट कमैया तथा कम्लहरीलाई भूमि दिने कार्यलाई सहजीकरण गर्न प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन गर्ने ।

४.४.३ जो जहाँ छन् त्यहीँको जमीन प्रदान गर्ने बारे : ऐलानी, गाउँब्लक, सार्वजनिक वा जंगलको छेउमा लामो समयदेखि बसोबास गरिरहेका मुक्त कमैया, हलिया, हरवाचरवालाई एक पटकको लागि जो जहाँ छन् त्यहीँको जमीन नापी गरी उनीहरुलाई दिनुपर्ने परिमाणमा भूमि प्रदान गर्ने अधिकार प्रदेश सरकारलाई प्रदान गर्ने ।

**४.४.४ दिइएको जमीन सम्बन्धी स्वतन्त्रताबारे** : दिइएको जमीन धितो राखी बैंक वा सहकारीबाट ऋण निकाल्न पाउने, दिइएको जमीन हकवाला दम्पत्तिको मृत्युपछि उनका सन्तानका नाममा हक हस्तान्तरण हुन सक्ने र जमीन दिइएको १० वर्षपछि उन्नत रोजगारीका लागि त्यसको बेचविखन समेत हुनसक्ने गरी नयाँ नीति तर्जुमा गर्ने ।

४.४.५ लीजमा जमीन दिने बारे : हरवाचरवा, छुट कमैया र हलियालाई प्रदान गर्नका लागि सार्वजनिक, ऐलानी वा पर्ती जमीन कथम् कदाचित कुनै क्षेत्रमा नभएमा त्यो क्षेत्रमा रहेका अनुपस्थित भूस्वामीबाट वा कुनै पनि कारणले जमीन लगातार दुई वर्षसम्म बाँझो राखेका मानिसबाट/वा हदवन्दी भन्दा बढी जमीन राख्नेबाट सरकारले लिई त्यस्तो जमीन कम्तीमा १० वर्ष वा सो भन्दा बढी समयको लागि करार खेतीका लागि दिने नीतिगत निर्णय गर्ने ।

**४.४.६ भूमि आयोगमार्फत पनि भूमि प्रदान गर्नसकिने** : भूमि प्रदान गरिने क्षेत्रमा भूमि आयोगले पनि एकै समयमा काम गरिरहेको स्थिति भएको खण्डमा भूमि आयोग मार्फत पनि भूमि प्रदान गर्न सकिने नीतिगत निर्णय गर्ने । यसका लागि दुईवटा स्थिति अनिवार्य रुपमा हुनुपर्ने : एक, भूमि आयोग सम्बन्धी गठनादेश तथा कार्यविधिमा भूमिहीन दलित शब्दपछि हरवाचरवा/मुक्त हलिया र कमैया कम्लहरी शब्द पनि राख्ने गरी कार्यादेश संशोधन गरेको हुनु पर्ने । दुई, भूमि आयोगले दुई महीनाभित्र भूमि वितरण गर्ने कार्य योजना लागु गर्ने स्थिति हुनु पर्ने ।

**४.४.७ फिल्डबुक कायम गरिदिने बारे** : भूमि र लालपुर्जा पाएर पनि फिल्डबुकमा नचढाइएका कमैयाहरूको फिल्डबुक कायम गर्नका लागि प्रादेशिक नापी कार्यालय एवम् भूमि व्यवस्थापन कार्यालयलाई निर्देशित गर्ने ।

**४.४.८ अनुपयुक्त जमीनको सट्टाभर्ना** : खोला छेउ वा अनुपयुक्त स्थानमा भूमि दिइएकालाई उपयुक्त ठाउँमा भूमि सट्टाभर्नाको व्यवस्था गर्न प्रदेश र स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गर्ने । लालपुर्जा दिइएका तर त्यहाँ सुकुम्वासी वा अन्य भूमिहीन समुदाय आएर बसेको केसमा जो त्यस भूमिमा पहिले आएर बसेको समुदाय हो उसैको नाममा भूमि कायम गरिदिने र अर्को समुदायलाई सट्टाभर्नामा अर्को भूमि दिने नीति अख्तियार गर्ने ।

**४.४.९ ललाई फकाई लिइएको जमीनबारे** : प्रदान गरिएको जमीन अरु कसैले फकाई गैरकानुनी ढंगले कागज बनाई किनेको/लिएको स्थिति जहाँ जहाँ रहेको छ त्यहाँ त्यो किनबेच र कागजात तुरुन्त बदर हुने र जमीन स्वतः सम्बन्धित व्यक्तिको हुने नीतिगत व्यवस्था गर्ने ।

**४.५ रोजगारीका लागि सीप तालिम** : सीप तालिमको प्रबन्ध : कृषि बाहेक अन्य रोजगारीबाट जीविका गर्न इच्छुक हरवाचरवा,

मुक्त कमैया, कम्लहरी र हलियालाई वा उनका सन्तानलाई जीविकायोग्य रोजगारीका लागि दीर्घकालीन वा अल्पकालीन सीप तालिमको प्रबन्ध गर्ने । सम्पूर्ण सीप तालिमको मूल जिम्मेवारी र अधिकार क्षेत्र प्रदेश सरकारको हुने ।

**४.५.१ सीप तालिमको दायित्व विभाजन** : ३ महिनाभन्दा लामो मध्यकालीन र दीर्घकालीन सीप तालिमको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकार हुने । तीन महिना र सोभन्दा छोटो अवधिको सीप तालिमको जिम्मेवारी स्थानीय तहको हुने ।

४.५.२ सीप तालिमपछि बीउ पूँजी र औजार : हरेक तहको सरकारले सीप तालिम पछि कम्तीमा रु १ लाखको बीउ पुँजी, आवश्यक औजार अनिवार्य रुपमा अनुदानका रुपमा दिइनु पर्ने । तालिम अवधिमा परिवार भोको नपरोस् भन्नाका लागि परिवारवृत्ति प्रदान गरिनु पर्ने । तालिम पछि चालु पूँजीका लागि दिइएको बीउ पूँजीले अपर्याप्त भएमा परियोजना नै धितो रहने गरी रु ५ लाखसम्मको ऋण प्रदान गर्ने व्यवस्था तालिम प्रदान गर्ने प्रदेश वा स्थानीय सरकारले गर्ने ।

**४.५.३ रोजगारीको तालिमको संस्थागत व्यवस्था** : सीप, तालिमको कार्य गर्न सिटिइभिटीलाई यस क्षेत्रमा कार्य गर्न प्रदेश र स्थानीय तहमा समेत कार्यालय खोल्न लगाउने । साथै, रोजगारी तालिम गर्नका लागि र तालिमपछि रोजगारी प्राप्त गर्नका लागि सहयोग गर्न संस्थागत रुपमा दुबै तहमा रोजगार प्रवर्द्धन केन्द्र र रोजगार सम्पर्क केन्द्रको समेत व्यवस्था गर्ने ।

**४.५.४ समुह र सहकारीलाई उच्च प्राथमिकता** : मुक्त समूहहरूले सहकारी वा समुह बनाएर स्वरोजगारीका लागि उद्यम व्यवसाय वा सामुहिक खेती गर्न खोज्छन् भने त्यसलाई रु १ करोडको घुम्ती कोष, तथा सहुलियत व्याजदरमा विना धितो ऋण एवम् अनुदानमा ५० प्रतिशत थप गरिदिने व्यवस्था गर्ने । उसले किन्ने मेशिनरी, टूयाक्टर, र यातायातका साधनमा भन्सार महशुल छुट दिने नीतिगत निर्णय गर्ने ।

**४.६. शिक्षामा पहुँच :**

**४.६.१ स्थानीय तहलाई निःशुल्क माध्यमिक शिक्षाको जिम्मेवारी** : मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवा परिवारका हरेक सन्तानलाई माध्यमिक तहसम्म कुनै पनि विद्यालयले कुनै पनि प्रकारको शुल्क लिन नपाउने, लिने भएमा त्यो आफुले व्यहोर्ने जिम्मेवारी स्थानीय तहलाई सुम्पने । कक्षा १२ सम्म छात्रावासमा रहेर अध्ययन गरिरहेका सबै अभिभावकविहीन कम्लहरीहरूको छात्रावासको सम्पूर्ण खर्च समेत स्थानीय तहले व्यहोर्दै अभिभावकत्व लिने नीतिगत निर्णय गर्ने ।

**४.६.२ निशुल्क उच्च शिक्षाको जिम्मेवारी प्रदेशलाई** : लक्षित समुदायको सबै विषय र तहको निशुल्क उच्च शिक्षाको जिम्मेवारी प्रदेश सरकारको हुने नीतिगत व्यवस्था गर्ने ।

छात्रावासमा बसेर स्नातक र स्नातकोत्तर तह अध्ययन गरिरहेका सम्पूर्ण अभिभावकविहीन कम्लहरीको छात्रावास खर्च र अभिभावकत्व प्रदेश सरकारले वहन गर्ने नीतिगत व्यवस्था गर्ने ।

**४.६.३ प्राविधिक र व्यावसायिक शिक्षामा २ ५ आरक्षित सीटको व्यवस्था** : प्रदेशको सीमा क्षेत्रमा पर्ने कुनै पनि व्यावसायिक वा प्राविधिक शिक्षालय वा पोलिटेक्निकल विद्यालयमा कुनै पनि विषयको टेक्नीशियन, डाक्टर, इन्जिनीयर, ओभरशियर, नर्स, पारामेडिकल, पाइलट, कृषि शिक्षा, भेटेनरी, वा यस्तै विषयमा लिइने भर्नामा कुल सीटको २(२ प्रतिशत सीट प्रत्येक लक्षित समुदायका सन्तानको निःशुल्क पठानपाठनका लागि आरक्षित हुनैपर्ने नीतिगत व्यवस्था गर्ने । यो नीति विदेशबाट सो विषयमा प्राप्त हुने छात्रवृत्तिमा समेत लागु हुने ।

**४.६.४ शून्य व्याजदरमा शैक्षिक ऋणको व्यवस्था** : लक्षित समुदायका विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न आरक्षित सीटले अपुग भएमा र बढी लक्षित समुदाय परिवारका सन्तानलाई व्यावसायिक र प्राविधिक शिक्षा र उच्च हासिल गर्ने ईच्छा भएमा रोजगारी पाएपछि किस्तामा तिर्ने गरी शून्य प्रतिशत व्याजदरमा शैक्षिक ऋणको समेत व्यवस्था गर्ने ।

**४.५ आधारभूत स्वास्थ्य सेवामा पहुँच :**

हरेक नागरिकको आधारभूत स्वास्थ्य सेवामा निःशुल्क पहुँचको दायित्व राज्यको हुने र त्यसमध्ये पनि संघीय अधिकार सूचीको बाँडफाँटमा आधारभूत स्वास्थ्य स्थानीय तहको दायित्व भएको हुनाले लक्षित समुदायको आधारभूत स्वास्थ्य सेवामा पहुँचको मुख्य जिम्मेवारी स्थानीय तहको हुने । संघ र प्रदेश सरकारले वजेटरी सहयोग र जनशक्ति सहयोग मार्फत उसलाई यो कार्य सम्पादन गर्न समर्थ तुल्याउने नीति लिने ।

**४.५.१ वृहत स्वास्थ्य बीमाको व्यवस्था** : सबै ठूला साना रोगको उपचार सम्भव हुने गरी हरेक लक्षित समुदायका परिवारको अनिवार्य र वृहत् स्वास्थ्य बीमाको व्यवस्था गर्ने । स्वास्थ्य बीमाको मूल दायित्व स्थानीय तहको हुने तर यसका लागि आर्थिक दायित्व भने विभाजन गर्ने नीति लिने । यसमा संघीय सरकारले ६० प्रतिशत प्रिमियम खर्च व्यहोर्ने, बाँकी २०(२० प्रतिशत प्रदेश र स्थानीय तहले व्यहोर्ने नीतिगत व्यवस्था गर्ने ।

४.५.२ हेल्थपोस्ट वा नियमित घुम्ती क्लिनिक र डाक्टरको व्यवस्था : अस्पताल नजिकै नभएका सबै लक्षित समुदायको वस्तीमा खोपको सुविधासहित हेल्थपोस्ट वा नियमित घुम्ती स्वास्थ्य क्लिनिक तथा घुम्ती डाक्टरको व्यवस्था गर्ने । यसको दायित्व पनि स्थानीय तहमा हुने । यसका लागि आर्थिक र जनशक्ति सहयोग संघ र प्रदेश सरकारले दिने व्यवस्था गर्ने ।

**४.५.३ महिला स्वयम्सेविकाको व्यवस्था** : सबै लक्षित समुदायको वस्तीमा आम स्वास्थ्य जागरणको काम गर्न, ज्वर, ब्लड प्रेसर र अक्सीजन लेभलको जाँच गर्न, साथै सुँडिनीको समेत काम गर्न अनिवार्य रुपमा कम्तीमा एकजना महिला स्वास्थ्य स्वयम्सेविकाको व्यवस्था लक्षित समुदायका व्यक्ति स्वयम्लाई तालिम दिएर गर्ने ।

**४.५.४ वस्तीमा स्वच्छ खानेपानीको प्रबन्ध** : स्वास्थ्यमा स्वच्छ खानेपानीको अहं महत्व रहने हुनाले सबै लक्षित समुदायको वस्तीमा स्वच्छ खानेपानीको प्रबन्ध गर्ने । यसको मूल दायित्व प्रदेश र स्थानीय तहको हुने ।

४.५.५ खाद्य वस्तुको उपलब्धताको सुनिश्चितता : व्यक्ति स्वस्थ हुनका लागि अस्पताल र डाक्टर मात्र होइन, पर्याप्त पोषणयुक्त खाद्यवस्तु आवश्यक हुने हुनाले लक्षित समुदायमध्ये कुनै पनि व्यक्ति भोको परेमा उजुरी गर्ने प्राथमिक थलोको रुपमा स्थानीय सरकारलाई बनाउने । लक्षित समुदाय बसोवास रहेको वस्ती वा पालिकामा कामका लागि खाद्यान्न कार्यक्रम प्रारम्भ गर्ने ।

४.६ राजनीतिक र सामाजिक समावेशिताको व्यवस्था :

४.६.१ राजनीतिक समावेशिताको व्यवस्था : राज्यका तिनै निकाय, राजनीतिक दलका सबै संयन्त्र, उनीहरूले दिने हरेक तहको जनप्रतिनिधिमूलक संस्थाको उम्मेदवारीमा लक्षित समुदायका सुनिश्चित प्रतिनिधित्व हुने वाध्यकारी नीति र कानुनको व्यवस्था गर्ने ।

४.६.२ दलित महिलाको लागि छुट्याइएको वडासदस्य कोटामा हरवाचरवा र हलिया महिला : स्थानीय तहमा वडामा दलितको लागि छुट्याइएको दलित महिला वडा सदस्यको आरक्षित गरिएको स्थानमा यदि हलिया वा हरवाचरवा वस्ती छ भने त्यो दलित महिला वडा सदस्य हरवाचरवा हुने व्यवस्था गर्ने ।

**४.६.३ सामाजिक समावेशिताको व्यवस्था :** लक्षित समुदायको वस्ती रहेको हरेक स्थानमा वन व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति र स्थानीय विकास निर्माण समितिमा अनिवार्य रुपमा लक्षित समुदायको प्रतिनिधित्वको व्यवस्था गर्ने ।

**४.६.४ सरकारी नोकरीमा समावेशिता :**

४.६.५ प्रदेश र स्थानीय तहको सीमा क्षेत्रभित्र पर्ने सरकारी कार्यालयको नोकरीमा मुक्त कमैया, कम्लहरी, हलिया तथा हरवाचरवालाई वा उनका शिक्षित सन्तानलाई पहिलो प्राथमिकता दिनु पर्ने नीतिगत निर्णय गर्ने । सेना, सशस्त्र प्रहरी र जनपदप्रहरीको ४५ प्रतिशत कोटामा २ प्रतिशत कोटा लक्षित समुदायको लागि अनिवार्य रुपमा छुट्याउनु पर्ने कानुनी व्यवस्था गर्ने ।

संघ/प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने विकास आयोजनाहरूमा लक्षित समुदायका उमेर पुगेका सन्तानलाई रोजगारीका लागि पहिलो प्राथमिकता प्रदान गर्ने ।

**४.७ न्युनतम भौतिक पूर्वाधारको व्यवस्था :**

लक्षित समुदायको वहुआयामिक गरिबी समाप्त पार्नका लागि हरेक लक्षित समुदायको वस्तीमा प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा खानेपानी, सडक, टेलिफोन, इन्टरनेट, सिँचाई र शौचालय जस्ता आधारभूत पूर्वाधारको व्यवस्था गर्ने ।

**४.८ नागरिकता र राष्ट्रिय परिचय पत्र प्रदान गर्ने :**

विगत ७ वर्षदेखि सोही पालिकामा निरन्तर बसोवास गरिरहेका सबै लक्षित समुदायलाई विशेषतः हरवाचरवालाई डोर नै वस्तीमा पठाएर उनको घर र जमीन तत्काल नभए पनि चाँडै हुनेछ भन्ने स्थानीय सरकारको जमानीमा नागरिकताको प्रमाणपत्र र राष्ट्रिय परिचय पत्र प्रदान गर्ने । उनका सन्तानलाई जन्मदर्ताको प्रमाणपत्र समेत प्रदान गर्ने । ७ वर्ष नपुगेका हरवा/चरवालाई नागरिकता उन्मूख परिचयपत्रको व्यवस्था गर्ने ।

४.९ विविध

४.९.१ कृषि श्रमिकको न्युनतम् ज्यालाको व्यवस्था लक्षित समुदायको हरेक वस्तीमा लागु हुने व्यवस्था कडाई पूर्वक लागु गर्ने । त्यस्तो ज्याला नदिने व्यक्तिलाई दण्डको समेत कानुनी व्यवस्था गर्ने । पालिकालाई पनि यस कार्यमा जवाफदेही बनाउन दण्डको कानुनी व्यवस्था गर्ने ।

४.९.२ लक्षित समुदायका व्यक्तिलाई, विशेषतः हरवा/चरवालाई कानुनले तोकेभन्दा ज्यादा ऋणको व्याज लिने, वास्तविक साँवाभन्दा धेरै गुणा थैली बढाई तमसुक गराउने साहु महाजन र गृहत्लाई भारी दण्ड गराउने कानुनी व्यवस्था गर्ने । यसका लागि नेपाल सरकारले सबैलाई बाध्यकारी हुने गरी नियम वा कानुन निर्माण गर्ने ।

**४.१० कम्लहरीका लागि :**

४.१०.१ सबै कम्लहरीलाई परिचय पत्रको व्यवस्था : परिचय पत्र पाउन बाँकी सम्पूर्ण छुट कम्लरहीहरूलाई आगामी बर्षभित्रैस्थानीय तहको सक्रिय सहयोगमा पहिचान गर्ने तथा परिचय पत्र प्रदान गर्ने ।

४.१०.२ सबै कम्लहरीलाई सीप, तालिमको व्यवस्था : परिचय पत्र प्राप्त गरेका सबै कम्लहरीलाई उनीहरू आफैसित छलफल गरी सहजतापूर्वक रोजगारी मिल्ने र राम्रो पारिश्रमिक हासिल हुने प्रकृतिको सीप, तालिम प्रदान गर्ने । सीप, तालिमपछि कम्तीमा रु १ लाखको बीउ पूँजी र तालिमसँग सम्बन्धित औजार प्रदान गर्ने । लामो अवधिको सीप, तालिमको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारलाई दिने । अल्पकालीन अवधिको सीप तालिमको जिम्मेवारी स्थानीय तहलाई दिने ।

४.१०.३ सीप जानेकालाई सीपको आधुनिकीकरण तालिम : कुनै न कुनै रोजगारयोग्य सीप पहिले नै जानेका कम्लहरीलाई आफ्नो सीप आधुनिकीकरण गर्न चाहेमा त्यस्तो तालिमका साथसाथै माथि भनिए अनुसारको बीउ पूँजी र औजार समेत प्रदान गर्ने ।

४.१०.४ कम्लहरीका सहकारीको लागि घुम्ती ऋण पूँजीको व्यवस्था : कम्लहरीले आपसी ऋण सहयोग, स्वविकास र स्वरोजगारीका लागि भनेर निर्माण गरेका सबै कम्लहरी समूह वा सहकारीलाई सहयोग गर्न लुम्बिनी र सुदूर पश्चिम प्रदेश सरकारले साझा घुम्ती कोषका लागि रु ५०/५० लाखको नगद घुम्ती कोष सिर्जित गरिदिने । यसका लागि ५० प्रतिशत कोष संघ सरकारले र ५० प्रतिशत प्रदेश सरकारले हाल्ने नीतिगत व्यवस्था गर्ने । यही उद्देश्यका लागि स्थानीय सरकारले पनि हरेक सहकारीका लागि प्रारम्भमा रु २० लाखको दरले कोष खडा गरिदिने ।

४.१०.५ उच्च शिक्षासम्म निशुल्क शिक्षा दिने व्यवस्था : कम्लहरीको मुक्तिको मुख्य आधार शिक्षा र रोजगारी हुने देखिएकाले सबै कम्लरहीलाई उनको रुचि अनुसार स्नातकोत्तर तहसम्म रोजगारमूलक सामान्य शिक्षाका साथसाथै तथा व्यावसायिक र प्राविधिक शिक्षा निशुल्क दिने व्यवस्था गर्ने । यसको जिम्मेवारी माध्यमिक शिक्षासम्म स्थानीय सरकारलाई र उच्च शिक्षासम्म प्रदेश सरकारलाई प्रदान गर्ने ।

४/१०.६ सम्पूर्ण छात्रावासको व्यवस्थापन खर्च र अभिभावकत्व सरकारको तर्फबाट हुने व्यवस्था : अब उप्रान्त उच्च शिक्षा, व्यावसायिक र प्राविधिक शिक्षाको लागि छात्रावासमा रहेर अध्ययन गरिरहेका कमलहरीको लागि खोलिएका भनिएका ५ वटै छात्रावासको ७० प्रतिशत व्यवस्थापन खर्च सम्बन्धित प्रदेश सरकारले व्यहार्ने नीति निर्माण गर्ने । यसका लागि ३० प्रतिशत खर्च स्थानीय सरकारले दिने नीति अवलम्वन गर्ने ।

छात्रावासमा रहेर अध्ययन गरिरहेका सबै अभिभावकविहीन कम्लहरीको आवास खाना लगायत सम्पूर्ण छात्रावास खर्च, पकेट खर्च बापत मासिक रु १००० र अभिभावकत्व स्थानीय सरकारले लिने नीतिगत व्यवस्था गर्ने ।

४.१०.७ यौन हिंसाका दोषीलाई कडा दण्ड : यौन हिंसाको शिकार भएका वा यसबाट हत्या समेत भएका सबै कम्लहरीको सत्यतथ्य खोजविन गरी दोषीलाई कानुनको कठघरामा उभ्याउन तथा कडा दण्ड दिन सरकारी उच्च अधिकारी, प्रहरीका उच्च अधिकारी र सरोकारवाला सम्मिलित एउटा ३/५ सदस्यीय अनुसन्धान संयन्त्र अविलम्व निर्माण गर्ने । त्यसले एक महीनाभित्र आफ्नो प्रतिवेदन बुझाउनु पर्ने, गर्ने ।

४.१०.८ वलात्कारका कारण पैदा भएका कम्लहरीका सन्तानका लागि पहिचान दिने र शिक्षादीक्षाको व्यवस्था गर्ने । यसको जिम्मेवारी स्थानीय सरकार र प्रदेश सरकारलाई प्रदान गर्ने ।

*श्याम श्रेष्ठ*
*संविधान सभा सदस्य*
*अध्ययन समितिका संयोजक*

# हामी आफ्नो उत्पादन बेच्न लजाउँछौं

*डा.टेक बहादुर गुरुङ नेपालको कृषि क्षेत्रमा चिर परिचित व्यक्तित्व कृषि क्षेत्रमै समर्पित जीवन, कृषि क्षेत्रमा अध्ययन अनुसन्धान गरिरहनु भएको छ । उहाँलाई कृषि क्षेत्रको एउटा माहिर व्यक्तिको रुपमा लिइन्छ । गुरुङसँग कृषि जर्नल मासिकको लागि धनबहादुर मगरले लिएको प्रस्तुत वार्ताको अंश :*

**संक्षित परिचय दिनुहोस न ?**

म नेपाल सरकारको कर्मचारी, गोरखपुर विश्व विद्यलयमा मत्स्य अनुसन्धान सम्बन्धी स्नातकोत्तर गरेपछि जागिर खान भनेर नेपाल आएँ । माछा सम्बन्धी काम गर्नको लागि मत्स्य सहायक विकास अधिकृतको रुपमा भर्ना सरकारी सेवा भर्ना भएँ । त्यसपछि मेरो रुची अनुसन्धान तिर बढेको हुँदा कृषि अनुसन्धान परिषद् गठन भएपछि प्रसार सेवाबाट समाहित भएर निरन्तर यही परिषदमा काम गरेँ । काम गर्दै जाँदा मौका नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक सम्म बन्न सफल भएँ ।

अन्नबाली, बागवानी, माछा सम्बन्धी काम गर्दै जाँदा जलवायू परिवर्तनको समस्यासँग जुझ्नको लागि पढेर आएकोले पछि सोच्दै जाँदा जलवायू परिवर्तनको विषय पनि गहन लाग्यो । सोच्न थाले अब कृषिलाई कसरी बचाउने ?

**यहाँले जलवायू परिवर्तन र रैथाने बालीको विषयमा कृषि अनुन्धान परिषद्मा रहँदा परिषद्को तर्फबाट रैथाने बाली संरक्षणमा आफ्ना भूमिका कस्तो रह्यो केही जोड दिनु भयो कि भएन ?**

यहाँ सरकारको कृषि क्षेत्रको उच्च व्यक्तित्व, जनजाति व्यक्तित्व भएको हिसाबले आदिवासी रैथाने बालीहरुमा मनमा कतै यसरी विकास गर्न पाएको भए बालीको संरक्षण हुन्थ्यो भन्ने केही अनुभव भयो कि भएन ?

वास्तवमा मिठो प्रश्न गर्नु भयो । वास्तवमा अहिले पनि लाग्छ । निरन्तर अनुसन्धानका लागि राखौं ।

मलाई लाग्छ निरन्तर अनुसन्धान लागि राखौं । हामीले बजार पहिचान गरेर किसान समक्ष पुर्‍याउन सकेका छैनौं । अझै व्यवहारिकता दिन, रोजगारीको युक्त बनाउन सकेका छैनौं । पशु पालनको पनि धेरै विषयहरु छन् । आफ्नो कार्यकालमा के गर्नु भयो होला ? म कृषि अनुसन्धान परिषद्मा हुँदा स्थानीय बालीको पशुको, माछाको सबैको स्रोतको व्यवस्था मासिएर नजाउन, अहिले पनि रहीरहुन भनेर जति पनि कार्यक्रमलाई बल पुग्ने गरि त्यसलाई विकास गर्ने काम गरियो । किसानहरुका लागि अझ केही गरिदिनु पाए हुन्थ्यो भन्ने लाग्छ । त्यसैको परिणाम स्वरुप विभिन्न खाद्य बालीको बीउहरु संरक्षणको लागि एउटा जीन बैंक अनुवंशको स्रोत केन्द्रको स्थापना गरेर संरक्षण गर्ने काम गर्‍यौं । नेपालमा जति पनि विकास भएका पहाड, तराई, हिमालबाट बिउहरु संकलन गरि ल्याएर संरक्षित गर्न भनेर ल्याई राखेका छौं । र १०० वर्षसम्म केही नहुने गरि संरक्षण गरेका छौं । जो हाम्रा किसान दाजुभाई दिदीबहिनीहरु हुनुहुन्छ । स्थानीय बालीमा आफूलाई आत्मनिर्भरता बनाउनु भयो भने उहाँहरुले अन्य बिउविजनतिर जानु पर्दैन जस्तो लाग्छ । पशुपालनको क्षेत्रमा पहाडमा हुने लुलु गाई, कार्यक्रमहरु बनाई दिएका छौं । हाम्रो देशमा पाइने गाईभैसी तीन थरिको काश्की, बाग्लुङ्ग, तनहु जिल्लामा पाइने गाईभैंसीहरु र सुदुरपश्चिममा हुने लिमे, पाल्कोटे गाईभैंसीहरुको जात संरक्षणको लागि जोगाउनु भनेर कार्यक्रम बनाइएका छन् । उत्पादन कसरी बढाई दिने यसको विशेष महत्व छ । ती स्थानीय जातका गाई भैंसीहरुमा बोसोको मात्रा कति छ ? मासुको कस्तो महत्व छ । मासुमा कस्तो खालको विशेष तत्व पाइन्छ ? जसले गर्दा स्थानीय दाजुभाई दिदी बहिनीहरुलाई लाभ हुने कुरा कसरी लिन सकिन्छ भन्ने कुरा ध्यान दिइएको छ ।

मेरो अनुभवमा धेरै थोरै माछामा योगदान रहेको हुँदा कसरी संरक्षण गर्न सकिन्छ भन्ने ज्ञान भएकाले आफूले जानेको कुरा लागु गर्न जोड दिएको थिएँ ।

नेपालमा स्थानीय जातका धेरै जातका पन्छिहरु र धेरै जातका जनवारहरु छन् । यसमा काम गर्न सक्यौं भने भोली गएर नेपाली किसानहरुको समृद्धि र अस्तित्व यिनै रैथाने बालीमा हुनसक्छ ।

हामीसँग असाध्यै ठूला ठूला शक्तिशाली देशहरु भारत र चिन छन् । उनीहरुसँग अन्नबाली,



धान, मकै, गहुँ फलाउनमा क्षमता राख्दछन् । उनीहरुसित प्रतिप्रर्धा गर्न सकिन्न । उनीहरुको उत्पादन भन्दा हाम्रो उत्पादनको मूल्य बढी पर्दछन् । तर हामीले पनि आफ्नो उत्पादित मूल्य कसरी लिने भनेर सोच्दै जलवायू परिवर्तनसँग जुझ्न सक्ने जुन स्थानीय खाद्यान्न बालीहरु छन्, माछाहरु छन् तिनीहरुको उत्पादन गरि लिन सकिन्छ । त्यसलाई संरक्षण गर्दै एकदुई रोपनीमा सीमित भएका छन् भने । ठूलो किसान बनेर पैसा कमाउने सपना देख्न जरुरी छ ।

परम्परागत खेती भन्दा अझ माथि उठ्नु पर्छ भन्ने कृषि अनुसन्धान परिषद्को टिम छ । त्यसले मात्र पुग्दैन त्यसलाई कार्यन्वयन गर्दै आएको एउटा व्यक्तित्वको नाताले अब अलिकति के हुन सक्छन् भने प्राङ्गारिक मल कसरी प्रयोग गर्नु पर्छ भन्ने विषयमा अगाडि बढौं । म परिषद्मा रहँदा त्यहाँको सोच के बनेको थियो ।

**हिजो देशमा रासायनिक मलको प्रयोग नगरिकन कृषि गरिन्थ्यो आजको समयमा रासायनिक मल प्रयोग नगरिकन कृषि हुँदैन भन्ने भ्रमलाई कसरी चिर्न सकिन्छ ? अब रासायनिक मल प्रयोग नगरिकन वृहद रुपमा कृषि उत्पादन पनि लिन सकिन्छ भन्ने धारणाको पनि विकास भईसकेको छ । एक पाइला अगाडि बढेर र एक पाइला पछाडि फर्केर सोच्दा यहाँले कसरी लिनु भएको छ ?**

परम्परागत रुपमा खेती गर्दा रासायनिक मलको विकास भएको थिएन । जति पनि उत्पादनहरु अर्गानिक खालको थियो । अर्गानिक मल नै प्रयोग गरेर नै आएका थियौं । अहिले पनि हाम्रा डाँडा काँडामा रासायनिक मलको प्रयोग गरिदैन । उही भएको अर्गानिक मलनै प्रयोग गर्ने हो र तर परिस्थिति परिवर्तन भयो । पहिलेको जस्तो अवस्था रहेन । आजभन्दा १ सय वर्ष अगाडि नेपालमा ५० देखि ७५ लाखको हाराहारीमा जनसंख्या थियो । वनमै उत्पादन भएको वनमै खाएर पनि पुग्थ्यो । अहिले नेपालको जनसंख्या ३ करोड पुग्यो । खानपानमा पनि परिवर्तन आयो । ३

करोड जनताले तरुल र गीठा मात्रै खाएर पुग्दैन । त्यसकारण उत्पादन बढाउनु परेको हो । पहिले पहिले मानिसहरु कृषि पढ्दा सोच्थे । ए यस्तो खेती गर्न पनि पढ्नु पर्छ र ? भन्थे । गाई पालन, माछा पालन गर्नको लागि पनि विदेशतिर जानु पर्छ र भनेर सोच्थे । पुग्नु पर्छ अहिले पनि सोधिन्छ, जरुरी छ ? अहिले पनि ३ करोड पुग्छ । अब के खुवाउने ? चिन्ता गर्न जरुरी छ । हामी कहिले काहीँ स्थानीय परिवेशलाई झिकेर बाहिरको परिवेशलाई हेर्नु पर्छ । सबैलाई अर्गानिक उपजनै खुवाउनु पाएत राम्रो हुन्थ्यो भन्ने हो । तर सबैलाई खुवाउन सकिन्न कि भन्ने नीतिगत चिन्ता छ जसले नीतिगत रुपमा काम गर्छ । उसले ओहो मेरो गाउँमा त १० अर्ब मानिस बस्छन् नि । एक्कासी भोकमरीको सिकार भयो भने दोष त मलाई आउँछ भन्ने चिन्ताबाट ग्रष्ट भएको हुनाले चिन्तन मननकै दौरानमा रासायनिक मलको विकास भयो । अहिले रासायनिक मलको ठूलो चिन्ता, रासायनिक मल मात्र प्रयोग गरियो भन्ने हो । स्वाभाविक पनि हो माटोको उर्वरा शक्ति घट्छ र यसलाई एकैचोटी घटायो भने उत्पादन पनि घट्छ भन्ने चिन्ता हो । रासायनिक मल सर्वथा गलत पनि होइन । जहाँ रासायनिक मलको प्रयोग गरेको छैन त्यहाँ अर्गानिक खेतीहरु गर्ने गरि त्यस्तो प्रणाली विकास गर्न सकेको खण्डमा उत्पादनलाई सन्तुलनमा ल्याउन सकिन्छ । र रासायनिक मल प्रयोग गर्दा मिलाएर सदुपयोग गर्न नजानेको हुनाले पनि रासायनिक मल अभिशाप भयो भनेर बुझ्न सकिन्छ । त्यसकारण त्यो भन्दा अगाडि गहिरो चिन्तन मनन गर्न जरुरी छ ।

**आदिवासी बिउ विजनले अधिपत्य जमाउँदै विदेशी आयातित बिउ विजनहरुले बजार खाईरहेको अवस्था छ । धेरै किसानहरुले आफूले राखिएको बीउविजन छोडेर आयातित बिउ विजनहरु प्रयोग गरिरहेका छन् यस विषयमा के भन्नु हुन्छ ?**

त्यही खेतीमा त्यही बिउ विजनमा निर्वाहमूखी थियौं । विकासे जातका विदेशी बिउहरु आईरहेको छ । यो सन्दर्भमा आदिवासी रैथानै बिउ विजन जगाउनका लागि प्रयास गर्दा सफल हुन्छ कि हुन्न जस्तो लाग्छ ?

वृहद आशावादी छु । यसरी पनि दिगो हुनु पर्छ भनेर म आशावादी छु । तर दिगो गराउने कसरी ? मैले एउटा विउ निकालेर छ्याप् छ्याप्ती पार्छु भनेर सक्छु र ? उपभोक्ताले नकिनेमा छ्याप छ्याप्ती त हुँदैन । छ्याप् छ्याप्ती हुन कुन चाहीँ उपाय अपनाउनु पर्छ । मेरो विचारमा जुन बढी फल्छ त्यो मात्र बढी छ्याप् छ्याप्ती हुने हो ।

त्यसकारण छ्याप् छ्याप्ती गराउनको लागि म पनि यदि म आदिवासी बीउमा काम गर्छु पशुपन्छीको नश्ल सुधारमा काम गर्छु भनेर मेरो उत्कन्ठ चाहना राखेर यो विदेशी बीउ आएको छ । यो भन्दा बलियो नेपाली बिउ छ्याप् छ्याप्ती बनाउनु पर्छ ।

प्राङ्गारिक भनेर अनुसन्धान गर्नु पर्‍यो । त्यो जिम्मा कसको, जसलाई समग्रमा हेर्दा त सरकारको हो । सरकारले पनि के गर्छ र ? सरकार भन्ने चिज हामीबाटै बनेको हो नि । हामी जस्तो हुन्छ । सरकार पनि त्यस्तै हुने हो । हामी अर्कै र सरकार अर्कै किसिमको हुन भन्ने हुँदैन । त्यसकारण हामी सबै सरकारको हो । प्रयास गर्नु पर्छ । त्यसपछि सरोकारवाला छन् । उनीहरुलाई सरकारले दायित्व दिने हो । कम्पनी, समूह, अविभारा दिने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्नु हो । मेरो गाउँमा विशेष स्वाद भएको वस्तु उत्पादन बजारमा गयो भने । बजारीकरण गर्ने कुरा आत्मविश्वास हुनुपर्छ । मायाले मात्र केही पनि हुँदैन । मायाँ भन्ने कुरा आफ्नै ठाउँमा छ । त्यसको साथमा कमर्शिलय गर्न जान्नु पर्छ । राम्रो छ, के कुरामा राम्रो छ ? बढी फल्ने हो की त्यसमा बढी पोषिलो चिज छ ? कुनै सुगन्ध छ कि औषधी मुलोको गुण छ ? त्यो खाएर कुनै विमारी चट् निको हुन्छ भन्ने गुणको पहिचान गरेर त्यसलाई बिक्री गर्न योग्य बनाउनु पर्छ ।

अहिलेको विश्व परिवेश बदलिएको हो की जस्तो लाग्छ । विश्व प्राङ्गारिक अवस्थामा गईरहेको र गईसकेको अवस्था छ अहिले । जनसंख्याको वृद्धिदर बढे पनि, हाम्रो देश यस्तो देश हो प्राङ्गारिक नुहने प्रश्नै छैन । प्राङ्गारिकै प्राङ्गारिक छन् । ४० प्रतिशत त हाम्रो धर्तीमा जंगलै जंगल छन् ।

**सिक्किमले विगतमा रासायनिक मलको प्रयोग गरिन्थ्यो । अहिलेको प्राङ्गारिकमा गईसकेको छ । सिक्कम प्राङ्गारिक देशको रुपमा चिन्न सकिन्छ । सिक्किमलाई प्राङ्गारिक खेती गरेको भनेर राष्ट्रू संघले पुरस्कृत गरिएको छ । हाम्रो देशलाई पनि प्राङ्गारिक देशको रुपमा लान सकिदैन ?**

खाद्य सुरक्षाको ग्यारेन्टी गर्ने दायित्व सरकारको हो । प्राङ्गारिक तिर जान हाम्रो अभिष्ट चाहना छ । अघिनै मैले जनसंख्याको हवाला दिएर भनेँ खाद्य सुरक्षा ग्यारेन्टी गर्न यो सबैको दायित्व पनि हो । तपाईले सिक्किमको उदाहरण दिनु भयो । सिक्किम प्राङ्गारिक उत्पादनमा गएकोमा स्वागत योग्य छ । तर, याद राख्नु पर्ने कुरा के छ भने स्मरण रहोस् ६ लाख मानिसलाई त वनमा भएको चिजले पनि त पुग्छ होला । मैले भने नि वनमा हुने चिज खाएर, खेती नगरे पनि वनमै बस्न सकिन्छ । तर यहाँ त ३ करोड जनताको कुरा छ ।

अहिले भरखरै श्रीलंकाको अवस्था भयावह छ । हरेक चिजको अभाव छ । एक के.जी. चामलको मूल्य ३ सय रुपैयाँ पुगेको अवस्था छ । यहाँ पनि त्यस्तै खालको प्रेसरले अर्गानिक अर्गानिक मात्रै बनाउने भनेर नीति ल्याईदियो भने त्यहाँको आर्थिक संकट र खाद्य संकट जस्तै यहाँ पनि नहोला भन्न सकिन्न । श्रीलंकालाई अर्गानिक घोषित गरिनु ठूलो भूल थियो भन्ने वैज्ञानिकहरुको दावी छ । नगर भनेको छैन । सरकारले गर्ने काम गर्नु पर्छ । यथेष्ठ कुरा जो हुन सक्छ गर्नु पर्छ ।

अनि तपाईले अर्गानिक खेती गर्नेको संख्या बढी रहेको उदाहरण दिनु भयो । मैले केलाइएर हेर्दा थोरै मानिसहरुमा अर्गानिक खेतीलाई अझै विश्वास गरिन्छ । उत्पादन कम हुन्छ । त्यसका लागि अरु पनि उपायहरु छन् । कृषि क्षेत्रमा ९० प्रतिशत काम धानेको भनेको महिलाले हो । मेरो बजैले हो । मेरो आमाले र श्रीमतीले हो । मेरो भाइले काम गर्दैन । उ चाहीँ क्यारम वोर्ड खेलेर बस्छ । अनि गोबरको भकारी आमा दिदीबहिनीलाई बोकाउनु लगाउने ? भन्ने खालको आरोप लाग्छ । रासायनिक मल त चिनी जसरी लिएर गयो छरेर आयो फेरि अर्गानिक मल त चिनी जसरी छरेर आउन सकिदैन । फेरि पछाडि तर्फ फर्कनुको मतलब लैङ्गिक विभेद हो ।

उत्पादन गरेको वस्तु बिक्री गर्न ल्याउनु हुँदैन । शहरमा उडीरहेको पैसा छ । त्यसलाई कुन माध्यमले पकेटमा ल्याउने र घरपरिवारलाई सुखी राख्ने हो भन्ने तर्फ ध्यान जानुपर्छ । म काम गर्दैन म त सफा सुग्घर भएर दौरा सुरुवाल लगाएर गाउँ गाउँमा डुल्ने हो । सरकारले केही सहयोग त गर्ला ।

कृषिलाई जोगाई राख्नको लागि यसलाई विशेषाकृत गर्नु पुर्‍यो । नेपालले गरेर देखाउने छ भनेर जानु पर्‍यो । अन्यथा चुनौती पूर्ण मार्ग हो । यस्तै रह्यो भने नेपालको कृषि त्यसमा साना किसानको हकबाट ठूलो किसानको जरुरी भैसकेको छ । विकल्पमा काम गर्ने मान्छे छैन । विकल्पमा हाते ट्रेक्टर, कोल्ड स्टोर, डिफ्रीज थुप्रै खालको मेशिनरीहरु

छन् । लाख रुपैयाँ पर्ने मेशिन लगेर जोताएर काम छैन । मेशिनलाई प्रयोग गर्न ठूला ठूला डाँडामा खेती गर्नु पर्‍यो । कर्मचारी राखेर गर्नुपर्‍यो । त्यसो नगरीकन कृषि उत्पादन बढाउन सकिन्न । विदेशमा उत्पादित वस्तु छ । तिनसँग प्रतिस्पर्धा गर्न सकिन्न । तिनीहरुको भन्दा सस्तो र गुणस्तरीय चिज उत्पादन गर्ने हो भने बल्ल म कहाँ आउने हो ।

जलवायु परिवर्तन भईरहेको छ । अब सामुहिक खेती तर्फ जोड दिनुपर्छ किसान साह्रै सानो छ भने विशेषाकृत हुनुपर्‍यो ।

के सानो फोक्टामा कृषि गरेर आफ्नो परिवार धान्न सक्छ ? त्यसलाई विशेषाकृत तर्फ जोड दिनु पर्छ र जुन जीजको महत्व छ त्यसको विशेषाकृत गर्न जरुरी छ ।

**छुटेको कुरा केही छ की ?**

पहिलो कुरा त हाम्रो समाज आफूले उत्पादन गरेको वस्तु बिक्री गर्न लजाउने समाजको हो हामी त्यही समाजको मान्छे हौं । म त जान्न बिक्री गर्न । बजारमा भन्ने थुप्रै छन् । तर त्यस्तो कुराको परित्याग गर्नु जरुरी छ । काँक्रा, करेला, मात्र भने पनि काठमाडौं छताछुल्ल पार्ने खालको परिदृष्य चाहिन्छ । हामी कहाँ एउटाले अदुवाको खेती गर्‍यो भने अर्कोले पनि अदुवाकै खेती गर्छन् बजारको एउटा समस्या पनि त्यसरी जन्मिन्छ ।

# समस्याग्रस्त सहकारीका विषयमा मन्त्री श्रेष्ठलाई समितिले बुझायो प्रतिवेदन

बैशाख २२, २०७९ ⁄समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठलाई आज समस्या ग्रस्त सहकारी संस्थासम्बन्धी प्रतिवेदन बुझाएको छ ।



समितिले मन्त्रालयबाट समस्याग्रस्त घोषणा गरी समितिमा रहेका सहकारी संस्थाहरु मध्ये ओरेण्टल को( अपरेटिभ लिमिटेड, सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड र लु:निभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सम्बन्धमा प्रतिवेदन बुझाएको हो । प्रतिवेदन बुझ्दै मन्त्री श्रेष्ठले सहकारीको आधारभुत मुल्य, मान्यता र सिद्धान्तको पालना गराउने र निश्चित सिद्धान्त र मापदण्डका आधारमा मागदावी कर्ताहरुलाई रकम उपलब्ध गराउने व्यवस्था गर्ने गरी काम गर्न आग्रह गर्नु भयो ।

मन्त्री श्रेष्ठ सहकारीहरुमा समस्या आउनै नदिने गरी काम गर्न कार्ययोजना बनाएर लागि पर्नु पर्नेमा जोड दिदै आवश्यक कानुनी तथा नीतिगत व्यवस्था गर्न मन्त्रालय तयार रहेको बताउनु भयो ।

सहकारी संस्थाहरुले सहकारीको मुल्य, मान्यता र सिद्धान्तले स्व(उत्तरदायी, इमान्दारी, पारस्परिक सहयोग जस्ता अवधारणलाई आत्मसाथ गरी सहकारीमा सुशासन प्रवर्द्धन गर्ने कानुनी जिम्मेवारी विपरित हुने गरी कार्य गरेको कारण सहकारी संस्थाहरु समस्या ग्रस्त बनेको निश्कर्ष समितिले निकालेको छ ।

समितिले निक्षेपकर्ताको बचत रकम सहकारीको उद्देश्य र सिद्धान्त विपरित कानुनको प्रत्यक्ष बर्खिलाप हुने गरी दुरुपयोग गरेको, ऋण दिदा जमानत वा सुरक्षण नराखी वा धितोको अस्वभाविक बढी मुल्य कायम गरी ऋण प्रवाह गर्ने गरेको, कृत्रिम व्यवसाय खडा गरी ऋण दिने गरेका कारण समस्या उत्पन्न भएको प्रतिवेदनले देखाएको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष काशीराज दाहालले सिद्धान्त र मापदण्ड बनाएर समस्याग्रस्त सहकारीको समस्या समाधान गर्ने गरी समितिले काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।


**पशुसेवा विभाग**

**राष्ट्रिय पशुपन्छी स्रोत**

**व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय**

**हरिहरभवन, ललितपुरको अनुरोध**

-पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
-घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
-स्वास्थ तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्ना फर्ममा असल पशुपालन अभ्यास (Good Husbandary Practices) र असल उत्पादन अभ्यास (Good Manufacuturing Practices) को अवलम्वन गरौं ।
-रैथाने तथा लोपोन्मुख पशुपन्छीहरुको संरक्षण, सम्वर्द्धन र सुदपयोग गरौं ।
-अनुत्पादक पशु वस्तुहरुलाई सडक तथा सार्वजनिक स्थानहरुमा छाडा नछाडौं ।
-आफ्ना पशुपन्छीहरुलाई नियमित रुपमा परजीवि नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरुद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि
सम्पर्क फोन : ०१५५२२०३१
इमेल : info@nlrmpo.gov.np

# भू-उपयोग नियमावली २०७९ आउन राष्ट्रिय किसान सञ्जालको महत्वपूर्ण भूमिका खेल्यो :



कार्यन्वयन गर्न कञ्जुस्याई नगर्न सुझाव । कृषि उत्पादन बढाउन भूमिलाई व्यक्तिबाट झिकेर राष्ट्रियकरण गर्न माग ।

काठमाडौं जेठ १६ राष्ट्रिय किसान सञ्जालले एशिया प्रशान्त किसान कार्यक्रम (एपीएफपी) अन्तर्गत जमीनको खण्डीकरणले उत्पादन लागत र यान्त्रीकरणमा पारेको प्रभाव सम्बन्धी राष्ट्रिय अन्तर्क्रिया कार्यक्रम गरेको छ ।

National Interaction on Land Fragmentation Impacts on Cost of production and Mechanization, Held on Siddharth cottage, Old Baneshwor Kathamandu, 30 May 2022

कृषि भूमि र कृषि उत्पादनलाई जोड दिइएको उक्त कार्यक्रम र उत्पादन बढाउनु नसक्नुमा भूमिकै समस्या रहेको अन्तर्क्रियात्मक कार्यक्रमा उठेको छ ।

अखिल नेपाल किसान महासंघका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि चित्रबहादुर श्रेष्ठले जमीनको सामाजिकीकरण यान्त्रीकीकरणको विषय आज उठान भयो । के कारण जमीनको खण्डीकरण रोकिएन । उत्पादनमा मानव सिर्जित होइन, प्राकृतिक सिर्जित हो भन्यौं । तर यसलाई कार्यन्वयन गरेनौं । अब वैज्ञानिक सुधारले मात्र होइन समग्र उत्पादनमा वृद्धि गरौं । सरकार चोरबाटोबाट भूमि बैंक ऐन ल्याउन लाग्यो । खाद्य सम्प्रभुत्ता ऐन किसान सञ्जालकै कारण आउन सफल भयो ।

हाम्रो सिद्धान्त र व्यवहारमा निकै ठूलो अन्तर छ । सरकारले वाध्य भएर योगदानमा आधारित किसानको पेन्सनको व्यवस्था गरेको छ । यो किसान आन्दोलनको उपज हो । भूमि ऐन संशोधन गरेर भूमि बैंकलाई छिराउने खोज्यो । भूमि बैंकको विरुद्ध हामीले प्रतिरोध गऱ्यौं । भु-उपयोग नियमावाली पारित भएको छ । भूमि बैंक ऐन सञ्जालको कारण नै रोकिएको थियो । भूमि ऐन, भूमि बैंकलाई टेकेर भरखर मन्त्री परिषद्मा भू-उपयोग नियमावाली पास भएको छ । यो नियमावालीमा भूमि बैंक हटाएर आयो, यो खुशीको कुरा हो ।

भूमि खण्डीकरण र उत्पादनमा एक ढिक्का भएर लागौं । गरिबी, अंशवण्डा, रेमिटेन्स, भ्रष्टाचार, लगानीको माध्यम, जमीन खण्डीकरण गर्दा कसको कति कित्ता बढ्ने भन्ने तिर नलागी कार्यक्रमलाई अगाडि बढाऔं ।

अखिल नेपाल किसान महासंघ अध्यक्ष बलराम बाँस्कोटाले सन् २००४मा विश्व व्यापार संगठनको प्रस्ताव आयो । २०१५ को किसान मञ्च (फार्मर फोरम) बन्यो । बुँदा नं ८ मा नेपालले हस्ताक्षर गरेको थियो । सन् २०१४ देखि विश्व व्यापार संगठन ध्द्इ को मन्त्रीस्तरीय सम्मेलनले अवधारणा पारित गऱ्यो । बाँस्कोटाले भने हामी खाद्य संकटको समस्यामा छौं । खण्डीकरणले कृषि भूमि जुन समस्या सिर्जना गरेको थियो यान्त्रीकरणमा स्वभाविक रुपमा समस्या भयो । जमीन प्राकृतिक साधान हो । व्यक्तिको स्वामित्वबाट भूमि झिकी दिनुपर्छ । 'थाल्इल्याण्ड, फिलिपिन्समा भूमि बैंक अवधारणामा असफल भएको छ ।'

हामीले अन्तर्राष्ट्रिय क्षेत्रका पूँजीवादीहरु र भारतीय किसान आन्दोलनबाट शिक्षा लिएका छौं । कृषि भूमिको खण्डीकरण रोक्ने एक मात्र उपाय भनेको कृषि भूमिलाई राष्ट्रियकरण गर्नु हो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सह( सचिव राजेन्द्र मिश्रले जमीनको खण्डीकरण कृषि योग्य भूमि सामाजिक, आर्थिक, राजनैतिक रुपमा रोक्न गाह्रो छ । संविधानमा भएको निजी सम्पत्तिलाई व्यक्तिको अधिकारको व्यवस्था गरेको छ । आर्थिक रुपमा जमीन उपाजर्नको लागि उपयोग गरिन्छ । जमीनमा आर्थिक लगानी गर्ने सुरक्षित लगानीको लागि जमीनमा लगानी गर्दा जमीनमा खण्डीकरण भएको हो । सामाजिक, आर्थिक, राजनैतिक रुपमै जमीनको खण्डिकरणको मुख्य समस्या हो ।

सन् २०१९ मा १ करोड १९ लाख कित्तामा जमीन बाडिएका थिए । अहिले जमीन २ करोड कित्ता पुगेको अनुमान गरिन्छ । वर्षभरि काम गर्दा पाउने सरदर ३२ हजार आम्दानी भनेको २८-३० प्रतिशत मात्र हो । बाँकी ७० प्रतिशत जग्गा गरामा रुख लगाउँदा अर्कै वा उत्पादन लागत र ३६ हजार वार्षिक, कृषि बाली आम्दानीबाट जसको आय दैनिक रु.२०० सय मात्र पर्न आउँछ । बाहिरी ज्याला रु.१०००/ पाइन्छ । यस्तो अवस्थामा कसरी कृषिमा प्रति आकर्षण हुन्छ ? जबसम्म समान आयको स्तरमा वृद्धि हुँदैन तबसम्म कृषिमा आकर्षण बढ्दैन ।

यान्त्रीकरण र सिँचाईको महत्व बढेको छ । सामाजिक आर्थिक रुपमा तपाईहरु जिम्मेवारी लिनुपर्छ । यसलाई सहकार्य गरेर मात्र सफल बनाउन सक्छौं ।

हामीले योजना कार्यन्वयन गर्न किन पछि पर्ने ? संविधानले दिएको अधिकार अन्तर्गत भू( उपयोग दुरुपयोग गर्दैन भन्ने नियमावाली किन बनाउँदैनौं ।

सिँचाई उपभोक्ता महासंघका महासचिव शम्भु दुलालले कार्यक्रम माथि टिप्पणी गर्दै भने, खेती गऱ्यो पराल नाफा, जमीनको खण्डीकरण रोक्ने कानुनी व्यवस्थामा परिवर्तन गरिनु पर्छ। जमीन चक्लावन्दीको पनि कानुन बनाउन छलफल गरौं। जमीनलाई व्यक्तिगत सम्पत्तिको हकमा राखुञ्जेल जमीनको खण्डीकरण रोक्न सकिदैन।

राष्टिय कृषक समूह महासंघका अध्यक्ष नवराज बस्नेतले जमीन खण्डीकरण, जमीन टुक्राउनु उत्पादन लगाउन उस्तै हुन्, यान्त्रीकरणमा समस्या आउनु उस्तै हुनु। राज्यले भू उपयोग नीति बनाएको छ। नियमावाली नबनाएर कानुन नगई हुँदैन। सामूहिक खेतीबाट उत्पादन बढाउन र लागत घटाउन सक्छौं। भूमि प्राकृतिक स्रोत हो। भूमिको लागि आर्थिक अन्तर्गत जबसम्म समावेश गर्छ तबसम्म खण्डीकरण रोकिदैन।

राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सरस्वती सुब्बाले विगतमा भूमिहिन र हरुवा चरुवालाई भूमिको छुट सम्बन्धि होकि प्लटिङ हो भनिथ्यो, तर वर्तमान समय के हो ? धारणामा परिवर्तन आउनु पर्छ। सिमराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल, झापामा टि स्टेट, तराईमा ईटा उद्योगले जमीन खण्डीकरण गरी उत्पादन तहस नहस हुन पुग्छ र भारत माथि निर्भर नभै चुला बल्दैन। भू-उपयोग नियमावाली बनाउन सकेनौं भने भू(उपयोग नीति कार्यन्वयन गर्न सक्दैनौं। कृषि विकास गर्न उहाँहरुलाई सहभागी गराऔं।

सुब्बाले मलखादको विषयमा कसरी उपलब्ध गराउन सकिन्छ ? सेवा सुविधाबाट वास्तविक कृषक वञ्चित किन ? राष्ट्रिय किसान महासंघले कस्तो नीति लिएको छ ? यसमा भौगोलिक अवस्था अनुसार कस्तो कस्ता बोट बिरुवा हुन्छ ? ति उपलब्ध गराइयोस।

सार्वजनिक जग्गा अतिक्रमणमा राज्यले कस्तो नीति लिएको हो ?

दलित वर्गलाई भूमिबाट वञ्चित नगराउने भन्ने नीति थियो। त्यो नीति कसरी प्रस्तावमा जान्छ र कार्यन्वयन गर्न पहल गर्नु पर्छ।

केन्द्रीय सहकारी संघका उपाध्यक्ष मिना पोखरेलले जसको थोरै जमीन छैन उसको धेरै खण्डीकरण भैरहेको छ। जसको धेरै जमीन छ झन् थपिदै थपिदै गएको छ। पारिवारिक, कृषि प्रणालीको माध्यमबाट सामुहिक खेती प्रणाली गरि सहकारी सहितको सहकार्यमा कृषिलाई अगाडि बढाउन सकिन्छ।

लाभिया क्याम्पाासिनाका युवाको नेता प्रमेश पोखरेलले विश्वमा खाद्यान्न संकट भएको समयमा हामी उभिरहेका छौं। कृषि मन्त्रालय भूमि बैंकको स्थापना गर्न लागि रहेको छ। २०७८ को तथ्याङ्कमा ६७ लाख घरपरिवार संख्या भए अनुसार जमीन टुक्रा अत्यधिक बढ्नगई कृषिमा लागत बढेको छ।

जमीन चक्लावन्दी गरेर सामूहिक कृषि गर्न आवश्यक छ। भू(उपयोग ऐनले १० भागमा बाँडेको छ। त्यही गौरवको आयोजनासँगसँगै धेरै किसिमको जग्गा बनाउन सक्छौं।

भारतमा गएकाहरु बाहेक श्रम स्वीकृति लिएको जनसंख्या ६५ पुगेका छन्। युवा जनशक्ति बाहिरिनु दुःखको कुरा हो। भारतमा अझै कति लाख छन्।

विश्व बैंकले नै भूमि नियमावालीमा जोडिएर खाद्यान्न बैंकमा जोडिन खोजेको छ। यान्त्रीकरणको नाममा पाखा पखेरामा पनि ट्रेक्टर र मेशिन प्रयोग गर्न लागेको छ। देश काल परिस्थिति सुहाउँदो समाजवादमा आधारित अर्थतन्त्रको विकास गरिनु पर्छ।

किसान नेता प्रेम प्रकाश नेपालीले कम्पनी वा संस्थाले जग्गा राख्दैमा सहयोग गर्छन भन्ने के छ ? जमीन उपयोग नभएको अवस्थामा के गर्ने ? नयाँ कानुन बनाएर किसानको तल्लो तह सम्म कसरी पुऱ्याउन सक्छौं। त्यस प्रति सबैको ध्यान जान जरुरी छ।

अखिल नेपाल किसान महासंघ (अप्फा)का अध्यक्ष भैरव रेग्मीले चक्लावन्दी प्रणालीमा गएर सामुहिक खेतीका लागि सहकार्य गरौं। जबसम्म कहाँ घर बनाउने ? कहाँ उद्योग खोल्ने ? भन्ने कानून बन्दैन तबसम्म खण्डीकरण रोकिदैन।

नेपाल किसान संघका सभापति भानुभक्त सिग्देलले जबसम्म नीति नियम बन्न सक्दैन तबसम्म खण्डीकरण रोक्न सक्दैनौं। कृषिलाई कसरी सहयोग गर्ने भनेर सरकारको ध्यान गएको छ। सहयोग भयो भने उत्पादन बढ्न सक्छ। २ वर्ष उत्पादन बढाएर मात्र पुग्दैन दिगो हुनु पर्छ।



दिगो रुपमा उत्पादन बढाउने कि २ वर्षको लागि मात्र ? अब यस्तो वहस चलाउनु होस्। पुनः सकुम्वासीहरुको समस्या समाधान गर्न दीर्घकालीन रणनीति अनुरुप कार्य गर्नुहोस्। तपाईहरु सुकुम्वासी आयोगमा हुनुहुन्छ। म किसानको साथमा रहने छु।

लागत बढी भयो भनेर जिज्ञासा आएको छ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का सचिव, संगठन विभाग प्रमुख तथा राष्ट्रिय भूमि आयोगका उपाध्यक्ष नेहन्द्र खड्काले कार्यक्रममा जीवीकोपार्जनको माध्यमनै भूमि भएकोले कृषियोग्य भूमि खण्डीकरण जानुबाट रोक्नु पर्ने कुरा जोड दिए । चितवन, काठमाडौं अत्यन्त कृषि योग्य भूमिमा हो । तर खण्डीकरण हुँदै गएको कारण कृषि योग्य भूमि तहस नहस भएको छ। किसान संघ(संस्थामा साझा धारणाको विकास गर्न आवश्यक छ ।

विदेशबाट रेमिटेन्स आएपनि लगानी गर्ने अर्को ठाउँ नदेखेपछि भूमिमा लगानी गरेको देखिन्छ । हामीले सामाजिक विकृति संस्कृतिलाई प्रोत्साहन गर्‍यो । त्यसकारण पनि खण्डीकरण बट्दै गयो । भुमिको खण्डीकरण सँगै जमीन टक्राउदै गयो । भूमिको दुरुपयोग भइने र भूमिमा गैरकृषि क्षेत्रमा प्रयोग हुने स्थिति छ । र कैयौं बाँझो रहने अवस्था देखिएको छ। खेतीमा लागत थपिनाले आय घट्दै घट्दै गएको देखिन्छ । उत्पादन र उत्पादकत्व कम हुने देखिन्छ । अन्तर्राष्ट्रिय मुद्रा स्फिर्ति घटेको छ। भू(उपयोग नियमावाली आएको छ। नियमावाली कार्यन्वयन गर्न स्थानीय तहलाई अधिकार दिएको छ । दीर्घकालीन कृषि विकास रणनीतिले कृषि भूमिमालाई खण्डीकरण गर्न नदिने भन्ने नीतिमा आधारित छ। बाँझो जमीन राख्नेको जमीन जफत गर्ने नीति छ। अनुपस्थिति भूमिको स्वामित्वलाई नियन्त्रण गर्न भन्ने छ। भूमि बैंक अन्तर्राष्टिय कम्पनीहरुलाई दिने भनेर आएको हो । स्थानीय तहबाट सार्वजनिक जमीन कसैलाई दिन सक्दैन । तर ठूला कम्पनीहरुको हातमा पुगी सकेको छ ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै अखिल नेपाल कुखुरा पालक संघका अध्यक्ष गणेश कुँवरले जमीन खण्डीकरण हुने गरेको छ। जबसम्म नेपालको राज्य सत्तामा रहनेहरुले समयमा नै खण्डीकरण नरोक्ने हो भने खाद्यान्न संकट आउने देखिन्छ ।

अखिल नेपाल तरकारी किसान संघका अध्यक्ष प्रेम वरालले स्वागत मन्तव्य राख्दै किसान माथि विभिन्न समस्या आउने गरेको बताए । वराले भने किसानहरु संगठित भएर आवाज उठाउनु पर्छ ।

कार्यक्रमको उद्घाटन किसान सञ्जालका नेताहरुबाट सामुहिक रुपमा व्यानर पढेर गरेका थिए ।एशिया प्रशान्त किसान कार्यक्रम ( एपीएफपी) अन्तर्गत जमीनको खण्डीकरणले उत्पादन लागत र यान्त्रीकरणमा पारेको प्रभाव सम्बन्धी राष्ट्रिय अन्तर्क्रिया कार्यक्रममा National Interaction on Land Fragmentation Impacts on Cost of production and Mechanization, Held on Siddharth cottage, Old Baneshwor Kathamandu, 30 May 2022

**अन्तरक्रियात्मक कार्यक्रमको उद्देश्यहरु :**

१. नेपालमा कृषि योग्य भूमिको उपयोग

२. खण्डीकरणको कारण नेपाली कृषि क्षेत्रमा पारेको प्रभाव :

३. कृषि क्षेत्रको विकास गर्न यान्त्रीकरण उपयोग

४. नेपालको कृषि क्षेत्रमा देखा परेको समस्या र समाधानको उपायहरु

५. नेपाली किसानहरुले कृषि क्षेत्रमा भोग्नु परेको समस्याहरु :

अन्तरक्रियात्मक कार्यक्रमबाट प्राप्त उपलब्धीहरु :

१. आयोजित कार्यक्रममा सहभागीहरुले कार्यक्रमको महत्वको बारेमा थाहा भएको छ ।

२. सहभागी किसान नेता र कृषकहरु बीचमा वर्तमान अवस्थामा सरकारले गरिरहेको काम कारवाहीका बारेमा जानकारी भएको छ ।

३. भू(उपयोग र सुकुम्वासी समस्या समाधानको विषयमा सरकारी स्तरबाट नै पहल गर्नु पर्ने कुरा उठेको छ ।

४. सरकारले ल्याउने लागेको भूमि बैंक नीति नकारात्मक पक्षहरुको जानकारी भएको छ ।

५. भूमिलाई व्यक्तिगत सम्पत्तीको रुपमा नभई राष्ट्रियकरण गर्नु पर्ने कुरा उठेको छ ।

६. कार्यक्रमको विषय वस्तु कृषि मन्त्रालयका प्रतिनिधि बीचमा उठेको छ ।

७. उठेका विषयलाई सबै सहभागीहरुले कार्यन्वयन गर्नु पर्नेमा जोड दिएको छ ।

**निष्कर्ष :**

नेपाल कृषि प्रधान देश हो । प्राकृतिक स्रोत साधानको प्रचुर मात्रामा सम्भावना रहेको छ। कृषि गर्ने एकमात्र साधन जमीनको उपयोगमा ध्यान दिनु पर्ने सहभागी तथा नेतृत्व वर्गमा उठेको छ । नेपालको समग्र कृषि विकास गर्न वर्तमान अवस्थामा रहेको भूमिको प्रयोगले गर्न नसक्ने निष्कर्ष कार्यक्रममा उठेको छ। कानूनी रुपमा भू(उपयोग नियमावाली पारित भएको छ। कार्यन्वयनमा नगएसम्म भूमिमा देखिएको अत्यधिक खण्डीकरण रोक्न सकिने अवस्था छैन । कृषि योग्य भूमि मासिदै गएकोमा सबैको चिन्ता र चासोको विषय बनेको छ। यही अवस्था रही रहे नेपालको कृषि उत्पादन बढ्नुको साटो घट्दै जाने र देशमा खाद्य संकट निम्तिन सक्ने प्रति सचेत हुनुपर्ने विषय उठेको छ ।

क्रमश समस्यको समाधान गर्दै जानु पर्ने सुझाव आएको छ ।

*धनबहादुर मगर/सरस्वती मानन्धर*


कृषि उत्पादनमा वृद्धि र सहजता,
कृषि यान्त्रीकरणको प्रवर्द्धन र उपयोगिता देश आत्मनिर्भरताको मूल आधार, कृषि विकासमा नविनम् सुधार

कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र
( CAIDMP)

# बढी विश्वास गर्दा हडपे अवाले परिवारको जमीन

गणेश अवाले सोझा, मिलनसार, कसैलाई हानी नपुऱ्याउने सकारात्मक सौँच राख्ने व्यक्ति हुन् । सोझा मानिसहरु कसरी परिवन्दमा पारिन्छन् र परिन्छ भन्ने कुरा यो कुनै गाउँघरको कथा होइन्, कमजोर आर्थिक अवस्था, सोझोपनको फाइदा कसरी अरुले लिन सफल हुन्छन् भन्ने कुरा शहरको हो, कुनै दूरदराजका जनताको होइन यो त मीन भवन बानेश्वर राजधानीवासी राजधानीको मुटुमै बसोवास गर्ने अवाले परिवारका हुन् ।

गणेश अवालेको परिवार पुस्तौं देखिनै वडा नम्बर ३२ मिन भवन बानेश्वरमा बस्दै आएका छन् । उनको परिवारमा श्रीमती चिरी महर्जन अवाले, जेठा छोरा प्रकाश अवाले, कान्छो छोरो रविन्द्र अवाले रहेका छन् । उनीहरुको बसोवास मीन भवन क्याम्पसको पूर्वपट्टी नजिकै पर्दछन् । गणेश अवाले मीन भवन क्याम्पस, तत्कालीन कृषि क्याम्पस, हाल कमर्श क्याम्पसका कार्यालय सहाहक कर्मचारी हुन् । लामो समय सरकारी सेवा गरेवापत दीर्घ सेवा पदक प्राप्त गरेका व्यक्ति पनि हुन् । तिनै अवालेको घरमा डेरागरि बस्नेहरु नारायण बहादुर कार्की, नेपाल कमर्श क्याम्पसका पहिलो विद्यार्थी रविन्द्र उप्रेती हुन् ।

**कसरी हडपे अवालेको जमीन :**

२०५६ सालको कुरा हो । गणेश अवालेको मामा बीरमान महर्जन कुनै व्यक्तिको जमीनमा मोहीको रुपमा जमीन कमाई रहेका थिए । आफू मोही भएको उक्त जग्गा उनको तल्सिङ्गले १० लाख रुपैयाँ भए पास गरिदिन्छु भन्ने प्रस्ताव गरे । गणेश अवालेले आफ्नो मामाको कुरा सुनेर उक्त जमीन मामाको नाममा ल्याउन आफू कर्मचारी भएको नाताले सबैसँग ऋणपान गरी जमीन खरीद गर्न सहयोग गरे ।

तल्सिङबाट लालपुर्जा आफ्नो मामाको नाममा आएपछि अवालेको मामाले तिनै लालपुर्जा बैंकमा धितो राखी व्यक्तिगत रुपमा लिएको सापटी फिर्ता गर्नु भनेर लालपुर्जा भान्जा गणेश अवालेलाई दिए ।

गणेश अवालेलाई घर-जग्गा सम्बन्धी धितो राखी ऋण लिने सम्वन्धमा जानकार नभएकाले उक्त कुरा आफ्नो घरमा डेरा गरिबस्ने नारायण बहादुर कार्कीलाई सुनाए ।

कार्कीले गणेश अवालेको कुरा प्रति आफूलाई विश्वास्त पार्दै बैंकिङ्ग कारोवारको विषयमा


***कसरी हडपे अवालेको जमीन :***

*२०५६ सालको कुरा हो । गणेश अवालेको मामा बीरमान महर्जन कुनै व्यक्तिको जमीनमा मोहीको रुपमा जमीन कमाई रहेका थिए । आफू मोही भएको उक्त जग्गा उनको तल्सिङ्गले १० लाख रुपैयाँ भए पास गरिदिन्छु भन्ने प्रस्ताव गरे । गणेश अवालेले आफ्नो मामाको कुरा सुनेर उक्त जमीन मामाको नाममा ल्याउन आफू कर्मचारी भएको नाताले सबैसँग ऋणपान गरी जमीन खरीद गर्न सहयोग गरे ।*

*तल्सिङबाट लालपुर्जा आफ्नो मामाको नाममा आएपछि अवालेको मामाले तिनै लालपुर्जा बैंकमा धितो राखी व्यक्तिगत रुपमा लिएको सापटी फिर्ता गर्नु भनेर लालपुर्जा भान्जा गणेश अवालेलाई दिए ।*


नेपाल बैंक मार्फत कारोवार गर्न सकिने कुरा बताए ।

नारायण बहादुर कार्कीको कुरालाई विश्वास मान्दै मामाको जमीन नेपाल बैंकमा धितो राख्ने समझदारी भयो । तर, मामाको जग्गा गाउँमा भएकोले त्यसको मूल्याङ्कन कम हुने र रकम नपुग्ने भनि अवालेकै जमीन पनि बैंकमा राख्न कार्कीले सुझाए ।

त्यसपछि उनीहरु बैंकमा धितो राखेर ऋण



लिई सापती लिएको पैसा फिर्ता गर्ने निर्णयमा पुगे ।

१० वर्ष पछि १० लाख रुपैयाँ लिन भनि गरिएको धितो बन्धकी फुकुवा गर्न जाँदा सावाव्याज गरि ७०(८० लाख ऋण लिएको थाहा पाए । अवाले आफूँ छाँगाबाट खसेको महशुस गरे, अचम्ममा परे अवाले ।

आफूले लिँदै नलिएको ७०-८० लाख ऋण तिर्नु पर्दा अचम्ममा परे, हल्लाखल्ला भयो । त्यसपछि भने अवाले परिवारलाई नारायणबहादुर कार्कीले विश्वास घात गरेको थाहा भयो । उनका विरुद्धमा विभिन्न गतिविधिहरु हुन थाल्यो । त्यसपछि कार्कीले अवालेको परिवार र मामाको ऋण पनि म आफै तिर्छु भनि कबुल गरे । अवालेको जमीनको ऋण तिर्छु भनि २ करोड २५ लाख रुपैयाँमा मूल्याङ्कन गरि एकजना राणा थरका व्यक्तिलाई राजीनामा पास गराए ।

त्यसपछि माथवर सिंह नामगरेका व्यक्ति र अर्का एकजना महिलालाई ८ आनाका दरले १ रोपनी जग्गा वकस पत्र दिई पास गराई लगे । किन लगे त भन्दा केही समय पछि तपाईलाई नै फिर्ता गरिदिने भनेर लगे ।

बाँकी रहेको साँढे ३ रोपनी ८ आना ३ पैसा १ दाम जमीनमा आवासीय कम्प्लेक्स बनाउन भनि फकाए ।

२०६१ साल चैत्र १८ गतेको कुरा हो । कार्की अवालेको घरमा डेरा लिएर बस्थे । त्यही क्याम्पसमा पढ्ने विद्यार्थी रविन्द्र उप्रेती र नारायण बहादुर कार्की साथीसाथी थिए ।

फेरि फँस्न पुगे आवासीय भवन अपार्टमेन्टमा उनीहरु बीचको घनिष्टता र विश्वासको सम्बन्धले अवाले परिवारसँग आवासीय भवन बनाउन करार सम्झौता (एपार्टमेन्ट हाउस) बनाउन सहमतीमा पुगेको देखिन्छ । उनीहरुको

बीचमा आवासीय भवन (एपार्टमेन्ट हाउस) बनाईए पछि पनि सोही जग्गामा १ रोपनी जमीन गणेश अवालेलाई नै दिने भन्ने सहमती हुन्छ ।

अवालेका अनुसार सम्झौता हुने बेलामा करार साक्षीको रुपमा मनोजकुमार मिश्र बसेको छ । कार्कीले अवाले परिवारलाई भवन बनाउन नक्सा बनाई विस्वास दिलाईको र छिट्टै कार्यन्वयन गर्ने सहमती नजिक पुगेको देखिन्छ । उक्त करारनामा सम्झौतामा, सम्झौता अनुसार लगानीकर्ताले ६० प्रतिशत र जग्गा धनीले ३० प्रतिशत भैपरि आउन कामको लागि १० प्रतिशत खर्च गर्ने शर्तमा करार



गरिएको हुन्छ ।

करार सम्झौता २०६१ साल चैत्र १८ गतेको हो । करार सम्झौता पस्चात पुतली सडकस्थित कुमारी बैंकबाट दृष्टि बन्धकी दिनुपर्छ, हामी पैसा झिक्छौ भनिन्छ । यही करार सम्झौता गरिएको जमीनको लालपुर्जा २०६२ सालमा नारायण बहादुर कार्कीले प्रवीर सम्शेर जवरा (पम्पी राणा)ले गणेश अवालेलाई फिर्ता गर्नु पर्नेमा अहिल्य र माधवर सिंहको नाम राजिनामा गराई लान्छन् । पास गरि लगेर दृष्टि वन्धकी राख्नु पर्ने ठाउँमा झुक्याई बैंकबाट ऋृण लिएको खुल्न आउँछ । यस घटनाले के पुष्टि हुन्छ भने त्यसरी झुक्याई राजीनामा लिएको कागजातमा उनीहरुले ९० लाख रुपैयाँ गणेश अवालेलाई दिनुपर्ने भनेर लेखिएको थियो भन्ने छ ।

त्यसपछि भने गणेश अवालेले आफ्नै नामको जमीन अरुको विश्वास गरेर जग्गा राजीनामा दिँदा आफ्नो जमीन अरुको हातमा पुगेको राम्ररी थाह हुन्छ । त्यही जमीनको प्रकरणमा २०६९ सालमा राजेशराज घिमिरे तथा रामेश्वर थापा संस्थापक रहेको प्रमा डेभलपर्स प्रा.लि. रामकृष्ण हुमागाईको आरके एच डेभलपर्सलाई प्रथम पक्ष गणेशलाल अवालेको तर्फबाट २०७१ कार्तिक ३ गते दुषित लिखत दर्ता वदर, चिरी महर्जन अवाले र रविन्द्र अवाले वादी रहेको सोही मिति मै दर्ता भएको जालसाजी, प्रकाश अवाले वादी रहेको प्रतिवादीहरु अहिल्य गणेश, माथवर सिंह, प्रवीर सम्शेर राणा, २०७१ पुस ३० गते दर्ता भएको, वादी चिरी महर्जन अवाले, गणेश अवाले, प्रकाश अवाले, प्रतिवादीहरु रामकृष्ण हुमागाई, देवेन्द्र प्रसाद पोखरेल रहेको मुद्दा दर्ता मिति २०७२ माघ १८ गते जोरजुलुम करकाप, वादी गणेश अवाले, प्रतिवादीहरु नारायण बहादुर कार्की, प्रवीर शम्शेर प्रवीर राणा, मनोजकुमार मिश्र, सन्तोष खनाल, अरुणलाल श्रेष्ठ, चन्द्रकुमार कार्की, रामेश्वर थापा, सुरेजराज घिमिरे, नन्दकिशोर बस्नेत, प्रमा डेभलपर्स प्रा.लि, कुमारी बैंक लि, आरके एच डेभलपर्स, रामकृष्ण हुमागाई, आइडी बैंकलाई २०७१ साल चैत्र ११ गते कीर्ते जालसाजी मुद्दा दायर गरिएको देखिन्छ । त्यसैगरी वादी रविन्द्र अवाले प्रतिवादी अधिवक्ता दयाराम हुमागाई किर्ते जालसाजी मुद्दा मिति २०७१ चैत्र २९ गते दर्ता गरिएको देखिन्छ ।

अर्को प्रकरणमा भने राजेश घिमिरे र रामेश्वर थापाको नाममा रहेको प्रमा डिभलपर्स प्रा.लिको नाममा १२ फुटे बाटो दिनु भनि अवाले परिवारबाट सहीछाप गर्न मञ्जुर गराइएको छ ।

नक्कली कम्पनी खडा गरि बैंककै मिलोमतोमा स्वर्गीय नुरप्रताप राणाको संस्थापन रहेको कुमारी बैंकबाट ३ करोड ७२ लाख ३७ हजार ऋृण लिएको दावी गरेको छ । कुमारी बैंकले करार अनुसार किन आवासीय भवन बनेन भनेर ताकेता गरेको र अवाले परिवारलाई ठूलो रकम लिनु पर्ने भएकोले अलि ढिलो हुन्छ भनेर अलमल्याउँदै राखेको देखिन्छ । यो प्रकरणमा एमालेका तत्कालीन विद्यार्थी नेता रुपनारायण श्रेष्ठ समेत साक्षी बसेको देखिन्छ । उक्त जग्गा कुमारी बैंकबाट लिलामा गएको देखिन्छ ।

लिलाममा तिनै व्यक्तिहरुकै मिलोमतोमा ७ करोडमा लिलाम स्वीकार गरिएको भन्ने आरोप अवाले परिवारको दावी रहेको छ । अलि ढिलो भयो भन्दै अझ विश्वास दिलाउँदै २०६९ मा बाटो दिनु पर्छ भनि पुन बाटोको लागि सम्झौता गरे । त्यस घटनाले अवालेलाई आफैसँग जग्गा रहेको आभास हुनेगरि कागज गर्न लगाएर आँखामा छारो हाल्न सफल भयो ।

जमीनको कागजजात कम्पनीबाट कम्पनीमार्फत विभिन्न बैंकहरुमा सार्दै लगेको दावी गरिएको छ ।

अवाले परिवारको तर्फबाट आफूलाई फँसाएको भनि नारायणबहादुर कार्कीको घर घेरे पछि । नारायण बहादुर कार्कीले १ वर्ष भित्रमा तपाई र म बीचको करार सम्झौता अनुसारको काम गर्छु भनि प्रतिवद्धता गरि कागज गरि दिन्छन् र त्यस अवधिमा पनि उनले काम गर्दैनन् । पुनः अवाले परिवारबाटै काम गर्न दबाव दिन्छन् ।

कार्कीले मैले काम गर्न खोजेको तर विभिन्न कारणले कामगर्न सकेनौं । तपाईको जमीन फिर्ता गर्न के सहयोग गर्नु पर्छ ? भनि प्रतिप्रश्न गर्न पुग्छन् । र यो मैले राखेको जेजति सम्पत्ती अरुले नै झिकेर खाए ज(जसले ऋृण खाए उनीहरुले नै तिरुन् । अवालेको जमीन करार अनुसार व्यापारिक भवन बनाउन नसक्दा तपाईको जग्गा फिर्ता होस् भनि काठमाडौं जिल्ला अदालतमा कार्कीले फिराद पत्र दर्ता गर्न पुग्छन् ।

जिल्ला अदालतको तारेख गुजारेर भुमिगत भएका छन् भनेर अवाले परिवारबाट आरोप कार्कीलाई लगाएका छन् ।

विना पैसा जग्गा पास गरि लाने प्रवीर सम्शेर (पम्पी)राणासँग एकपैसा पनि लिएको छैन के गरेर मिलाउने हजुर भन्दा राणाले अवालेले पैसा नपाएको कुरा स्वीकारेको बताउँछन् अवालेले पनि । कसले त्यो पैसा लिएर खाए, भन्ने अवालेको प्रश्नमा 'मेरो जग्गा फिर्ता हुनुपर्छ नि हजुर' भन्दा अवालेको जमीन कालु गुरुङसँग पुगेको छ भनेर प्रवीर शम्शेरले जवाफ दिएको बताउँछन् । कालु गुरुङले नै यो कुरा मिलाए राम्रो हुन्थ्यो भन्न पुग्छन् राणा ।

राणा यसो भन्छन् तर कानूनी रुपमा कहिल्यै अदालतमा उपस्थित हुँदैनन् । अवाल भन्छन् मलाई यतिको अन्याय हुँदा पनि उनका कानून व्यवसायी उनकै पक्षमा काम गरिरहेका छन् ।अवालेको जमीन विगत ५ वर्ष देखि रोडसो नामक कम्पनी सञ्चालक कालु गुरुङको नाममा रहेको र उनले ५ वर्ष अगाडिनै नेपाल बंगलादेश बैंकबाट लगभग साँढे १३ करोड बैंककै मिलोमतोमा मुद्दा विचारधीन रहेकै बेला जग्गामाथि लगानी गरिएको देखिन्छ । तिनै विषयमा आफूलाई झुक्याई विना पैसा जग्गा पास गराइएको र लिखतमा ९० लाख रुपैयाँ पनि नदिई उल्टै आफ्नो जग्गा समेत कब्जामा

लिएर आफूलाई अन्याय गरेको भन्ने गणेश अवालेको दावी रहेको छ ।

आवासीय भवन बनाउँन पैसा चाहिन्छ । राजा साहेवहरुको बैंकमा पैसा छ भनेर गणेश अवाले परिवारबाट विना पैसा जमीन पास गराई बैंकबाट पैसा निकालिएको दावी छ । अवालेका विपक्षीहरुले बैंकनै राजाहरुको भएको हुँदा हामीलाई काम गर्न सजिलो छ भनेर प्रवीर शम्शेर (पम्पी) राणाको नाममा जमीन पास गराइयो । आवासीय भवन बनाउने करार सम्झौतामा पनि मनोज मिश्र नै साक्षीको रुपमा रहेको कागज देखाउँदै म न्यायमा परे हजुर भनेर चिन्ता व्यक्त गर्छन् अवाले ।

बैंकबाट ऋण लिन प्रमा डेभलपर्स प्रा.लि.नामक नक्कली कम्पनी खडागरी कुमारी बैंक पुतली सडक शाखाबाट ३ करोड ७२ लाख ३७ हजार ऋण लिएको थाहा भएको छ ।

**आफ्नो जमीनमाथि भू-माफियाको कारण आवासीय भवन बन्न सकेन :** कुमारी बैंकबाट ३ करोड ७२ लाख ३७ हजार ऋण मध्ये ९० लाख मात्र गणेश अवालेलाई दिने भनेर लिखित गरिएकोमा त्यो पनि दिदैनन् । यस कार्यमा नारायण बहादुर कार्की, प्रवीर शम्शेर (पम्पी) राणा, मनोज मिश्र, रामेश्वर थापा, नन्दकिशोर बस्नेत रामकृष्ण हुमागाई लगायत दर्जनौं व्यक्तिहरु सहभागी रहेको अवाले परिवारको दावी छ ।

गणेश अवालेको जग्गा प्रकरणमा प्रत्यक्ष अप्रत्यक्ष अवालेको ३ वटा घर मध्ये २ वटा घरको मुद्दा विचारधीन रहेकै अवस्थामा ३ वर्ष अघि भत्काई सकिएको छ ।

यस प्रकरणमा प्रवीर शम्शेर (पम्पी) राणाको नाममा रहेको जग्गाको किर्ते जालसाजी राजीनामा गरी विगत ५ वर्षदेखि कालु गुरुङको रोडसो नामक कम्पनीबाट कम्पनीमा कागजी बिक्री गर्दै बैंकमा समेत काजपत्र मिलाई हाल उक्त जग्गा नेपाल बंगलादेश बैंक विजुली बजार शाखामा पुगेको थाहा हुन आएको दावी गरेको छ ।

गणेश अवाले परिवारिक सुत्रका अनुसार डेढ वर्षअघि काठमाडौं जिल्ला अदालतबाट जिल्ला न्यायाधीश रामप्रसाद शर्माबाट पीडितलाई प्रहरी लगाई थुनेको, कुनै सुनवाई नै हुन नदिई, कुनै निवेदन र कुनै फाइलनै नहेरी हदम्याद गएको भनी फैसला गरिदिएको देखिन्छ ।

त्यसरी घटनाक्रमको विकास भएपछि अवाले परिवारहरु न्याय पाउँभनि ७ दिन काठमाडौं जिल्ला अदालत अगाडि आमरण अनसन बसेको र त्यसमा पनि प्रशासनकै निर्देशनमा प्रहरी लगाई जबर्जस्ती अनसन तोड्न लगाएको दावी छ ।

आफू अन्यायमा परेकोमा न्यायको लागि हार गुहार गर्दै जिल्ला बारमा कुराहरु राख्दा उच्च अदालत जानुहोस् त्यहाँबाट न्याय मिल्छ भन्ने सुझाव पाएपछि सोही अनुरुप विगत २ वर्षदेखि उच्च अदालत पाटनमा मुद्दा पुनरावेदनको रुपमा विचाराधीन रहेको बताउँछ । त्यस प्रकरणमा जोडिएका १६ थान मुद्दाहरु मध्ये जाली कीर्ते मुद्दा समेतका ५ वटा मुद्दा बाहेक सबै प्रकारको मुद्दाहरु पीडकहरुको पक्षमा फैसला गरिसकेको थाहा भएको छ । र अहिले हालै जेठ महिनाको पेशीमा (एकैलगाव)का मुद्दाहरु एकै ठाउँमा ल्याउने र विस्तृत रुपमा अध्ययन गर्ने आदेश गरिएको छ ।

अवाले परिवारहरुमा करार सम्झौता भएको बेला ४ जना अंशीयार मध्ये २ जनाको सही छाप नभएको र जसमा श्रीमती चिरी महर्जन अवाले र कान्छो छोरो रविन्द्र अवाले कुनै पनि लिखतम्मा सहभागी भएको पाइदैन । श्रीमती चिरी महर्जन अवाले र कान्छो छोरा रविन्द्र अवालेले ५ वर्ष अगाडि अंश मुद्दा जिल्ला अदालतमा दायर गरेपछि कान्छो छारोलाई विपक्षीहरुले २ करोड दिने प्रलोभनमा मुद्दा नलड्न आग्रह गरे अनुसार बुबा आमासँग नै सँगै नबसी अन्यत्र बस्दै आएको छ भने । कान्छा छोरोलाई प्रलोभनमा पारी उनकै नाममा जग्गा पास गरि उनलाई नै प्रयोग गरि आफ्नो घर नगरपालिका लगाई भत्काईयो । अवालेका विपक्षीहरुले तिमीहरुले मुद्दा जित्न नसक्ने भन्दै बरु केही रकम लिएर सहयोग गर्न भनेको बताउँछन् ।

दुईवटा घर भत्काएर पनि गणेशलाल अवाले बसेको घर पनि भत्काउन कोशिस गरेका थिए ।

लामो समयदेखि अवाले परिवारको जग्गा हडप्ने विरुद्ध अन्यायमा पारिएको भनि अवाले परिवारको तर्फबाट उच्च अदालत ललितपुरमा मुद्दा दायर गरिएको छ । उक्त मुद्दा आज पनि विचाराधीन अवस्थामा रहेका छन् ।

उच्च अदालतमा हुन सकेन मुद्दाको पेशी

यस्तो अवस्थामा मुद्दा पेशी उच्च अदातल पाटनमा सम्मानीय त्यायधीश समक्ष सुनुवाई हुँदा गणेश अवालले न्यायधीश समक्ष मैले न्याय पाइनँ भने यही विष सेवन गरि आत्महत्या गर्नु विकल्प मसँग छैन भनेपछि श्रीमती चिरी महर्जन अवालेका अधिकृत वारेस, समाजसेवी राजनीतिज्ञ छविन्द्रराज कँडेलले श्रीमानले यथार्थ वस्तुस्थिति र सत्यतथ्या बुझ्नका लागि कानूनले दिएको विशेष अधिकार प्रयोग गर्दै स्थलगत रुपमै बुझी शुरुका पीडक नारायण बहादुर कार्की जग्गा पास गरि लाने प्रवीर शम्शेर प्रवीर राणा, करार राजनीनामा दुबैतिर साक्षी बस्ने मनोजकुमार मिश्रलाई खुदै झिकाई सोधनीहोस् र गणेश अवाले परिवारलाई न्याय दिलाईयोस् श्रीमान भनि आग्रह गर्नु भएको थियो । र सोही अनुरुप सबै मिसिलहरु झिकाईएको छ र पीडित परिवारले झिनो न्याय पाउने आशा पलाएको छ बताउँछन् कँडेल ।

वादी चिरी महर्जन अवाले पुनरावेदक/प्रतिवादीहरु नारायण बहादुर कार्की, मनोज कुमार मिश्र प्रवीर शम्शेर ( पम्पी) राणालाई झिकाई बुझी न्याय पाउँ भनिएकोमा श्रीमती चिरी महर्जन अवालेको मुद्दामा ३० दिन भित्र झिकाई मेलमिलाप गराउनु भन्ने मिति २०७८ बैशाख १३ गते श्रीमान न्यायाधीसबाट आदेश भयो ।

मेलमिलाका लागि झिकाउँदा विपक्षीका वारेश एकजना कानून व्यवसायी मात्र आएर आफ्नो पक्षहरु नमिल्ने भएकाले उपस्थित गराउन सक्दिनँ भनि जवाफ दिएको सुनियो । मेलमिलापका लागि उनका अनुसार मुद्दा जटिल र माफियाकरण भएको हुँदा मैले मिलाउन सक्दिनँ भनि मुद्दा फिर्ता फठाइयो भन्ने दावी गरेको छ ।

उक्त प्रकरणमा गणेश अवालेको घरमा डेरा गरिबस्ने नारायण बहादुर कार्कीका साथी रविन्द्र उप्रेतीका छोरा सुरेन्द्र उप्रेतीले म चिरी महर्जन अवालेको तर्फबाट मुद्दाको अधिकृत वारेसनामा बसेपछि आवेशमा आई आमरण अनसन तोडाउने क्रममा मलाई उनले भने, यो मुद्दामा किन सहयोग गरेको, म माओवादी केन्द्रको केन्द्रीय सदस्य हुँ म ३० वर्षपछि पनि तलाई छोड्दिन भनेर प्रहरी कार्यालय अनामनगर मलाई धम्क्याए भन्नु हुन्छ कँडेल । यसले के बुझिन्छ भने उप्रेती परिवार पनि यस प्रकरण सहभागी रहेको पुष्टि हुन्छ, भन्नु हुन्छ कँडेल ।

अवाले परिवारको यथार्थता पृष्ठभूमि बुझेर सत्यतथ्य र न्यायको खोजी गरि उनीहरुलाई न्याय दिनु पर्ने देखिन्छ ।

गणेश अवाले भन्नु हुन्छ उच्च अदालतबाट मुद्दाको अवलोकन हुने छ । मैले न्याय पाउने छ ।

# राष्ट्रिय दूध विकास बोर्डले ३१ औं स्थापना दिवसको सन्दर्भमा सार्वजनिक गरेको मुख्यमुख्य कार्यक्रमहरु :

काठमाडौं बैशाख १७ गते बोर्डको संस्थागत विकास (२०४८(२०७९)

संस्थापक कार्यकारी निर्देशक डा. दुर्गादत जोशी

४ जना अस्थायी कर्मचारी (प्रशासन १, स्टोर किपर १, सवारी चालक र कार्यालय सहयोगी)

बोर्डको कार्यालय कृषि मन्त्रालयको एउटा कोठा

(२०४८ केही महीनाको लागि) ।

२०४८(२०५० बोर्डको कार्यालय त्रिपुरेश्वरको भेटेरीनरी कम्प्लेक्स ।

२०५१(२०५३ मिनभवन ।

२०५३(२०५४ बोर्डको आफ्नै अफिस, हरिहरभवन, पुल्चोक

स्वीकृत दरवन्दी ३५, हाल २६ स्थायी कर्मचारी, ४ शाखा

**बोर्डको उद्देश्य :**

राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ का उद्देश्यहरु :

(क) राष्ट्रिय स्तरमा दुग्ध व्यवसाय सम्वन्धी नीति निर्माण र तत्सम्वन्धी विकास योजना तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याउने ।

(ख) दूग्ध उद्योगको विकास गर्ने, गराउने ।

(ग) दुग्ध विकासको लागि पशु विकास र पशु स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउने ।

(३) देशभित्रका सम्पूर्ण निजी र सरकारी क्षेत्रका दुग्धव्यवसायीहरु वीच सामञ्जस्य स्थापना गर्ने, गराउने ।

(ङ) दुग्ध विकास सम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने, गराउने ।

(च) पशुचरनको प्रवन्ध गर्ने, गराउने ।

**डेनिडा सपोर्ट आयोजना :**

आयोजना लागु : सम्वत् १९९५ देखी २००१ (५ वर्ष)

सहयोग रकमः १२.९९ मिलियन डेनिस क्रोनर

**सम्पन्न कार्यक्रम :**

-अधिराज्य व्यापी स्वच्छ, सफा दूध उत्पादन, सहकारी शिक्षा ।

- जिल्ला दुग्ध उत्पादक सहकारी संघ एवं दुग्ध उद्योगमा विजनेस प्लान ।

-दूधको गुणस्तर सुधारका लागि नेपालमा पहिलो पटक ७२ वटा चि.भ्याट वितरण ।

-दुग्ध उत्पादक सहकारी संस्थाको व्यवस्थापन एवं आर्थिक सहयोग ।

- ३५ दिने ग्रामिन पशुस्वास्थ्य कार्यकर्ता उत्पादन ।

- बोर्डको भवन निर्माण एवं कर्मचारीको क्षमता विकास आदि ।



Hygienic Milk Handling

रुरुदुग्ध उत्पादक सहकारी संस्थाका कृषकहरु ३३४५६ जना अधिराज्य व्यापी (२०५५/०५८)

-दूधको गुणस्तरमा सुधार, असल पशुपालनमा सुधार, ईलामको दूध विराटनगरमा धुलो दूध बनाउनमा सहयोग, दूधको मूल्य ँबत र SNF को हिसाव गर्न सक्ने ।

कार्यान्वयन वि.स. (२०७०)

बजारको माग भन्दा बढि पाकेट दूध उत्पादनमा नियन्त्रण, पुन : दूध प्रशोधन गर्न नपर्ने, आर्थिक लाभ,

पाउच तथा जनशक्तिमा खर्च न्यनीकरण आदि, दूधमा सक्रमण Coliform को अध्ययन, २०७०

नेपाल गुणस्तर (प्रशोधित दूध), कूल जीवाणु संख्या प्रति मि.ली.दूधमा ५० हजार भन्दा नबढेको, कोलिफर्म प्रति मि.ली.दूधमा शुन्य हुनु पर्ने ।

**बोर्डको पहल :**

दुग्ध उद्योगको आचार संहितालाई आधार मानी कोलिफर्मको श्रोत एवं संक्रमण हुने आधारहरुको अध्ययन ।

सिफारिस :

सिफारीसको आधारमा दुग्ध मूल्य श्रृँखलाका पात्रहरुले दूधमा कोलिफर्म नियन्त्रण गर्न सफल ।

**मिल्क होलिडे प्रारम्भ :**

वि.स. २०४९ कार्तिक (सन् १९९२) बाट

**बोर्डको पहल :**

-वि.स. २०५५ देखी ईलामबाट दूध भारतको पश्चिम बंगाल स्थित सिलगुडीमा पठाउने व्यवस्था ।

- वि.दु.आ.मा सन् १९९५ मा धुलो दूधकारखाना स्थापना गर्ने पहल ।

- दुग्ध मिठाई एवं छुर्पी उत्पादन गर्ने तालिम प्रदान ।

- साना तथा घरेलु डेरीहरुको क्षमता विकासमा अनुदान सहयोग ।

- फ्लस सिजनको अधिक दूध खरीद गरी धुलो दूध कन्भर्जन गर्न बोर्डको अनुरोध ।

-राष्ट्रिय दुग्ध विकास नीति, २०७८

**-दूर दृष्टि :**

-वि.स.२१०० सम्ममा (२० वर्ष) दुग्ध क्षेत्रको मूल्य श्रृँखलामा आधारित नाफामुलक, व्यवसायिक र प्रतिष्पर्धी बनाउने राष्ट्रिय दुग्ध विकास नीति, २०७८ को दूर दृष्टि ।

**लक्ष्य :**

-प्रति व्यक्ति उपभोग्य २० वर्षसम्म दोव्वर पार्ने ।
-दुग्ध व्यवसायलाई नाफामुलक र दीगो पेशाको रुपमा विकास गर्ने ।
रुरुव्यवसायिकरण, औधोगिकीकरण तथा मूल्य श्रृँखलाको विकास गरी रोजगारी
सृजना गर्ने ।
-अनौपचारिक क्षेत्रका दूधलाई औपचारिक क्षेत्रमा क्रमिक वृद्धि गर्दै जाने ।
दुग्ध विकास कोष, घुम्ती कोषको परिचालन २०५६ देखी शुरुआत, लाभान्वित (कृषक, उद्योगी) १४० वटा, ऋण भुक्तानी : ८४ वटा, ऋण भुक्तानी बाँकी : ५६ वटा, हालसम्मको लगानी रु.७ करोड ३९ लाख २८ हजार, डुमरवाना दु उ स.स.लि. वारा, स्कूल मिल्क कार्यक्रम, दुग्ध ढुवानी सवारी साधनमा प्रतिक चिन्ह (लोगो) लोकार्पण,
वि.स. २०७७ चैत्र १२ गते तत्कालिन सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूवाट लोगोको हस्तान्तरण ।
दुग्ध विकास संस्थान (३३), निजी दुग्ध उद्योग, (१८) र दुग्ध उत्पादक सहकारी संस्थाले (१८) गरी जम्मा ६९ वटा दूध तथा दुग्ध पदार्थको ढुवानी सवारी साधनका लोगोको प्रयोग ।

**विश्व दूध दिवस :**

प्रत्येक वर्षको जुन १ मा पर्ने विश्व दूध दिवस नेपालले ईश्वी सम्वत् २०११ बाट पहिलो पटक केन्द्रीय दुग्ध सहकारी संघले विश्व दूध दिवस मनाउने शुरुआत । तत्पश्चात् बोर्डको अगुवाइमा सरोकारवालारुसंग मिली इ.स. २०१२ देखी निरन्तर मनाउदै ।
दूधको मूल्य वृद्धिमा बोर्डको सिफारिस :
दूधको उत्पादन लागतको आधारमा वि.स, ( २०६४, २०६७, २०६९, २०७०, २०७१, २०७४, २०७६ र २०७८) कृषकले पाउने न्युनतम समर्थन मूल्य लागु गर्न बोर्डले नेपाल सरकारलाई पटक पटक सिफारीस गर्दै आएको, २०७८ साल माघ २७ गते मन्त्रीपरिषदको निर्णय बमोजिम किसानले पाउने न्युनतम समर्थन मूल्य रु. ६.५२ प्रति लिटर दूधको मूल्यमा वृद्धि गरेको छ। प्रति फ्याट रु. ६.८१ र एस.एन.एफ. रु.३.६० का दरले कच्चा दूधको ४ फ्याट र ८ एस.एन.एफ.को यस अनुसार रु.५६.०४ पाउने भएको छ ।

**अध्ययन अनुसन्धान :**

Milk marketing strategy study, TDDP (2017-202027), Database Dairy Value Chain (2021), Situation Analysis of Nepalese Marketing Intelligence (2021), Conversion Cost to Skimmed Milk Powder (2021), Yak and Chauri Farming in Nepal (2020), इत्यादि
उपयोग :
दुग्ध क्षेत्रको विकासका लागि योजना तर्जुमा गर्न, कलेज, प्राज्ञलाई उपयुक्त हुने, लोकसेवा आयोग जस्ता विभिन्न क्षेत्रमा सहयोग पुग्ने छ ।
दुग्धको उपभोगको लागि सूचनामूलक सन्देश प्रसारण, सगरमाथा, ईमेज, एभिन्यूज र कृषि टेलिभिजनबाट प्रसारण हुने समाचार प्रसारण, दूध तथा दुग्ध पदार्थ उपभोग सम्बन्धी जिंगल प्रसारण,
प्रदेश बोर्ड तथा सम्वद्ध निकायहरु बीच अन्तरक्रिया गोष्ठी, रा.दु.बि. बोर्ड र प्रादेशिक दु.विकास बोर्डको समन्वय र सहकार्यको लागि नीतिगत व्यवस्था हुनु पर्ने, दुग्धजन्य मूल्य श्रृँखला विकास तथा तथ्याँक संकलनमा सहकार्य गर्ने, दुग्ध विकास सम्वन्धी कुनै पनि कार्य गर्दा एक आपसमा समन्वय गर्ने,
सरोकारवाला निकाय बीच छलफल
तत्काल दूध तथा दुग्ध जन्य पदार्थ लगायतका कुनै पनि पदार्थ आयात नगर्ने, अनौपचारिक क्षेत्रको दूधलाई औपचारिक क्षेत्रमा ल्याउन पहल गर्नु पर्ने, नयाँ ठाउँबाट समेत थप दूध संकलन गर्न सरकारी तथा निजी दुग्ध प्रशोधन उद्योगहरुले पहल गर्ने, नो रिटर्न अनुगमनलाई निरन्तरता दिने, ऋयए लागु गर्न प्रेरित गर्ने, दूधको गुणस्तर परीक्षण कार्य अगाडि बढाउने, अध्ययन समितिको प्रतिवेदन बमोजिम दूधको मूल्य वृद्धि हुनु पर्ने ।
प्रशोधित दूधको गुणस्तर परिक्षण :
-Physical test - Weight (515 gm)
-Chemical Test -Fat (3%), SNF (8%)
-Microbiology test - coli-form
-Observation
-Physical/chemical Test : 1027 (up to 3rd TM, 2078)
-Microbiological test: 76 sample (up to 3rd TM, 2078)
-Result
-Weight: 31% substandard
-Fat: 59.89 % Substandard
-SNF: 62.78 % substandard
-Microbiological: 2.63 % (2 sample +ve)
रुरुनश्ल सुधारमा बोर्डको प्रयास
रुरुपहिलोपटक क्भहभम क्ष्भल आयातः वि.स. २०७० सालमा ६०० डोज, अमेरीका ।
रुरुदोस्रो पटक Sexed Semen आयात वि.स. २०७२ सालमा ८००० डोज, डेनमार्क ।


## हार्दिक अपिल ! हार्दिक अपिल !!

रेल मार्ग विकास गर्दै देशको आर्थिक सामाजिक उत्थानमा टेवा पुऱ्याउने उद्देश्यका साथ मुख्यतः पूर्वपश्चिम रेलमार्ग छिमेकी राष्ट्र भारत र चीनसँग अन्तदेशीय रेलमार्गहरुको निर्माण कार्य रेल विभागबाट हुँदै आइरहेको छ । रेलमार्ग निमार्णलाई छिटो सम्पन्न गरी जनतालाई सुर्वसुलभ यातायात सेवा प्रदान गर्ने कार्यमा सहयोग गर्न रेल मार्गमा घर टहरा हटाईदिने, मुआवजा रकम समयमै बुझिदिने कार्य गरिदिनुहुन हार्दिक अनुरोध छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
रेल विभाग

# अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)

प्रेस विज्ञप्ति

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) नेपालका उत्पादक किसानहरू, भूमिहीन तथा सुकुम्वासीहरू र कृषि मजदुरहरूको हक, हित र अधिकारका लागि निरन्तर रूपमा संघर्षरत नेतृत्वदायी संगठन भएको कुरा सर्वविदितै छ । देशभरका किसानहरूको मुख्य सहभागितासहित नेपाली जनताले आफ्नो लामो र बलिदानीपूर्ण संघर्षको प्रतिफलस्वरूप संविधान सभाबाट इतिहासमै पहिलो पटक लेखिएको नेपालको संविधान कार्यान्वयनको चरणमा छ । २००७ सालदेखि हालसम्म पटक पटक विभिन्न परिवर्तन हुँदा र दश वर्षे महान् जनयुद्ध तथा दोस्रो ऐतिहासिक जनआन्दोलनको बलमा देश गणतन्त्र, धर्म निरपेक्षता, संघीयता, समानुपातिक र समावेशीकरणको युगमा प्रवेश गर्दा पनि देशको दुईतिहाइ जनसंख्या ओगट्ने किसानहरूको जीवनमा कुनै उल्लेख्य परिवर्तन हुन नसकेको यथार्थ हाम्रो सामु छ ।

आर्थिक वर्ष २०७९/८० का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट तयारी भइरहेको वर्तमान परिप्रेक्ष्यमा हामी नेपाली किसानहरूको तर्फबाट नेपाल सरकारसमक्ष नेपाली कृषिको व्यावसायीकरण, यान्त्रीकरण, औद्योगीकरण र सहकारीकरण, वैज्ञानिक भूमिसुधारको कार्यान्वयन, भूमिहीनताको अन्त्य गरी सुकुम्बासीमुक्त देश बनाउने, उत्पादन र स्वामित्वका आधारमा किसानहरूको वर्गीकरण गरी परिचय(पत्र वितरण, किसान परिचय(पत्रका आधारमा बास्तविक किसानहरूलाई सेवा, सुविधा, अनुदान, कृषि ऋण र विमा लगायतका सुविधा प्रदान गर्ने, किसान पेन्सनको व्यवस्था गर्ने, कृषि अनुदानमा भएको भ्रष्टाचारको अन्त्य गर्ने, समयमा किसानलाई आवश्यक गुणस्तरीय बिउबिजन र मलखाद उपलब्ध गराउने, कृषि वन र जडिबुटी खेतीलाई उच्च प्राथमिकता दिने, सिँचाइको व्यस्था गर्ने, न्यूनतम् समर्थन मूल्य तोक्ने, कृषि बजारको व्यवस्था गर्ने, प्राङ्गारिक खेती र जैविक कृषिलाई प्रवर्द्धन गर्ने, मुलुकलाई खाद्यान्न र बिउबिजनमा आत्मनिर्भर बनाउने, कृषिमा आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन गर्ने लगायतका कार्यक्रमहरू अघिसारेर नेपाली किसानहरूको जीवन र जीविकामा प्रत्यक्ष अनुभूति हुने गरी परिवर्तन ल्याउने गरी नेपाल सरकारको नीति तथा कार्यक्रम बनाउन र बजेट बिनियोजन गर्न जोडदार माग गर्दछौं ।

# वास्तविक भूमिहीनले भूमि पाउने निश्चित गरेको : मन्त्री श्रेष्ठ

वास्तविक भूमिहिनले भूमि पाउनेकुरा शुनिश्चित गर्ने गरि सरकारले काम शुरु गरेको छ : मन्त्री श्रेष्ठ

जेठ १७, २०७९ । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले भूमिहिनको समस्या अन्त्यका लागि परिणाम हुनुपर्नेमा मन्त्री श्रेष्ठले जोड समेत दिनुभयो । मन्त्री श्रेष्ठले भूमिहिनलाई भूमि दिने विषयलाई उच्च प्राथमिकतामा राखेर सरकारले नीति तथा कार्यक्रमा अवको दुई वर्षभित्र भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीका लागि आवश्यक प्रवन्ध मिलाउन वजेट व्यवस्था भए अनुरुप काम गर्न सम्बद्ध सवै पक्ष लाग्नु पर्ने पनि बताउनु भयो ।



उहाले जमिन माथिको स्वामित्व धर्म, संस्कृति, परम्परा, व्यवसाय, समृद्धी, समानतासँग जोडिएको संवेदनशिल विषय हो भन्दै भूमि सम्बन्धी समस्या समाधान गर्दा कुनै आग्रह पुर्वाग्रहबाट प्रेरित नभई निष्ठावान रुपमा राज्यको नीति र विधिभित्र रही तोकिएका वर्गको हित र कल्याण गर्ने गरी भूमि आयोगले काम गर्नु पर्नेमा जोड समेत दिनुभयो ।

निकाल्ने र जनताले महसुश गर्ने गरी काम गर्न राष्ट्रिय भूमि आयोगलाई निर्देशन दिनुभएको छ ।

राष्ट्रिय भूमि आयोगले चितवनमा आयोजना गरेको केन्द्र र प्रदेशस्तरीय वार्षिक समिक्षा गोष्ठिको आज उद्घाटन गर्दै मन्त्री श्रेष्ठले संविधानले शुनिश्चित गरेका जनताका नैसर्गिक अधिकार कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भयो ।

जग्गा भएकै नाताले कोही अर्वपति हुने र जग्गा नभएकै कारण कोही सडकपति हुने लोकतन्त्रको कलंकलाई सधैका लागि नामेट पार्न राष्ट्रिय भूमि आयोगको अवधारणा अघि सारिएको र सोही अनुसार गठन आदेश आएको भन्दै उदेश्य र लक्ष्य अनुसार काम

राष्ट्रिय भूमि आयोग मार्फत ७७ वटै जिल्लाबाट आवश्यक कार्यप्रारम्भ भइसकेको छ । आयोगमार्फत भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थीत बसोवासीको व्यवस्थापन गर्न ४१९ स्थानीय तहसँग सम्झौता भएको । ६८ स्थानीय तहबाट नापनक्साको कार्य प्रारम्भ भएको छ । साथै सिन्धुली, चितवन, मकवानपुरबाट भूमिहिन दलितलाई पूर्जा वितरणको कार्य प्रारम्भ भएको छ ।


## जनहितको लागि समर्पित सूचना

मिर्गौला जस्ता प्राणघातक रोगबाट बच्ननिम्न कुराहरूको पालना गरौं ।

अरुलाई बचाऔं, आफू पनि बाचौं ।

१. धुम्रपान, मध्यपान नगरौं ।

२. फ्रिजमा राखिएको, साँधिएको खानेकुराहरू खाऔं ।

३. शुद्ध, ताजा खानपिनमा ध्यान दिऔं

४. समयमा सुतौं, अनिदो नबसौं ।

कृषि जर्नल मासिक

# Armenia: Solar power from WFP fires up trade for women baker

Armenia: Solar power from WFP fires up trade for women bakers

How World Food Programme support helped one woman establish a bakery that supports a community

28 April 2022, Gohar Sargsyan

A baker in Kogh preparing the bread.

Although it is difficult for women in rural areas in Armenia to start and run their own businesses, a 62-year-old woman in a small village sets an example for many women looking for new horizons, thanks to World Food Programme support in renovating her bakery.

Greta Barseghyan, an owner of a bakery in Tavush region of Armenia, established her business around 15 years ago in a small village named Koghb.

For Greta, baking has always been a passion. Even though she holds a university degree in economics, she enjoys baking more and cannot imagine herself anywhere else. When she worked as an economist, she used to bake and decorate cakes in her free time and sell them to the neighbours. She discovered her path and turned her side hobby into a small business with time.

he solar panels installed on the roof of the bakery, thanks to WFP's support. Photo credit: WFP/Vahan Arakelyan

"When I first started, I opened a very small bakery where we used to bake bread. With time, my business transformed into something else, now we do cakes and pastry as well," says Greta, adding that the bakery has around 20 employees, the majority of whom are women.

As an owner of a small business, Greta faced a lot of difficulties and challenges throughout the years. She remembers that when she first found the bakery, they had major issues in terms of the water supply and the overall conditions of the building.

"We had to bring water in buckets from the nearest military unit as we had a huge water shortage. The building had terrible conditions as well. These were tough times, but together with my team, we overcame all the challenges."




Since people in rural areas are more socially vulnerable and have low income, one of the main challenges for entrepreneurs to run a successful business is to make sufficient sales to keep the business growing and ensure its profitability.

"In our village, people do not have enough purchasing power and due to low sales, we couldn't make savings and renovate our kitchen or purchase new equipment," says Greta.

Greta Barseghyan bakes wholegrain wheat bread and bakery products. Photo: WFP/Vahan Arakelyan

Thanks to WFP's support, now they have a newly renovated area where the bakers are more excited to work. Besides, renovating the bakery and providing solar panels that allow the bakery to make significant savings. WFP supported Greta's bakery to produce wholegrain bread and bakery products and helped to link them to market while providing necessary knowledge and skills through training sessions.

"Before the renovation, the conditions in our bakery were extremely poor. Our floors were just covered with linoleum, the walls were falling apart, and the equipment was very old and barely operating," says Greta.

"There is always something to do, there is always work that you can do. You only need to have a will and dedication to succeed in something. If something goes wrong, you should not focus on the negative rather change your mindset to positive sides and opportunities. It is important to keep pushing forward and never give up," she says

"There is always something to do, there is always work that you can do. You only need to have a will and dedication to succeed in something. If something goes wrong, you should not focus on the negative rather change your mindset to positive sides and opportunities. It is important to keep pushing forward and never give up," says Greta.

# Five ways climate change is intensifying the threats to plant health

The spread of plant diseases and pests is on the rise due to a changing climate

Plants are responsible for 98 percent of the oxygen we breathe and make up 80 percent of our daily calorie intake. Starting this year, 12 May is dedicated as the International Day of Plant Health, an opportunity to to raise awareness of the need for action to keep our plants safe.

12/05/2022

Plants are humans' best friends and main allies in life on earth. Plants are responsible for 98 percent of the oxygen we breathe and make up 80 percent of our daily calorie intake.



However, we often take them for granted, not realizing the importance of keeping them healthy.

Every year up to 40 percent of food crops is lost to plant pests and diseases. These losses in both yields and income have a devastating effect on the poorest communities who base their livelihoods on agriculture.

Plant pests and diseases know no boundaries. In a highly globalized and interconnected world, it is not surprising that these can travel and colonize new areas. Climate change is exacerbating this spread, creating favourable conditions for these pests and the survival of specific plant diseases in new areas. For example, climate change has already had a hand in expanding the host range or distribution of pests such as the red palm weevil, Fall armyworm, fruit fly, desert locust and emerald ash borer. An increase in pests poses a significant threat to the environment because pests, particularly invasive ones, can cause a major loss in biodiversity. Plant diseases are equally devastating, wreaking havoc on harvests and slashing incomes for farmers.

So, what are the some of the most invasive plant diseases and how is climate change contributing to their spread?

Here are just five increasingly dangerous plant diseases threatening plant health:

1) Potato late blight

Late blight is a disease that attacks potatoes and tomatoes and is caused by the fungus Phytophthora infestans. In tomatoes, the disease causes lesions on leaves, petioles and stems, while potato tubers develop a rot up to 15 millimetres deep. The fungus has a great ability to adapt to changing conditions, preferring warm and wet seasons. Climate change is creating favourable conditions for this fungus at different times and places than before. For example, in Egypt, increasingly warm and wet weather is promoting potato late blight epidemics, allowing the pathogen to accumulate earlier in the growing season.

2) Coffee leaf rust

This fungal disease, also known as Hemileia vastatrix, affects the leaves of the coffee plant. It begins to show up as yellow spots and then turns into a yellow-orange powder that easily spreads to other coffee plants. Coffee leaf rust is one of the biggest challenges for global coffee production because the disease is able to adapt to different climates. Global warming seems to help to reduce the incubation period of the pathogen, meaning that more generations of the pathogen can develop in a growing season.

Climate change is exacerbating the spread of plant pests like Fall armyworm (left/top) and diseases like Xylella fastidiosa (right/bottom). Left/top:

3) Banana Fusarium wilt

This is a lethal fungal disease caused by the soil-borne fungus, Fusarium oxysporum TR4. Entering the banana plant through the roots, the fungus blocks the flow of water and nutrients to the plant cells, gradually devastating the leaves. Eventually, this disease leads to the death of the plant. High temperatures as well as extreme environmental events such as cyclones, both common impacts of climate change, can increase the risk of banana Fusarium wilt.

4) Xylella fastidiosa

Xylella fastidiosa is a bacterium

